वर्ष : १३, अंक : ४९, काठमाडौं, २०७४ चैत १६ गते शुक्रबार 30 March 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# जनताको म्यान्डेट एकातिर, मधेशी दल अर्कोतिर

**राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्षको चुनावका क्रममा घनिभूत वार्ता र छलफल हुन्थ्यो । थुनामा रहेका राजपाका सांसद् रेशम चौधरीलाई जुश पनि खुवाइयो । जब सबै चुनाव सम्पन्न भए, वार्ताको शृङ्खला पनि बन्द भयो । रेशम चौधरीलाई शपथ खुवाउने र रिहाई गर्ने चर्चा पनि हरायो ।**

मधेशवाणी डेस्क

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो पटक मन्त्रिपरिषद् विस्तारअघि संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपाललाई पनि सहभागी गराउने चर्चा खुबै चलेको थियो । तर तेस्रो चरणमा पनि दुई मधेशी पार्टी सरकारमा नगए पछि उनीहरू अब के गर्लान् भन्ने बहस सर्वत्र छाएको छ ।

तेस्रो चरणको मन्त्रिपरिषद् विस्तार अघि दिनमा तीन-तीन पटक वार्ता पनि हुन्थ्यो तर अहिले सरकारमा सहभागी हुने वा गराउने चर्चासमेत हुन छाडेको छ ।

यसबाट वामगठबन्धनले राजपा र फोरम नेपाललाई सरकारमा लिन चाहिरहेको छैन जस्तो देखिन्छ । अब प्रश्न उठ्छ कि प्रधानमन्त्रीले फोरम र राजपालाई सरकारमा सहभागी गराउन चासो नलिएको हो कि ती दलहरू आफै अनिच्छुक भएका हुन् ?

यद्यपी दुवै पक्ष वार्ता र संवाद जारी रहेको र सरकारमा जान तयारी अवस्थामा रहेको दाबी गर्छन् । प्रधानमन्त्री केपी शर्मा ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमालका अनुसार राजपा नेपालको बारेमा त भन्न सकिदैन तर फोरम नेपाललाई सरकारमा ल्याउन पहल भइरहेको छ ।

आन्तरिक विवादका कारण फोरम सरकारमा आउन नसकेको सत्ता पक्ष बताउँछन् । अंकगणितका हिसावले वाम गठबन्धनलाई अहिले अन्य दलको आवश्यकता नै छैन । तर पनि उसले प्रधानमन्त्रीको निर्वाचनमा मधेशी दलहरूको विश्वासको मत जितेको छ भने राष्ट्रपतिमा विद्यादेवी भण्डारीलाई जिताउन पनि मधेशी दलको मतको उपयोग गरेको छ ।

प्रधानमन्त्री ओलीले विश्वासको मत लिनु अघि र राष्ट्रपतिमा भण्डारीको निर्वाचन अघि मधेशी दलको सहभागिताका विषयमा सक्रिय भएपनि त्यसपछि उनको निष्क्रियताले शंका उब्जिएको छ ।

सबै दललाई समेटेको छु भनि राष्ट्रिय/अन्तर्राष्ट्रिय जगतलाई देखाउन मात्र राजपा र फोरमलाई सरकारमा ल्याउने कुरा गरेको भन्ने किसिमको प्रधानमन्त्री ओलीको आलोचना पनि भइरहेको छ ।

**वाम गठबन्धनको अनिच्छा**

मधेशी दललाई सरकार लैजान वाम गठबन्धन इच्छुक नदेखिएको केही घटनाक्रम हेर्न सकिन्छ । जस्तो कि राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्षको चुनावका क्रममा घनिभूत वार्ता र छलफल हुन्थ्यो । थुनामा रहेका राजपाका सांसद् रेशम चौधरीलाई जुश पनि खुवाइयो । जब सबै चुनाव सम्पन्न भए, वार्ताको शृङ्खला पनि बन्द भयो । रेशम चौधरीलाई शपथ खुवाउने र रिहाई गर्ने चर्चा पनि हरायो ।

वाम गठबन्धनको पछिल्लो गतिविधि र प्रधानमन्त्रीको निष्क्रियतालाई दुवै मधेशी दलले धोकाको संज्ञा दिएका छन् । उनीहरूले संविधान संशोधनमा सहमति नगरी सरकारलाई समर्थन गर्नु गल्ती भएको निष्कर्षमा पुगेका छन् । आफ्नो समर्थनमा सरकारलाई २ तिहाई पुगे पनि माग सम्बोधनमा भने सरकारले कुनै तत्परता नदेखाएको भन्दै उनीहरू पार्टी निर्णय गल्ती भएको निष्कर्षमा पुगेका हुन् ।

## "संविधान संशोधनबारे प्रधानमन्त्री प्रष्ट नभएसम्म सरकारमा जाँदैनौं"



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले संविधान संशोधनबारे सरकार स्पष्ट नभएसम्म सरकारमा जाने कुरा अगाडि नबढ्ने बताएका छन् ।

बुधबार संसदीय प्रक्रिया विषयक राजपा नेपालका संघीय संसदका सदस्यहरूको अभिमुखिकरण कार्यक्रममा सम्बोधन गर्दै ठाकुरले यस्तो कुरा बताएका हुन् । ठाकुरले सरकारमा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओलीबाट प्रस्ताव आएको तर यसबारे पार्टीमा कुनै किसिमको छलफल अगाडि नबढेको प्रष्ट्याएका छन् ।

'हाम्रो प्रमुख मुद्दाहरू संविधानको संशोधन, हामी पीडितमाथि नै लगाइएका झुठा मुद्दाहरू फिर्ता हुनुपर्छ भनेर हामीले पहिले नै स्पष्ट गरेका हौं ।' ठाकुरले भने, 'त्यसबारे सरकार प्रष्ट नभएसम्म पार्टी सरकारमा जाने कुरा अगाडि बढ्दैन ।'

लामो समयदेखि आफूहरूले उठाउँदै आएको मुद्दा फेरि ओझेलमा पर्ने संकेत देखिएको राजपा महासचिव मनिष कुमार सुमनको तर्क छ । उनी संविधान संशोधनमा लिखित सहमति नगरिकनै सरकारलाई समर्थन गर्नु गल्ती भएको स्वीकार गर्छन् ।

आफ्ना नेता रेशम चौधरीलाई छुटाउने विषयमा सहमति भएर पनि सरकार पछि हटेपछि राजपा चिढिएको छ । उता संघीय समाजवादी फोरम पनि अहिलेसम्म अन्योलकै अवस्थामा छ । फोरम नेता राजेन्द्र श्रेष्ठले भने, 'संविधान संशोधन गर्न सरकारले प्रतिवद्धता जनाए पनि लिखित सहमति हुन नसक्दा आफ्नो पार्टी सरकारमा नगएको हो ।'

यद्यपी राजपा नेपाल र फोरम नेपालका नेताहरू माग पूरा नभएकाले पार्टी सरकारमा नगएको स्पष्टीकरण दिए पनि उनीहरू वाम गठबन्धनलाई भरोसा गर्न छाडेका छैनन् ।

वाम नेताहरू फोरम नेपालसँग तीन बुँदे सम्झौताको खाका तयार भइसकेको दाबी गर्छन् । खाकामा हस्ताक्षर गर्न मात्र बाँकी छ र जुन दिन फोरमले मन्त्रीको नाम दिन्छन् त्यहीं दिन सहमतिपत्रमा हस्ताक्षर गरेर मन्त्रीको सपथग्रहण हुन्छ । फोरम नेपालका महासचिव रामसहाय यादवले एमाले र माओवादी केन्द्रले ठग्ने, झुक्याउने काम मात्र गरेको आरोप लगाउँछन् ।।

अड्किएको राजनीति

२०७२ भदौ ७ गते कैलालीमा हिंसात्मक घटना हुँदा तत्कालीन गृहमन्त्रीको जिम्मेवारीमा एमाले नेता वामदेव गौतम थिए । सो दिन थारूवान-थरूहट संघर्ष समितिको अगुवाइमा भएको प्रदर्शनमा एसएसपी लक्ष्मण न्यौपानेसहितका ७ सुरक्षाकर्मीको हत्या भएको थियो । सो घटनामा २ वर्षे बालकको समेत ज्यान गएको थियो । हाल राजपाबाट निर्वाचित सांसद रेशम चौधरी सो घटनाका मुख्य योजनाकार रहेको भनी अभियोग लागेको छ ।

अहिले आएर तिनै रेशम चौधरीको रिहाइमा ओली सरकार कुटनीतिक बनेको हो वा साँच्चै छोड्न चाहेको हो भनेर राजपा नेताहरू वास्तविक जाँच गर्न खोजिरहेको जस्तो देखिन्छन् । सरकारमा जाने/नजाने विषयमा यो पक्ष पनि निर्णायक फ्याक्टरहरूमध्ये पर्ने देखिएको छ । किनभने पहिला संविधान संशोधनको माग उठाउँदै आएको राजपाले पछिल्लो समय रेशम चौधरीसहितको रिहाइको मागलाई प्राथमिकताका साथ उठाइरहेको छ ।

**मधेशमा व्यापक आलोचना**

यसपटकको निर्वाचनमा संविधान संशोधनलाई मुख्य एजेन्डा बनाउँदै सम्मानजनक मत प्राप्त गरेका राजपा र फोरम सरकारमा जानका लागि सत्तापक्ष गरिरहेको बार्गेनिङ्गप्रति मधेशमा व्यापकरूपमा आलोचना भइरहेको छ । संविधान संशोधन नभएसम्म कुनै पनि हालतमा सरकारमा नजाने भन्ने वाचा गरेका मधेशकेन्द्रित दलका नेताहरू यतिबेला सत्ता बार्गेनिङ्ग गरिरहेको भनी आफ्नै नेता कार्यकर्ताहरूले समेत सामाजिक सञ्जालमार्फत् असन्तुष्टिहरू पोखिरहेका छन् ।

चुनावका बेला मधेश विरोधी एमाले भनेर चर्काचर्का भाषण गर्ने शीर्ष नेताहरू ओलीसँग बार्गेनिङ्ग गर्न पुगेको भन्दै मधेशमा व्यापक रोष देखिएको छ । राजपाकै एक केन्द्रीय सदस्यले राजपा र फोरमलाई मधेशी जनताले दिएको म्यान्डेटको अपमान गरिरहेको आरोप लगाएका छन् । राजपाका केन्द्रीय सदस्य देवेन्द्र मिश्र भन्छन्, 'अहिले

बाँकी पृष्ठ ८ मा



संविधान संशोधन गर्न सरकारले प्रतिवद्धता जनाए पनि लिखित सहमति हुन नसक्दा आफ्नो पार्टी सरकारमा नगएको हो ।

**– राजेन्द्र श्रेष्ठ (सहअध्यक्ष, फोरम)**



अहिले मधेशकेन्द्रित दल राजपा र फोरमलाई सरकारमा जाने म्यान्डेट दिएको छैन । तर, जुन किसिमले एमालेसँग सत्ताका लागि बार्गेनिङ्ग गर्दैछन् यसले गर्दा मधेशी जनतामा निराशा छाएको छ ।

**– देवेन्द्र मिश्र (नेता, राजपा नेपाल)**



संविधान संशोधनमा लिखित सहमति नगरिकनै सरकारलाई समर्थन गर्नु गल्ती भयो ।

**– मनिष सुमन (महासचिव, राजपा नेपाल)**

## बंगलादेशी राजदूतसँग तीन मन्त्रीको भेट



नेपालका लागि बंगलादेशी राजदूत साम्ससँग भेटवार्ता गर्दै परराष्ट्रमन्त्री ज्ञवाली ।

काठमाडौं । नेपालका तीन मन्त्रीहरूले नेपालका लागि बंगलादेशी राजदूत मासफी बिन्ते साम्ससँग छुट्टाछुट्टै भेटवार्ता गरेका छन् । परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, उद्योग वाणिज्य तथा आपूर्तीमन्त्री मातृकाप्रसाद यादव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रविन्द्र अधिकारीले बंगलादेशी राजदूत साम्ससँग भेटवार्ता गरेका हुन् । सबै भेटवार्तामा दुई देशको सम्बन्ध, नेपालको विकासमा बंगलादेशको भूमिका तथा नेपालको पछिल्लो राजनीतिक अवस्थाका विषयमा छलफल भएको नेपालस्थित बंगलादेशी दूतावासले जनाएको छ । भेटका क्रममा मन्त्रीहरूले हालै युएस बंगला विमान दुर्घटना भएकोमा दुःख व्यक्त गरेका थिए ।

## माधव नेपालले प्रदेश २ मा शिखर सम्मेलन गर्ने

सर्लाही । नेकपा एमालेका वरिष्ठ नेता माधव कुमार नेपालले प्रदेश २ लाई समृद्ध बनाउनका लागि आर्थिक शिखर सम्मेलन गर्ने बताएका छन् । सर्लाहीको घुर्कौलीमा आयोजित पत्रकार सम्मान एवं भेटघाट कार्यक्रममा बोल्दै नेपालले प्रदेशको आर्थिक समृद्धिका लागि शिखर सम्मेलनको तयारी भइरहेको जानकारी दिएका हुन् । 'अब म काठमाडौं फर्कने बित्तिकै विज्ञहरूसँग सल्लाह गर्दैछु', उनले भने, 'केही समय भित्रै प्रदेश २ को आर्थिक समृद्धिका लागि आर्थिक शिखर सम्मेलन आयोजना गर्दैछु ।' ८ वटै जिल्लाबाट उद्यमी व्यवसायी, बुद्धिजिवी एवं विज्ञ, पार्टीका नेता तथा सांसद् र मिडिया प्रतिनिधिहरूको सहभागितामा प्रदेश भित्रैको कुनै स्थानमा शिखर सम्मेलन गर्ने तयारी भइरहेको उनले प्रस्टयाए । 'सम्मेलनले प्रदेश समृद्धिका लागि सम्भावना र चुनौतीबारे छलफल गर्दै एउटा बाटो तय गर्नेछ' उनले भने । सम्मेलनले प्रदेश भित्रका कृषि उद्यम, उद्योग व्यापार, पर्यटन क्षेत्रको सम्भावना र चुनौतीबारे व्यापक बहस गर्दै शिक्षा र स्वास्थ्य क्षेत्रको बारेमा समेत विशेष सम्बोधन गर्ने उनले जानकारी दिए ।

## बजेट नदिए सडकमा उत्रिने मुख्यमन्त्रीको चेतावनी

वीरगंज । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले केन्द्र सरकारले सहज रूपमा प्रदेश सरकारलाई विकास निर्माणका लागि बजेट नपठाए प्रदेश सरकारले आन्दोलन गर्ने चेतावनी दिएका छन् । २६१७ औं महावीर जयन्तीको अवसरमा जैन स्वताम्बर तेरापन्थी समाज वीरगंजले जैन धर्मशालामा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले केन्द्र सरकारले संघीयता अन्तरमनले स्वीकार्न नसकेको आरोप लगाए ।

मुलुकलाई मात्र संघीयतामा लगेर हुदैन, संघीयताको मूल प्रश्न, आम्दानीको स्रोत एवं कर असुलीको क्षेत्र पनि निर्धारण गरी प्रदेश सरकारलाई अधिकार पनि दिइनु पर्ने उनको जोड थियो । ७ वटा प्रदेशमध्ये सबै भन्दा गरिब र पिछडिएको प्रदेश नं २ नै भएकोले यसका लागि छुट्टै आर्थिक बजेट लागू गर्नु पर्ने उनको माग छ । 'मानव सूचाङ्कमा सबैभन्दा पछि परेको छ प्रदेश २, तर कृषि बाहेक अरू कर उठाउन पाइदैन भनी निर्देशन छ,' उनले भने, 'यसरी प्रदेश नं २ कसरी समृद्ध र विकसित हुन्छ?' 'प्रदेश २ को विकास निर्माणका लागि सम्मानजनक बजेट नदिए प्रदेश सरकारले सडकमा उत्रेर आन्दोलन थाल्छ,'मुख्यमन्त्री राउतले भने ।

यसभित्र...

मधेशका मुद्दा : कसरी छाडे दलहरू ?
उपेन्द्र झाको विचार-विश्लेषण, पृष्ठ २ मा

आगलागीबाट बच्न पूर्वसतर्कता खोई ?
सम्पादकीय पृष्ठ २ मा

प्रधानमन्त्रीको भारत भ्रमणबाट नयाँ आयाम थपिन्छ : देवेश झा
मधेशका वैकल्पिक शक्तिको खोजी हुँदैछ : रामरिझन यादव
अन्तर्वाता पृष्ठ ३ मा

प्रदेश २ को सरकारको सयदिने कार्ययोजना पृष्ठ ४ मा

संघीय निजामती सेवा ऐन जारी गर्न नै अलमल पृष्ठ ५ मा

'उमेश यादवलाई रिहा गराउने पहल भइरहेको छ' पृष्ठ ६ मा

संघीय-बहस

संगीता रेग्मी



## मुख्यमन्त्रीज्यू, रिवन मात्रै काट्ने हो कि...

समानुपातिक, समावेशी प्रतिनिधित्वको सुनिश्चित गरेको नेपालको संविधानको पालना प्रदेश नं. २ मा राम्रोसँग भएको छ । सो प्रदेशको मुख्यमन्त्रीमा मो.लालबाबु राउत गद्दी नियुक्त भएर संघीय नेपालको पहिलो मुस्लिम समुदायबाट मुख्यमन्त्री बनेका हुन् ।

सामान्य परिवारमा ५१ वर्षअघि जन्मिएर मुख्यमन्त्रीको कुर्सीसम्म छलाङ मार्न सफल राउत राजनीतिमा प्रवेश गरेको भने धेरै भएको छैन । २०६३/०६४ मा भएको पहिलो मधेश आन्दोलनपछि मात्रै माइन्डसेट चेन्ज भएर राजनीतिमा होमिएको उनी अहिले प्रदेश २ को मुख्यमन्त्रीमा विराजमान छन् ।

संघीय समाजवादी फोरम नेपालका नेता राउत प्रदेश २ को मुख्यमन्त्रीमा निर्वाचित भएपछि मधेशका जनता आशा र भरोसाका आँखाले चियाइरहेका छन् । शालिन व्यक्तित्वका राउत मुख्यमन्त्रीमा निर्वाचित भएपछि मधेशले सच्चा विकासवादी नेता पाएको सर्वत्र चर्चा हुने गरिएको छ । तर मुख्यमन्त्रीमा निर्वाचित भएको फागुन २ गते सपथ खाएका उनको विकासको रथले गति नपाउँदा चिन्ता छाएको छ ।

प्रदेश २ को विकासको मन्त्र पाँच 'स' रहने उनको घोषणाले सार्थकता पाउन सकेको छैन । सुशासन, स्वास्थ, शिक्षा, सडक र सिंचाइ मुख्यमन्त्रीको पाँच 'स'को अभियान हो ।



२६१७ औं महावीर जयन्तीको अवसरमा जैन स्वताम्बर तेरापन्थी समाज वीरगञ्जले आयोजना गरेको समारोहमा बोल्दै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत ।

तर, आफ्नो अभियानलाई सफल पार्नुको सट्टा मुख्यमन्त्रीसहित प्रदेशका मन्त्रीहरूलाई सभा, गोष्ठी र उद्घाटन गर्न भ्याइनभ्याइ भएको छ । मुख्यमन्त्री भएको ४३ दिनमा गद्दीले यस्ता सभा, गोष्ठी र उदघाटन जस्ता ५० भन्दा बढी कार्यक्रममा सहभागिता जनाइसकेका छन् ।

यसरी हेर्दा मुख्यमन्त्री र मन्त्रीको दैनिक दिवा भोजन पनि कार्यक्रममै हुने गरेको देखिएको छ । केही महिना पहिलेसम्म प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, नगरपालिकाका अधिकृत प्रमुख अतिथि हुने गर्थे भने अहिले सहजै ती कार्यक्रममा मुख्यमन्त्रीका अतिरिक्त मन्त्री देखिन थालिएका छन् । अहिले खासै मन्त्रीले गर्नुपर्ने कार्य नभएको हुँदा दिनभरि कार्यक्रममा गएर समय बिताउने गरेको बताइन्छ ।

प्रदेशका लागि जिम्मेवारी तोकिएका सबै कर्मचारी नआउँदा कर्मचारी अभावमा सरकारले दैनिक प्रशासनिक काम सोचेअनुसार अघि बढाउन नसकेको मन्त्रीहरूको गुनासो छ । संघीय सरकारले प्रदेश नं २ मा २२४ कर्मचारी खटाएकामा ११७ जना कर्मचारी मात्र हाजिर भएका छन् ।

प्रदेश २ मा फागुन ३ गते सरकार गठन भएको थियो । मुख्यमन्त्रीसहित यहाँको मन्त्रिपरिषद् १० सदस्यीय छ । छ मन्त्री र तीन राज्यमन्त्रीले पदभार सम्हाली सकेका छन् ।

मुख्यमन्त्री राउतले कर्मचारी नआउँदा प्रशासनिक काम अघि बढाउन समस्या परेको भन्दै प्रधानमन्त्री ओलीलाई पत्र नै लेखेर गुनासो समेत गरेका थिए । तर त्यसपछि मुख्यमन्त्री पनि आफूलाई सभा, समारोह, गोष्ठी र भोजभतेरमा सीमित गरेको देखिएको छ ।

प्रदेश सरकारले विकास निर्माणको कार्य कहिले थालनी गर्ने हो त्यसको प्रतीक्षा प्रदेशका आम जनता पर्खेर बसेका छन् ।

**काम सुस्त, गति पनि सुस्त**

प्रदेश २ का मुख्यमन्त्री राउतले पदभार सम्हालेको करिब २ महिना हुन लागेको छ । तर, यसबीचमा उनले सभा, गोष्ठी र उद्घाटन कार्यक्रममा रिवन काट्न बाहेक कुनै सार्थक काम गरेका छैनन् । उनको गुनासो छ-बस्ने ठाउँ छैन । काम गर्न नियम, कानुन र कर्मचारी छैनन् । स्रोत-साधनको अभाव छ । कसरी काम गर्नू ?

प्रदेश २ को जस्तै अरू ६ वटै प्रदेश सरकारको स्थिति यस्तै छ । किनभने, प्रादेशिक

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# आगलागीबाट बच्न पूर्वसतर्कता खोई ?

गर्मी बढेसँगै तराई-मधेशमा आगलागीका घटना बढ्दै गएका छन् । फागुनदेखि जेष्ठसम्म अत्याधिक हावा हुरी लाग्नु जस्ता कारणले पछिल्लो समय आगालागीका घटना बढ्दै जान थालेका छन् । सानो गल्ती र लापरवाहीका कारण र उचित चेतनाको अभावका कारण आगलागीका घटनाहरू सामान्य बन्दै गएको छ ।

यसरी दैनिकी जसो हुने आगलागीका घटनाले तराई-मधेशका जनता बढी मारमा परिरहेका छन् । विशेष गरी सबै तहका जनसमुदायलाई आगलागीको बारेमा उचित चेतना नहुनु र हेलचेक्राई गर्नु, कतै अचानक आगलागी भएमा सबैको चासो कम हुनु र पानीको आवश्यक श्रोत र साधनको अभावमा आगो नियन्त्रणमा ल्याउन नसकिरहेका घटना प्रशस्त देखिन्छन् ।

यसरी दैनिकजसो गर्मीयाम सुरू हुने मौसममा हुने आगलागीका घटना न्यूनीकरणका निम्ति सम्बन्धित निकायको उत्तिकै ध्यान जान जरूरी रहन्छ भने आफनो गाउँ-टोल र समाजमा आगलागीबाट हुने क्षति तथा समाजमा पार्ने प्रभाव लगायत बालबच्चाबाट आगलागीजन्य पर्दाथबाट कसरी जोगाउने भन्ने विषयमा सजग रहन जरूरी देखिन्छ । चुरोट खाएर ठुटा जहाँ पायो त्यहीँ फाल्दा, खाना पकाई सकेपछि आगो ननिभाउनु, हावा लागेको समयमा आगो बाल्नु जस्ता कार्यले पनि आगलागिका घटना हुने गर्दछ । तसर्थ यस्ता आगलागीजन्य कार्यलाई रोक्नका लागि समाजमा जनचेतना जगाउनु अति आवश्यक देखिन्छ ।

> यसबारे प्रदेश सरकारले पनि समयमै चासो राख्नु पर्छ । हरेक नगरपालिका र गाउँपालिकामा कम्तीमा एउटा दमकलको व्यवस्था गरिनु पर्छ भने आगलागिका घटना कम गर्न घर-घरमा चेतना फैलाउनु पर्छ ।

विशेषगरी गर्मीयामको सुरूवातसँगै आगलागीका घटनाहरू हुन थाल्दछ । गर्मीयाममा विभिन्न कारणले आगजनीका घटना हुने गर्दछन् । नेपालीहरू जब समस्यामा पर्छ तब मात्र समाधानको उपायतर्फ सोच्ने गर्छन् । विभिन्न प्राकृतिक प्रकोप नियन्त्रणका लागि पूर्वसतर्कता आवश्यक पर्छ । तर मौसम अनुसार हुने विभिन्न खाले प्राकृतिक प्रकोपका बारेमा र जोखिम कम गर्न पूर्वतयारी गरिएको हुँदैन । वर्षातमा बाढीबाट बच्न हामीले असारमा चिन्ता गर्छौं । तर समय बितिसकेपछि गरिएको चिन्ताको कुनै अर्थ रहदैन । गर्मीयाममा हुने आगलागीलाई नियन्त्रणका लागि अहिलेदेखि नै पूर्वसतर्कता अपनाउन जरूरी छ ।

तराई-मधेशका थुप्रै जिल्लामा पर्याप्त दमकल छैनन् । भएका दमकलहरू पनि काम नलाग्ने जीर्ण अवस्थामा छन् । आगलागीको जोखिम कम गर्नका लागि सुरूदेखि नै पहल थाल्नु पर्दछ । यसबारे प्रदेश सरकारले पनि समयमै चासो राख्नु पर्छ । हरेक नगरपालिका र गाउँपालिकामा कम्तीमा एउटा दमकलको व्यवस्था गरिनु पर्छ भने आगलागीका घटना कम गर्न घर-घरमा चेतना फैलाउनु पर्छ ।

आगलागीबाट बच्ने उपायबारे गर्मीयाममा मात्र होइन अन्य समयमा पनि तालिम तथा सचेतना जगाउन जरूरी छ ।

गाउँघरमा हुने आगलागीबाट क्षति कम गर्नका लागि हुरी बतास चलेको बेला खर तथा फुसको छानो भएको घर भित्र आगो नबाल्ने तथा बाले पनि राम्ररी निभाउने संस्कार स्थापित गर्नुपर्छ । त्यसैगरी सलाई, लाईटर तथा आगोजन्य पदार्थ जस्तो मट्टितेल, डिजेल, पेट्रोल जस्ता वस्तुलाई सुरक्षित तरिकाले राख्ने बानी बसाल्नु पर्छ ।

यस्तै, आगोजन्य वस्तुहरू बालबालिकाहरूको पहुँचबाट टाढा एवं सुरक्षित राख्नुको साथसाथै चुरोट तथा बिडीका ठुटोहरू समेत जथाभावी रूपमा नफ्याके सम्भावित दुर्घटनाबाट जोगिन सकिन्छ । त्यसैगरी पराल र गहुँको दउनी सुरक्षित स्थानमा राख्ने र आफ्नै आँगनमा दउनी गर्ने प्रवृत्ति पनि रोक्नु पर्दछ । अब विद्यालयहरूमा आगलागीबारे सचेतना दिन समेत जरूरी छ । यसका साथै सबै वडा अध्यक्ष तथा गाउँ र नगर प्रमुखहरू समेतले यस समयमा आम जनता माझ गई जनचेतना जगाउन सके आगलागीको घटनामा कमी आउँछ ।

## सातको सात बात


नेपाली जनताले संविधानमार्फत निर्माण गरेको संविधानप्रति टिप्पणी गर्ने अधिकार कसैलाई छैन । शेरबहादुर देउवाको कार्यशैलीका कारण पार्टी कमजोर हुँदै गएको छ । **प्रकाशमान सिंह, नेता, नेपाली कांग्रेस**


निजी क्षेत्रको सहयोग बिना विकास गर्न मुस्किल छ । प्रदेशको विकासका लागि निजी क्षेत्रसँग साझेदारी गर्न सरकार तयार छ । गरिबी र अभाव रहेपनि हामीसँग प्रचुर सम्भावना पनि छ । **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**


युरोपियन युनियनको प्रतिवेदन सर्वभौम राष्ट्रमाथिको हस्तक्षेप हो । नेपाली जनताले वनाएको सार्वभौम संविधानबारे टिका-टिप्पणी गर्ने अधिकार कुनै विदेशी राष्ट्रलाई छैन । **विजयकुमार गच्छदार, नेता, नेपाली कांग्रेस**


पार्टी सामुहिक नेतृत्वमा चल्ने भएकाले संसदीय दलको नेता पनि छलफल गरेर सर्वसम्मतिबाटै छानिने छ । संविधान संशोधन, आन्दोलनमा घाइतेको उपचार, जेलमा थुनिएकाको रिहाई लगायतका माग पूरा नभएसम्म राजपा सरकारमा जाँदैन । **महेन्द्र राय यादव, नेता, राजपा नेपाल**


वर्तमान सरकार छिमेकीसँग सम्वाद र सुमधुर सम्बन्ध बनाउन चाहन्छ । हामी नेपाल-भारत र नेपाल-चीन सम्बन्धलाई अघि बढाउँछौं, समृद्धि हाँसिल गर्ने बाटोतर्फ अघि बढ्छौं । **राजन भट्टराई, नेता, नेकपा एमाले**


सरकारको निर्णय नमान्ने कर्मचारी राष्ट्रसेवक हुन सक्दैनन् । व्यक्तिगत रूपमा सरकारको निर्णयको विरोध गर्नुको कुनै अर्थ छैन । सरकारले गरेको निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । निर्णय नमान्नेहरूलाई निजामति कर्मचारी ऐन अनुसार अनुशासनको कारबाही गरिनेछ । **लालबाबु पण्डित, सामान्य प्रशासन मन्त्री**


अहिले नेपाल र भारतको सम्बन्ध राम्रो छ । नेपालसँग अब भू-राजनीतिक इस्यु छैन । अब आर्थिक साझेदारीको मुद्दामा हामी अगाडि बढ्छौं । भारत छिमकेको कुनै पनि सरकारसँग डिल गर्न तयार छ । **रन्जित राय, नेपालका लागि पूर्वभारतीय राजदूत**

# मधेशका मुद्दा : कसरी छाडे दलहरू ?

## विचार-विश्लेषण



**उपेन्द्र झा**

> लामो समयसम्म सत्ताभन्दाबाहिर आन्दोलन गर्नु परेको कारण आर्थिक अभावले वैचारिक धरातललाई कमजोर पार्‍यो र यिनी आत्मसमर्पण एकमात्र बाटो देखे । आन्दोलन मात्र गरेर जर्जर हुनुभन्दा सत्तापक्षको समर्थन गर्दा संजीवनी ताकत आउने आशमा यिनी मधेशको मुद्दालाई छाडे ।

राज्यसत्ता र मधेशबीच रहेको चर्को अन्तर्विरोध खुलेर सतहमा आएदेखि सत्तापक्षले मधेशको माँगलाई वेवास्ता गर्दै आएको छ । आत्म समर्पणबिना मधेशलाई कुनै हालतमा न स्वीकार्ने शासकहरूको मनोवृतिलाई संविधान सभाले पनि बदल्न सकेन । माओवादीको जनयुद्ध र मधेश आन्दोलनलाई १० वर्ष लगाएर भएपनि माइक्रो मेनेजमेन्ट गर्न सफल राज्यसत्ता कति शक्तिशाली छ, यही दुई घटनाबाट थाहा हुन्छ । माओवादी पार्टीको नेतृत्वप्रति असन्तुष्ट भएर जसरी नेता, कार्यकर्ता विभाजनमा परे, मधेश पनि टुट फुटबाट अछुता रह्न सकेन । दुबै संघर्षको सशक्ततामाथि आक्रमण भयो र राज्य यसलाई छिन्न भिन्न पारि निस्तेज बनाउन सफल भयो । माओवादीलाई एमालेले आफ्नो ग्रास बनायो भने मधेशको पार्टीलाई हिप्नाटिज्म गरि आफ्नो प्रभावमा लिएको छ ।

तीन दलीय वर्चस्वको राजनीति विरूद्ध संविधान सभाको स्थापनाकालदेखि मधेशका दलहरूको संसद र सडक संघर्ष जारि नै रह्यो । पारस्परिक विचारको भिन्नता रहे पनि मधेशको मामिलामा नेपाली काँग्रेस, एमाले र माओवादीको मतैक्यको आधारमा संविधान जारि भयो । मधेशलाई ६ टुक्रामा बाँडिएकोले यसलाई पचाउन नसकेर मधेश आन्दोलित भयो । ६ महिनाको लामो संघर्षबाट पनि के.पी.शर्मा ओलीको सरकारले मधेशको आवाज नसुने पछि मधेशले कडा आन्दोलनका लागि नाकाबन्दी शुरू गर्‍यो । भारतले पनि मधेशको माँग सम्बोधन गर्न आग्रह गरि रहेको थियो । यही कुराको आधारमा ओली सरकार नाकाबन्दीको आरोप भारतमाथि लगाएर चीनसंग सम्बन्ध बनाउन र राष्ट्रवादी ताकतलाई एकजूट हुन आह्वान गर्‍यो । भारतको विस्तारवादी नीतिले नेपाललाई हडप्नै लाग्यो भनेर चीनसंग सहयोग लिन र राष्ट्रवादी शक्तिलाई संगठित पार्न ओली सफल रह्यो । चीनले दैनिक उपभोग्य सामग्री तथा पेट्रोलियम पदार्थ सहयोग स्वरूप एक खेप नि:शुल्क पठायो । भारतबाट आयात भए जस्तो यो सरल र सस्तो थिएन । मधेशको माँग अनसूना गरेपछि नाकाबन्दी लम्विदै गई रहेको थियो । दैनिक उपभोग्य वस्तुको अभावले नेपाली जनजीवन नराम्रोसंग प्रभावित भएको थियो । सहज आपूर्तिको गुँजाईश थिएन । मधेशसंग सीधा टक्करबाट समस्याको समाधान ननिस्किने देखेर सरकारले नरम चाल अख्तियार गर्‍यो । प्रलोभनको तीक्ष्ण र असरदार अस्त्रको प्रयोग कारगर सिद्ध भयो र लगातार ६ महिनाको नाकाबन्दी आन्दोलन यति सहज रूपमा टुट्यो, कसैले कल्पना पनि गरेका थिएनन् । नाकाबन्दी हटेपछि नेपाली जनजीवन सहज भयो । मधेशका अगुवाहरूको राजनीतिक फिसलन यहींबाट शुरू भयो । चरमोत्कर्ष नाकाबन्दी आन्दोलनमा ६३ जना शहीद भए । सयकडौं घायल भयो । दमनको दृश्यले पंचायती व्यवस्थाको बर्बर दमनको झझल्को दिई रहेको थियो । लोकतन्त्र स्थापना पश्चात् पनि सरकार सभ्य हुन नसकेको उदाहरणहरू मधेशले प्रत्यक्ष देख्यो । मानवताको चरम उल्लंघन ओली सरकारले गरेको संसारले प्रत्यक्ष हेर्‍यो । मधेश आन्दोलनमा सरकारले गरेको बर्बर दमनमा मानवाधिकारको चरम उल्लंघन गरेको कुरालाई केही मधेशी बुद्धिजीविहरू जेनेवासम्म पुगे । ती बुद्धिजीविहरूमाथि सरकारको बक्रदृष्टि अहिले पनि कायम छ ।

पहिलो संविधान सभामा नै सत्तापक्षले **समग्र मधेश एक प्रदेश**बाट दुई प्रदेशमा झार्न अनेक प्रपंच रचेर मधेशका दलहरूलाई बाध्य पारेका थिए । मधेशका अगुवाहरूप्रति सत्तापक्ष पूर्ण नरम व्यवहार अपनाएर पछाडि धकेल्ने प्रयासमा लिप्त थियो । अनेक जाल झेलमा पारेर मधेशका राजनीतिक दलहरूलाई मानसिक रूपले दुई प्रदेशको अवधारणामा ल्याई सकेको थियो । योभन्दा पनि पछाडि धकेल्न सकिन्छ कि भन्ने सोच लिएर शासकवर्गका केही उग्र चिन्तकहरू लागि परेका थिए । फलत: ७ प्रदेशको खाका तयार पारेर राष्ट्रिय, अन्तर्राष्ट्रिय विरोधका स्वर घन्कि रहेको माझ बलपूर्वक संविधान घोषणा भयो । मधेशको विरोधलाई वेवास्ता गर्दै ओली सरकार संविधान कार्यान्वयनको दिशामा अगाडि बढ्यो ।

मधेश आन्दोलनप्रति असहिष्णु रहेको सरकार आन्दोलनकारीलाई ढाडदेखिमाथि (छाती, पिठ्यूँ र टाउको) मा बेहिचक गोली चलाई वृद्ध, बालक, युवाहरूलाई ढालेर दुई चारवटा आँप झरेका अभिव्यक्ति दिई रहेका थिए । सरकारमाथि दबाव बनाउन मेची महाकालीको मानव श्रृँखला तयार गर्दा ओलीले त्यसलाई माखे साङलो भनेर टिप्पणी गरेका थिए । मधेशप्रतिको निकृष्ट विचार राख्ने ओली सरकारले आफ्ना पार्टीका केही चाटुकार मधेशीहरूलाई फ्रन्टमा मधेशलाई गाली गराउन लगाएका थिए । प्रलोभनको जालमा नाकाबन्दी आन्दोलन परेपछि ओलीको हौसला बढ्यो ।

उत्कर्षमा रहेको नाकाबन्दी आन्दोलन, जसमा कुनै न कुनै रूपमा चीन भारत पनि संलग्न थिए नेपाल सरकार नराम्रोसंग फँसेको अवस्थामा देवत्व प्राप्त गरेका आन्दोलनका अगुवा उपेन्द्र र राजेन्द्र लालूको चटिसारबाट फर्के पछि नाकाबन्दी आन्दोलनलाई फिर्ता लिएर सबैलाई चकित पारि दियो । मधेशले आफ्नो भगवानप्रति कुनै प्रतिक्रिया पनि दिन सकेन । भगवान त भाग्यवान हुन्छ । उसलाई कुनै कानून लाग्दैन । लागेन पनि । ओली कै इशारामा मधेशको जनतालाई चित्त बुझाउन धरना, रिले अनशन आदि नौटंकी यिनीहरू देखाउन थाले । त्यसपछि कौमा, फुलस्टप पनि संशोधन गर्न नदिने अभिव्यक्ति आई रहेका बेला मधेशलाई नसोधिकन संशोधन प्रस्ताव ल्याएर अर्को नौटंकी शुरू भयो । यो नौटंकीको मुख्यपात्र संसफो र राजपालाई बनायो । मधेशका दुबै पार्टीले दिल खोलेर अभिनय गरे । नाकाबन्दी आन्दोलनलाई बिना शर्त विसर्जन गरेको कलंकलाई ढाकछोप गर्न र मधेशको घावमा मलहम लगाउन रिले अनशनका कार्यक्रमहरू गरे । यसरी क्रमिक रूपमा रिले अनशनदेखि लिएर संशोधन प्रस्तावमा केही दिन नाटक मञ्चन गरि पहिले संसफो त्यसपछि राजपा एमाले समक्ष आत्म समर्पण गरे ।

कुबेरको भण्डारमा बसेका के.पी.शर्मा ओली पहिले संसफोलाई आफ्नो पक्षमा मिलाएर राजपालाई चुनावमा पठाउन दबाव सृजना गर्‍यो । संशोधन प्रस्तावबाट संसफोले हात झिकेपछि लादिएको बोझ राजपा एक्लै बोकेको थियो । राजपा सकि नसकि ढोई रहेको बोझ देखेर संसफो अनेक हस्यास्पद टिप्पणी पनि गरि रहेको थियो । स्थानीय चुनावलाई बहिष्कार गरि राजपा संशोधन प्रस्तावको पक्षमा आन्दोलनको नेतत्व गरेको थियो । संसफोलाई एमालेको अजेय शक्ति प्राप्त भएपछि बडो बहादुरीका साथ स्थानीय चुनावमा भाग लियो । क्षेत्रीय राजनीतिबाट उदाएका उपेन्द्र यादब जनजातीसंग एकीकरण गरि राष्ट्रिय छवि बनाउन बडो उत्साहका साथ स्थानीय चुनावमा भाग लिए । मधेशको मुद्दा छोडेर चुनावमा भाग लिएका उपेन्द्र यादबलाई पहाडले पत्याएन । मधेशमा नै सिमित हुन पुगे । नारदमोहमा परेर उनले पहाड र मधेशको चर्को अन्तर्विरोधलाई विर्सेर हो कि, अथवा मातृ पार्टीको अत्यधिक मोह भएर होला, पहाडमा चुनाव लड्ने दुस्साहस गरेका थिए । पहाडको चुनावी नतिजाले यिनलाई मधेशतिर नै पठायो ।

अन्तमा राजपा पनि संशोधन प्रस्तावबाट हात झिकेर प्रदेश नं. २ को चुनावमा भाग लियो । संसफो र राजपा यसरी क्रमिक रूपबाट मधेशको मुद्दाबाट टाढिए । मधेश विरोधी संविधान घोषणाको विरोधमा आन्दोलन गराउने मधेशका राजनीतिक दलहरूले शहीदहरूको परिवारलाई ५० लाख दिलाउने आश्वासनमा ६३ जना शहीद भए । आन्दोलन पनि उत्कर्षमा गयो । असोज ३ गतेलाई **कालो दिवस**को रूपमा मनाउने चलन थालेका दलहरू चुनावमा भाग लिएपछि आउँदो साल कालो दिवस मनाउने नैतिकता पनि देखाएन । देखाओस् पनि कसरी ? राज्यसमक्ष आत्मसमर्पण गरेका दुबै दलहरू घोषणा भएका संविधान मान्न बाध्य भएपछि मधेशको मुद्दा स्वत: यिनको हातबाट छुटेको हो ।

लामो समयसम्म सत्ताभन्दाबाहिर आन्दोलन गर्नु परेको कारण आर्थिक अभावले वैचारिक धरातललाई कमजोर पार्‍यो र यिनी आत्मसमर्पण एकमात्र बाटो देखे । आन्दोलन मात्र गरेर जर्जर हुनुभन्दा सत्तापक्षको समर्थन गर्दा संजीवनी ताकत आउने आशमा यिनी मधेशको मुद्दालाई छाडे । ६ टुक्रामा बाँडिएको मधेशलाई यिनले एक ढिक्का कसरी गर्ने ? अथवा दुई प्रदेशको अवधारणा अनुसार मधेशलाई दुई प्रदेश कसरी बनाउने ? आफ्नो आफ्नो क्षेत्रमा सिमित भएकाहरूले अनधिकृत रूपमा अर्को प्रदेशलाई जो सत्तापक्षको कब्जामा गयो कसरी सत्ता विरूद्ध उचाल्ने ? पुर्वेली मधेशीहरूको नौटंकी हेरेर जन आधार भएका पश्चिमेली मधेशी नेताहरू मधेशका राजनीतिक दल परित्याग गरि शीर्ष तीन दलमा दनादन समावेश हुन थाल्दा त्यहाँ मधेशवादबाट पलायन हुने मानसिकतालाई कसरी रोक्ने ? आफूलाई आफ्नै प्रदेशमा एडजस्ट भई सकेकालाई निकालेर पहिले जस्तो आन्दोलनको रूप कसरी दिने ? यावत् प्रश्न तेर्सिएको छ, जसको उत्तर अब यी दुई पार्टीसंग छैन ।

पहाड र मधेशबीच चर्को अन्तर्विरोध छ । २४५ वर्षदेखि चाकडी, चापलुसीमा दिन बिताएको मधेश सयकडौं पीढि पश्चात् परिवर्तनको घाम लागेको अवस्थामा नव युवा पिढीले ती अन्तर्विरोधका कारण र श्रेणीबारे मधेशलाई स्पष्ट देखाए । मधेशमा युवाशक्तिले क्रान्तिकारी धारलाई तिखार्दै राज्यसत्तालाई चुनौती दिएका थिए । मधेशलाई अधिकार सम्पन्न गर्ने आशयले उठेको मधेश आन्दोलनलाई संस्थागत गर्नुको सट्टा अगुवाहरूले व्यक्तिगत स्वार्थमा यसलाई प्रयोग गरे । फलत: आन्दोलन कमजोर हुँदै गयो । यसको कमजोर पक्षमाथि सत्ताको एकपक्षीय आक्रमणलाई कसैले रोक्न सकेन । आफ्नो स्वार्थमा प्रयोग गरेको आन्दोलनलाई दलहरूले राज्यको आक्रमणबाट बचाउन सकेन । आन्दोलन कमजोर भएपछि दलहरू कमजोर हुनु स्वाभाविक थियो । दलहरू कमजोर भएको अवस्थामा मधेश आन्दोलनको अवसान भयो भनेर नाम चलेका मधेशी नेताहरू सबै पार्टीबाट पलायन भए । मधेश पुनश्च यथास्थितिको दलदलमा धस्यो । प्रदेश नं. २ मा सरकार बनाउन अवसर पाएका दुबै दल संकीर्ण घेरामा रमाएका छन् । क्षेत्रीय राजनीतिमा पनि अल्प भूखण्डमा सिमित दलहरूले मधेशको उल्लेखनीय मत पाएर मधेशको महत्वाकाँक्षा पूरा गर्न सक्ला ? नसके सत्ताको स्वादमा रमाउला ।

janukjha24@gmail.com

## मुसहर र डोम बालबालिकाहरूलाई विद्यालय भर्ना गराउने इच्छा छ : प्रधानमन्त्री

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशका मुसहर र डोम समुदायका बालबालिकाहरूका साक्षरता प्रतिशत न्यून रहेकोले ती समुदायका बालबालिकालाई विद्यालय भर्ना गराउने इच्छा रहेको बताएका छन् । प्रधानमन्त्री ओलीले मधेशका मुसहर र डोम जातिको साक्षरता प्रतिशत न्यून रहेकोले त्यही समुदायका बालबालिका विद्यालयमा भर्ना गराउने इच्छा आफ्नो भएको बताए । "मैले निश्चित त गरिसकेको छैन तर तराईको कुनै जातिका बालबालिका विद्यालयमा भर्ना गराउने इच्छा मलाई छ" प्रधानमन्त्री ओलीले भने । निरक्षरता उन्मूलनका लागि यस वर्षको विद्यालय भर्ना अभियानमा आफूले एक बच्चालाई विद्यालय भर्ना गर्ने बताए ।

प्रधानमन्त्री निवास बालुवटारमा मंगलबार प्रधानमन्त्रीसँग राष्ट्रिय यूवा परिषद् कार्यक्रममा मन्तव्य राख्दै प्रधानमन्त्री ओलीले आगामी बैशाख ५ गतेका दिन विद्यालय जाने उमेरको कुनै बालक/बालिकालाई घरबाट आफैले विद्यालयमा लगेर भर्ना गराउने बताएका हुन् । "यसपालीको विद्यालय भर्ना अभियानमा विद्यालय उमेरको एकजना बच्चालाई विद्यालयमा लगेर नाम लेखाइदिन्छु" प्रधानमन्त्री ओलीले भने "मन्त्री र माननीयहरूले पनि त्यसै गर्नुहुन्छ ।" निरक्षरतालाई दुई वर्ष भित्र उन्मूलन गर्ने नीतिअन्तर्गत यसपालीको विद्यालय भर्ना अभियानलाई व्यापकता दिन लागिएको प्रधानमन्त्री ओलीले बताए ।

## अबको शिक्षा आधुनिक र व्यावसायिक हुनुपर्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले अवको शिक्षा आधुनिक र व्यवसायिक हुनु पर्ने बताएका छन् । एन प्याब्सन प्रदेश समितिले बुधबार जनकपुरमा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रममा मुख्यमन्त्री राउतले अहिलेको पारम्परिक शिक्षाले प्रदेश र देशको विकास हुन नसक्ने बताउदै आधुनिक र व्यवसायिक शिक्षा तर्फ अग्रसर हुनुपर्ने बताए । परम्परागत शिक्षा अन्तर्राष्ट्रिय स्तरमा बिक्न नसक्ने भएकाले अब प्राविधिक र गुणस्तरीय शिक्षातर्फ प्रदेश सरकार अग्रसर हुन लागेकोले त्यसमा निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताए । मुलुकको शिक्षामा निजी क्षेत्रको योगदान स्वागत योग्य रहेको बताउदै उनले गुणस्तरीय शिक्षाको लागि समेत अग्रसर हुनु पर्ने बताए । सामुदायिक विद्यालयले मात्र शिक्षाको गुणस्तर सुधार हुन नसक्ने बताउदै उनले सबैले मिलेर गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने बताए । शिक्षामा प्रदेश नं. २को अवस्था अझै दयनीय रहेको बताउदै उनले शिक्षाको ज्योतिबाट टाढा रहेका दलित विपन्न परिवारका बालबालिकाका लागि प्रदेश सरकारले विशेष शिक्षा योजना ल्याउन लागेकोले त्यसमा सहयोग गर्न समेत आग्रह गरे । प्रदेश नं. २ ले गरीबी र अशिक्षा विरासतमा पाएको उल्लेख गर्दै उनले त्यसको अन्त गर्दै समृद्ध प्रदेशको निर्माणको लागि सबैलाई हातेमाले गरेर अघि बढ्न समेत आग्रह गरे ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# प्रधानमन्त्रीको भारत भ्रमणबाट नयाँ आयाम थपिन्छ



**देवेश झा**

**संयोजक, मधेश सम्वाद समूह नेपाल**

सप्तरीको हनुमाननगर कंकालिनी-४ मा वि.सं. २०१९ सालमा जन्मिनुभएका देवेश झा मधेश मामिलाका साथै विदेश मामिलाका जानकारसमेत हुन्। राजनीतिक शास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गर्नु भएका झा २०३९ सालमा तत्कालीन जिल्ला पञ्चायत सदस्य भई राजनीतिक यात्रा सुरू गरेका थिए। प्रथम मधेश विद्रोहपश्चात तत्कालीन मधेशी जनअधिकार फोरम नेपालमा संलग्न भएपछि जयप्रकाश गुप्ता नेतृत्वको तराई मधेश राष्ट्रिय अभियान (तमरा अभियान)को विदेश विभाग प्रमुखको रूपमा सक्रिय रहे। यसपटकको प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका बेला उनले मधेश सम्वाद समूह नेपालको गठन गरी मधेशी दलहरूको पक्षमा विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गरेका थिए। परराष्ट्र मामिला जानकारीसमेत रहेका झासँग आसन्न प्रधानमन्त्रीको भारत भ्रमणको सन्दर्भमा गरिएको कुराकानीको सम्पादित अंश :

**० वाम गठबन्धनको सरकारप्रति भारतको दृष्टिकोण कस्तो छ ?**

– नेपालमा बनेको वाम गठबन्धनलाई भारतले सकारात्मक रूपमा नै लिएको छ। किनभने यो सरकार गठन हुनुभन्दा पहिले नै नेपाल भ्रमण गरेर केपी ओलीलाई प्रधानमन्त्री हुनका लागि अग्रिम शुभकामना तथा बधाई साथै प्रधानमन्त्री भएलगत्तै भारत भ्रमण गर्ने निम्तो गरेको पनि देखियो र के.पी. ओलीजी प्रधानमन्त्रीमा निर्वाचित भइसके पछि पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले औपचारिक रूपमै फोन गरी बधाईका साथै भारत भ्रमणको निम्तो पनि दिएका छन्। अब केही समयपश्चात नेपालका प्रधानमन्त्री भारत भ्रमणमा जाँदै हुनुहुन्छ। नेपाल-भारत सम्बन्ध सकारात्मक रूपमा अगाडि बढ्दैछ।

**० वाम गठबन्धनको सरकार भारतका लागि खतरा रहेको पनि एकखालको विश्लेषण छ, तपाईंको धारणा के छ ?**

– भारतका लागि त्यस्तो खतरा छ जस्तो लाग्दैन। वाम गठबन्धनको सरकार भए पनि अरू कुनै दलको सरकार भए पनि भारतसँग निकटता त छँदैछ। उनीहरूको विभिन्न कालखण्डमा भारतसँग सम्झौताहरू भएका छन्। रातारात राजनीतिमा केही पनि हुँदैन। केही असमझदारी विगतका दिनहरूमा भएका थिए। वर्तमान अवस्थामा त्यस्तो कुनै विवादास्पद अवस्था देखिदैन। नेपालको अधिकांश दैनिक कारोबारीदेखि लिएर व्यापारिक साझेदारी सबैभन्दा धेरै भारतसँग नै हुने भएकोले र भारतसँग नै हरेक प्रकारका नातागोता, निकटता भएकाले भारत सरकारले पनि नेपालसँग सुमधुर सम्बन्ध बनाएर अगाडि जान खोजेको छ।

**० मधेशी जनताका लागि प्रधानमन्त्री ओलीले आसन्न भारत भ्रमणको क्रममा के कस्ता मुद्दाहरू राख्यो भने त्यहाँको जनतालाई सहज होला ?**

– सीमामा सहज आवागमन अनिवार्य छ। दैनिक रूपमा आवातजावत गर्ने मधेशी समुदाय नै हुन्। अन्य समुदाय पनि होलान् तर बढी मात्रामा भने मधेशी समुदाय नै हो। सामान्य स्तम्भको आधारमा सिमाना छुट्टयाइएको हुनाले कतिपय ठाउँमा त जग्गाको विवाद, पानीको विवाद हुने गर्दछन्। सबैभन्दा बढी मधेशले भोग्नुपर्ने डुबानको समस्या हो। सम्माननीय प्रधानमन्त्रीले भारत भ्रमणको अवसरमा यो प्राथमिकताका साथ राख्ने हो भने राम्रो हुन्छ। हामीसँग तीन महिना मात्र बाँकी छ। त्यस पछि वर्षातमा मधेश फेरी डुबानको समस्यामा पर्न थाल्छ। अन्य विषयमा केन्द्रित हुनुभन्दा पनि यस पटकको वर्षायाममा मधेश डुबानमा नपरोस् भनी प्रधानमन्त्रीको तर्फबाट गम्भीर पहल हुनुपर्दछ।

**० भारतीय रूपियाँ सटहीमा सहजता ल्याउनका लागि सरकारले कस्तो किसिमको पहल गर्नुपर्छ ?**

– भारत सरकारले क्रेडिट कार्डको प्रयोग बढी गरेको पाइन्छ तर नेपालमा भने अझै पनि कागजी पैसाकै बढी प्रचलन छ। नेपालले आफूलाई त्यससँग जोड्न सकिरहेको छैन। खासगरी नेपालका मधेशी समुदायको भारतसँग बढी आवात-जावत छ। उनीहरूसँग व्यापारिक सम्बन्ध पनि बढी नै छ। त्यसकारण बजारमा किनमेलका लागि नेपाली नागरिकहरू भारतीय बजारमा जाँदा भारू १०० को भारतीय बजारमा सामान्य रूपमा पनि १७० लिने गर्दछ। यसको लागि पनि पहल त गर्नु नै पर्दछ। पहिले त यस्तो थिएन तर नेपालको मुद्रासँग विश्वसनीयता नभएर हो कि या अन्य कुनै कारणले हो। कारण जुनसुकै होस् तर नेपाली जनताको लागि यो समस्याको विषय हो। यसको समाधानको उपाय त खोज्नै पर्छ।

**० दुई तिहाई बहुमतले बनेको वाम गठबन्धनको सरकारसँग अबका दिनमा भारत सर्तक हुनुपर्छ या आफ्नो नेपाल नीतिलाई परिवर्तन गर्नुपर्छ ?**

– यही कारणले नै भारतले आफ्नो नीति परिवर्तन गर्ला जस्तो लाग्दैन। किनभने भारतको स्थिर परराष्ट्र नीति छ। त्यहाँ सरकार परिवर्तन भए पनि परराष्ट्र नीतिमा परिवर्तन गर्ने चलन छैन। स्थिर परराष्ट्र नीति भएकाले नेपालसँग पहिलाको जस्तो नीति छ त्यस्तै नै राखिराख्छन्। मैले पहिले नै भनिसके, नेपालमा जसको सरकार भए पनि सम्बन्ध सधैं समुधुर नै रहन्छ। नेपाली जनताले बुझ्ने जस्तो तिक्तता छैन। हामीले कुनै किसिमको भ्रम नपालौं। जे हुन्छ सहज ढंगबाट नै हुन्छ। त्यसकारण भारत त्यसमा चिन्तित भइहाल्छ जस्तो मलाई लाग्दैन।

**० वाम सरकारप्रति भारत सरकारको दृष्टिकोण कस्तो देख्नुहुन्छ ?**

– जस्तो भनेको छ त्यस्तै त नहोला। किनभने प्रजातन्त्रपछिको दोस्रो बहुमत प्राप्त के.पी. ओली नेतृत्वको सरकार हो। यो बहुमतको सरकार त छँदै छ र संसदमा पनि अविचलित छ। एमाले माओवादी गठबन्धन भए पनि एकता भइसकेको छैन। त्यसकारणले त्यहाँ पनि प्रश्न चिन्ह छ। मलाई के लाग्छ भने अहिलेको भारत भ्रमणमा प्रधानमन्त्रीले भव्य स्वागत पाउनु हुनेछ र नेपालको प्रधानमन्त्रीले राखेका कुराहरूलाई गम्भीरताका साथ लिनु हुनेछ भन्ने मलाई लाग्छ।

**० वाम सरकार बनेपछि नेपाल-भारत सम्बन्धमा के कस्तो प्रभाव परेको छ ?**

–भारतमा नेपालका लागि दुई वटा विचारधारा अगाडि बढेको छ। नेपालको आन्तरिक मामिलामा अहस्तक्षेपकारी भूमिका राख्नुपर्ने, त्यसमा कसैलाई निकट र कसैलाई दुरी नठान्नुपर्ने, सबै आफ्नै हुन् भनेर छोडिदिने, प्रतिस्पर्धा हुन दिने र प्रतिस्पर्धाबाट आएको शक्तिलाई भारतले आफ्नो पक्षमा कसरी पार्नुपर्छ त्यो पार्ने एउटा यो भयो भने अर्को के छ भने यस्तो गर्दा हामीसँग सम्बन्ध राख्नेहरू कमजोर हुँदै जान्छन्। अन्य मुलुकहरू जस्तै चीन, युरोपेली मुलुकहरूले आफ्नो प्रभाव त विस्तार गर्छ। यसअर्थमा हामीसँग निकटका सम्बन्ध राख्नेहरू कमजोर हुँदै जान्छन् र पछि भारतको प्रभाव न्यून हुँदै गर्दा भारतको सीमा नेपालसँग जोडिएको हुनाले भारतलाई खतरा हुन सक्छ। त्यसैले भारतले आफ्नो भूमिका छोड्नु हुँदैन। यो दुईवटा वैचारिक धुवीकरण भारतमा नै छ। यसलाई नेपालले कसरी हेरेको छ त्यसमा भर पर्छ। निकट सम्बन्ध राख्नुमा सहजता पनि छ र जटिलता पनि। त्यस्तै सम्बन्धलाई औपचारिक मात्र राख्यो भने केही विषयमा सहज होला तर विभिन्न विषयमा जटिलता उत्पन्न हुन्छ। यो भारतले सोच्ने कुरा होइन, हामीले नै सोच्ने कुरा हो। भारतले भन्दा पनि नेपालले भारतसँग कस्तो भूमिका खेलेको छ त्यसमा निर्भर रहन्छ।

**० वर्तमान परिपेक्षमा नेपाल-भारत सम्बन्धलाई कुन रूपमा मूल्यांकन गर्नुहुन्छ ?**

– अहिले परीक्षण समयमा छ जस्तो लाग्छ मलाई। प्रधानमन्त्री के.पी. शर्मा ओली हुनुभन्दा पहिले नै तिक्तता प्रारम्भ भएको थियो। सुशिल कोइरालाकै कालखण्डदेखि नै त्यो अवस्था सुरू भएको थियो। के.पी. ओलीजीको समयमा आएर त्यो समाप्त भयो। ओली सरकारले आफूलाई कसरी प्रस्तुत गर्छ त्यसमा भर पर्छ। भारतले आफ्नो चिन्ता आफै गर्छ। एउटा राम्रो पक्ष के छ भने प्रधानमन्त्रीको विदेश भ्रमण भारतबाट नै हुन गइरहेको छ। यो पनि एउटा राम्रै पक्ष मान्नुपर्छ। सम्बन्ध सहजता तिर गइरहेको छ तर केही भइहाल्ने भन्न सकिने अवस्था छैन।

**० नेपाल-भारत सम्बन्ध अझ सुमधुर राख्न के गर्नुपर्ला ?**

– यो सरकारले मेरो गोरूको बाह्रै टक्का नगरी असल छिमेकीको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। नेपालभित्र सबैको भूमिका अहस्तक्षेपकारी हुनुपर्छ। हस्तक्षेपकारी हुनुहुँदैन। त्यो हाम्रो सार्वभौमसत्ताको लागि चुनौतीपूर्ण हुन्छ तर राष्ट्रियतालाई अमुक देशको विरूद्धमा प्रयोग गर्ने विरोधी विचारधारालाई नै राष्ट्रियता मान्ने सोचबाट आपूलाई मुक्त गर्नुपर्छ। भारतसँग जुन सम्बन्ध रहेको छ त्यसमा कुनै दुविधा राख्नुहुँदैन।

**० प्रधानमन्त्रीको आसन्न भारत भ्रमणले दुई देशको सम्बन्धलाई अझ बलियो बनाउन कस्तो भूमिका निर्वाह गर्छ ?**

– यो भ्रमणले दुई देशको सम्बन्धलाई नयाँ आयाम दिनेछ भन्ने कुरामा म विश्वस्त छु। वर्तमान अवस्थामा सबैभन्दा ठूलो र सकारात्मक पक्ष नेपाल र भारत दुवै देशमा स्थिर सरकार छ। यो सरकारले गरेको निर्णय ठोस हुन्छ र यो निर्णयलाई कसैले पनि प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन। दुवै देशमा लोकप्रिय सरकार छ। यस्तो अवस्थामा एक अर्काले हातेमालो गरेर अगाडी बढ्नुपर्छ जस्तो मलाई लाग्छ।

**० यो भ्रमणपछि दुई देशबीच रहेका समस्या समाधान हुनेमा कति विश्वास गर्न सकिन्छ ?**

– विश्वस्त नै हुनुपर्छ। किनभने भारत एकदम सकारात्मक छ। विगतमा भएको नेपालसँगको तिक्ततालाई भारतले धेरै टाढा छाडिसकेका छन्। त्यसकारण नेपाल-भारत सम्बन्धमा नयाँ आयाम आउने र उचाईमा पुग्नेछ।

**० विगतका दिनमा संविधानप्रति असन्तुष्ट जनाउँदै आएको भारत सरकार अहिलेको अवस्थामा त्यो असन्तुष्टि कायम नै छ ?**

– त्यो दृष्टिकोणमा कुनै परिवर्तन आएको छैन। यो संविधानको जे प्रक्रियाहरू सम्पन्न भइसकेका छन् त्यो प्रक्रियालाई स्वीकार गरेको छ। जस्तै निर्वाचन भयो, निर्वाचनबाट सरकार गठन भयो तर भारतबाट जारी हुने विज्ञप्तीहरूमा पनि जे विवादित विषयवस्तुहरू छ त्यसलाई पनि क्रमिक रूपमा सम्पन्न गर्दै जानुमा नै उपयुक्त हुन्छ भन्ने कुरा त स्पष्ट गर्दै आइसकेको छ।

**० भारतले मधेशी, आदिवासी, जनजातिको मागअनुसार संविधान संशोधन गर्ने सल्लाह दिन्छ ?**

– भारतले सल्लाह दिने भन्दा पनि प्रधानमन्त्री आफैले नै गर्नु हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

**० अन्त्यमा, मधेशको राजनीति कतातिर जाँदैछ ?**

– मधेशमा केही कुराहरूले गर्दा दुविधा उत्पन्न भयो। फोरम, राजपा सरकारमा जाने, सरकारमा जानु पनि राम्रो पक्ष हो। तर सरकारमा जानलाई दुवै पार्टीको गठबन्धनले गर्दा नै भएको हो। दुवै पार्टीका नेताहरूले कुनै समय भन्नुभएको थियो कि फोरम र राजपा चुनावपछि एकीकृत हुन्छ तर पछि गठबन्धन मात्र भयो र एकीकरणको चर्चा भएको छैन। यसले गर्दा मधेशी जनतामा दुविधा र निराशा उत्पन्न भएको छ। तर एउटा कुरा स्पष्ट के बुझ्नुपर्छ भने माग पूरा नभएसम्म मुद्दा कायम नै छ, नेतृत्व त आउने जाने हो। यदि यो नेतृत्वले पनि सहज निकास दिन सकेन भने भोलीका दिनमा अर्को नेतृत्व स्थापित हुन्छ तर मुद्दा कायम नै रहन्छ। जनसंख्याको हिसाबले प्रदेश २ सबैभन्दा बढी जनघनत्व भएको प्रदेश हो। यो हिसाबले पनि सबैभन्दा धेरै युवाशक्ति प्रदेश २ मा नै छ। युवाशक्ति नै आजको सबैभन्दा ठूलो पूँजी हो। यति ठूलो पूँजी हुँदाहुँदै पनि निराश हुनुपर्ने कारण नै छैन।

# मधेशमा वैकल्पिक शक्तिको खोजी हुँदैछ

मधेशमा मात्र होइन, पहाडमा पनि वैकल्पिक शक्तिको खोजी हुँदैछ। किनभने यो परम्परागत राजनीतिक प्रणालीबाट नेपाली जनता आजित भइसकेका छन्। जुन राजनीति पञ्चायतकालदेखि अहिलेसम्म एकैनासले शासन गरिरहेका छन्।



**रामरिझन यादव**

**नेता, नयाँ शक्ति पार्टी नेपाल**

**० अहिलेको राजनीतिक घटनाक्रमलाई कसरी हेरिरहनु भइको छ ?**

– अहिलेको राजनीतिक घटनाक्रमलाई मैले सकारात्मक रूपमा नै लिएको छु। किनभने कुनै पनि सरकारको निर्माण पश्चात तुरून्तै त्यो सरकारको बारेमा टिप्पणी गरिहाल्नु हुँदैन। जुन ढंगबाट सरकारको गठन भएको छ केही हदसम्म मैले सकारात्मक लिएको हुनाले यसको बारेमा अहिले नै केही टिप्पणी गर्न चाहन्न।

**० समग्रमा भन्नुपर्दा मधेशको राजनीति कता जादैछ ?**

– मधेशको राजनीतिको सन्दर्भमा कुरा गर्ने हो भने जुन ढंगले मधेशी शक्तिहरूले सरकारसँग वार्ता गरिरहेका छन् त्यो भनेको सरकारमा सहभागिताका लागि नै हो जस्तो लाग्छ। एक किसिमले उनीहरूको भित्री इच्छा पनि यहि रहेको देखिन्छ। यस अर्थमा मलाई के लाग्छ भने मधेशको राजनीति त्यति राम्रो ढंगबाट अगाडि बढिरहेको छैन। मधेशबाट अहिले जितेर गएका मधेशवादी दलमात्र होइन ति बाहेक पनि अन्य शक्तिहरू छन्। विभिन्न ढंग र रूपमा आफूलाई एउटा शक्तिको स्थापना गर्ने प्रयास गरिरहेका छन्। समग्र रूपमा भन्नुपर्दा मधेशको राजनीति सही दिशामा गइरहेको मैले अनुभूति गरिरहेको छैन।

**० अहिलेको मधेशको अवस्था कस्तो छ ?**

– मधेशी जनताले ठूलो आहुति दिए पनि मधेशमा मधेशीहरूले अपेक्षाकृत सिट प्राप्त गर्न सकेनन्। यद्यपी प्रदेश २ मा सरकार त बनाएका छन्। यस अर्थमा मधेशी दलहरूले आफूलाई सफल नै ठानेका होलान्। प्रदेश २ मा मधेशी दलले सरकार सरकार बनाउँदैमा उनीहरू सफल छन् जस्तो मलाई लाग्दैन। यसमा मधेशीहरूको असन्तुष्टि छ। जुन उद्देश्य प्राप्त गर्नका लागि मधेशीले आफ्नो ज्यान दिएका छन्, त्यो उद्देश्य प्राप्त नभए सम्म जितेका शक्तिहरूले सरकारसँग वार्ता गरेर या लेनदेन गरेर सरकारमा जान चाहन्छ भने त्यो मधेशको लागि प्रतिस्पर्धी हुनेछ।

**० मधेशको मत लिएर संसदमा गएका मधेशवादी दलहरूसँग मधेशका जनता सन्तुष्ट छन् या छैनन् ?**

– जसले आफ्नो हक र अधिकारका लागि आहुती दिएका छन् तिनै मधेशका जनता हुन्। जुन उद्देश्य प्राप्त गर्नका लागि आहुती दिएका छन् त्यो उद्देश्य प्राप्त नभएसम्म सरकारमा जान्छ भने स्वभाविकै रूपमा मधेशी जनता सन्तुष्ट हुँदैनन्। समग्रमा भन्ने हो भने त जनता त असन्तुष्ट नै छ। मधेशी दलले मधेशी जनताको मत पाएका छन् तर ती दलहरूले जनताको अपेक्षा, भावना अनुसार अहिले संसदमा काम गरिदिनुपर्दछ। मधेशी जनताको हक अधिकारको लागि काम गर्न सकेनन् भने उनीहरूसँग मधेशी जनता कसरी खुशी होलान् र ?

**० यस्तो अवस्थामा मधेशमा वैकल्पिक शक्तिको खोजी हुँदैछ ?**

– हो। वैकल्पिक शक्तिको खोजी हुँदैछ।

**० कस्ता किसिमका वैकल्पिक शक्तिको खोजी हुँदैछ ?**

– मधेशमा मात्र होइन, पहाडमा पनि वैकल्पिक शक्तिको खोजी हुँदैछ। किनभने यो परम्परागत राजनीतिक प्रणालीबाट नेपाली जनता आजित भइसकेका छन्। जुन राजनीति पञ्चायतकालदेखि अहिलेसम्म एकैनासले शासन गरिरहेका छन्। विश्वविद्यालय जस्तो गरिमामय स्थानमा समेत चरम राजनीतिकरण भइरहेको छ। विश्वविद्यालयको हरेक तहमा दलहरूले नै घेरेको हुन्छ। शिक्षा जस्तो क्षेत्रमा यस्तो भएपछि देशको भविष्य कता जान्छ। शिक्षा क्षेत्रमा मात्र होइन हरेक क्षेत्रमा यस्तो अवस्था छ। त्यसकारण यो परम्परागत राजनीतिबाट देश चल्नेवाला छैन। परम्परागत राजनीतिबाट देश चलाउन खोज्छ भने यो देशको सचेत नागरिकले वैकल्पिक शक्तिको खोजीमा निस्कन्छ र यहाँ वैकल्पिक शक्ति केही समय पछि निस्कन्छ।

**० अहिले नयाँ शक्ति पार्टी नेपाल के गर्दैछ ?**

– मूलतः नयाँ शक्ति पार्टी नेपालले अहिले आफ्नो वैचारिक पक्षलाई स्पष्ट रूपमा जनतासमक्ष राख्दैछ। जनतालाई सम्झाउँदै छ कि नयाँ शक्ति पार्टी के हो र यसको वैचारिक धारणा के हो। किनभने जबसम्म वैचारिक राजनीतिक अवधारणा प्रष्ट हुँदैन, जबसम्म हामी जनतालाई मन मष्तिष्कमा राख्न सक्दैनौं र संरचनात्मक संरचना पनि निर्माण हुन सक्दैन। त्यसकारण नयाँ शक्ति नेपालले अहिले वैकल्पिक शक्ति के हो, नयाँ शक्ति पार्टी भनेको के हो, यसले नेपालमा के गर्छ, एमाले, माओवादी, कांग्रेसभन्दा यो किन भिन्न छ भन्ने कुरा नेपाली जनतामा हामी स्थापित गर्दैछौं। यो काम हामीले केही महिना पश्चात नै स्थापित गरिसक्छौं। यसको साथसाथै संगठनात्मक संरचना पनि निर्माण गर्दैछौं। हामीले एक वर्ष भित्रमा नयाँ नेतृत्व पनि चयन गर्नुपर्ने स्थिति छ। त्यसकारण अहिले नयाँ शक्ति पार्टी आफूलाई वैकल्पिक शक्तिको रूपमा परिचित गराउने पक्षमा लागिरहेको छ। अहिले एमाले-माओवादीको सरकारलाई मधेशवादी दलहरूले पनि समर्थन गरेको छ। त्यसकारण पनि अहिलेको सरकारले दुईतिहाई मत प्राप्त गरी हामी शक्तिशाली भयौं भन्ने सोचाई राखेको छ। तर हामी के भन्दैछौं भने नयाँ शक्ति पार्टी राष्ट्रिय पार्टी होस् या नहोस् तर हाम्रो अध्यक्षज्यू संघीय संसदमा रहनुभएको छ। यदि उहाँले राम्रो भूमिका खेल्नुभयो भने कांग्रेसभन्दा पनि बढी विपक्षमा हामी उभिन सक्छौं। उहाँले यो भूमिका खेल्न पनि सक्नुपर्छ किनभने नेपाली कांग्रेसले त्यो भूमिका निर्वाह गर्न सक्दैन। किनभने नेपाली कांग्रेस पनि परम्परागत राजनीतिककै एउटा रूप हो। नयाँ शक्ति पार्टी संसदमा एउटै सिट भए पनि विपक्षी दलको भूमिकामा हुनुपर्दछ भन्ने मलाई लाग्दछ।

**० नयाँ शक्ति पार्टीमा पहिलेको जस्तो आकर्षण अहिले हराउँदै गएको महशुस गर्नुहुन्छ ?**

– हो, यो कुराको त मैले पनि महशुस गरिरहेको छु। सहि कुरा भन्न मलाई कुनै गाह्रो हुँदैन। जुन समय रातारात एउटा इतिहास लेखेको नयाँ शक्ति पार्टी अहिले त्यसमा कम आएको छ।

**० यस्तो हुनुको कारण के होला ?**

– यसका कारणहरू पनि धेरै छन्। तपाईं जब नयाँ सोच, विचारलाई आत्मसात गर्नुहुन्छ, त्यसमा उतार चढाव भइरहन्छ। नयाँ कुरालाई स्थापित गर्न समय त लागि नै हाल्छ। २०५२ सालमा माओवादीले जनयुद्ध सुरू गर्दा माओवादीमा कति जाना थिए र, तर अहिले माओवादी देशको दोस्रो ठूलो पार्टी बनेको छ। मधेशमा सद्भावना पार्टी हुँदा मधेश शब्द राख्नलाई नै कति संघर्ष गर्नु परेको थियो तर आज हरेक क्षेत्रमा मधेश शब्द आइरहेको छ। जुन समयमा सद्भावना पार्टी मधेशी शक्तिको रूपमा थिए आज देशकै शक्तिको रूपमा स्थापना भएको छ। नयाँ शक्ति पार्टीमा पनि पहिले जुन किसिमको आकर्षण थियो त्यो अहिले कम भएको छ यसमा कुनै दुइमत छैन। तर नयाँ शक्ति पार्टी परम्परागत राजनीतिको विरोधमा छ। यो पार्टी नयाँ सोचका साथ आएको छ। त्यसैले आगामी दिनमा यो सोचलाई हामीले स्थापित गर्न सक्यौं भने देश नयाँपनबाट विश्वमा परिचित हुन सक्छ।

**० निर्वाचनमा पनि नयाँ शक्तिले खासै सफलता हासिल गर्न सकेन र प्रभावशाली नेताहरू पनि पलायन हुँदै छन् यसलाई कसरी हेर्नुहुन्छ ?**

– छोटो समयमा नै नयाँ शक्ति पार्टी यहाँसम्म आइपुग्नु भनेको आफैमा उपलब्धीपूर्ण काम हो। ५० वटा पार्टीले निर्वाचनमा भाग लिएको मध्ये १३ वटा पार्टीले मात्र अहिले संसद र प्रदेश सभामा सिट पाए। त्यसमध्ये पनि २ वर्ष पहिला मात्र खुलेको पार्टी ७ औं स्थान हुनु भनेको आफैमा उपलब्धीपूर्ण काम हो। अब तपाई आफै भन्नुहोस् कि प्रभावशाली नेता भनेको को हो ? जो आफ्नो स्वार्थ परिपूर्ती गर्न मात्र नयाँ शक्तिमा आएका थिए र स्वार्थ पूरा गर्न नसक्दा जहाँबाट आएको हो त्यही गए। के त्यस्ता नेतालाई प्रभावशाली भनन मिल्छ ? हामीलाई अहिले नै सरकारमा जान कुनै हतार छैन। हामी पहिले आफ्नो स्थान मात्र स्थापित गर्न चाहन्छौं।

**० प्रतिनिधि सभामा एउटा मात्र सिट रहेको नयाँ शक्ति पार्टीले संविधान संशोधनमा कस्तो भूमिका खेल्छ ?**

– मधेशी, आदिवासी, जनजातिको लागि संविधान संशोधनको मागको हामीले जुन बुँदा राखेका छौं, त्यसमा हाम्रो पूर्ण सहमत नै छ। मधेशी दलहरूको पक्षमा हुबहु नलागे पनि जब मधेशी जनताको हक अधिकारको बारेमा विधेयक संसदमा पेश हुन्छ त्यसमा नयाँ शक्ति पार्टीको पूर्ण सहमती हुनेछ, यसमा कुनै दुईमत छैन।

नयाँ शक्ति पार्टीमा पनि पहिले जुन किसिमको आकर्षण थियो त्यो अहिले कम भएको छ यसमा कुनै दुइमत छैन। तर नयाँ शक्ति पार्टी परम्परागत राजनीतिको विरोधमा छ।

# प्रदेश २ को सरकारको सयदिने कार्ययोजना

**लगानी मैत्री प्रदेश**

- यो प्रदेशलाई लगानीमैत्री प्रदेशको रूपमा विकास गरिने छ। प्रदेशमा लगानीकर्तालाई प्रोत्साहित गर्नको लागि लगानी नीति निर्माण गरि प्रदेशस्तरीय लगानी बोर्डको स्थापना गरिनेछ।
- लगानीकर्तालाई सहज तरिकाले जग्गा उपलब्ध गराउन आवश्यक सहयोग गरिने छ।
- प्रदेशका आठवटै जिल्लामा विशेष आर्थिक क्षेत्र घोषणा गरिने छ। घोषणा गरिएको विशेष आर्थिक क्षेत्रमा विद्युत, सडक, सुरक्षा, पानी लगायतको आपूर्ती सहज बनाइने छ।
- आर्थिक क्षेत्रलाई बन्द, हडताल, चक्काजाम, अवरोध मुक्त क्षेत्र बनाउनेनीति ल्याइनेछ।
- अन्न उत्पादन, तरकारीखेती, माछा पालन, फलफुलखेतीलाई प्रोत्साहित गर्दै हरित प्रदेशको रूपमा विकास गरिने छ।
- प्रदेशमा कृषि उत्पादन भण्डारण गर्नको लागि किसानहरूलाई पायक पर्ने स्थानमा चिस्यान घर( कोल्डस्टोर) हरूको निर्माण गरिने छ।
- साना सिंचाइ तथा ट्युववेल सिंचाई आयोजना मार्फत सिचाईतर्फ जोड दिइनेछ।
- यस प्रदेशलाई माछा उत्पादनमा विशिष्टिकरण गर्दै अर्गेनिक माछा जोनको रूपमा विकास गरिने छ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्नको लागि उपकरणहरू सहुलियत दरमा उपलब्ध गराइनेछ।
- भुमी उपयोगिताको लागि चकलाबन्दी (प्लटिब) गरी सामूहिक तथा सहकारी खेती गर्ने परम्पराको विकास गरिने छ।
- चुरे संरक्षण सम्बन्धी नीति ल्याइने छ। यसका लागि अन्तरप्रदेशीय सहयोग र समन्वय लिने छ।
- बजार व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ र किसानहरूलाई प्राब्गारिक मल प्रयोग गर्न प्रोत्साहित गरिनेछ।
- डेरी उद्योग, टमाटर क्याचेप, तरकारी प्रशोधन, जुस प्रशोधन जस्ता साना उद्योगहरू स्थापना गरिनेछ। यसका लागि वैदेशिक रोजगारमा रहेका युवाहरूलाई स्वदेशमैस्वरोजगार हनु सिप र लगानी गर्न न्युनतम दरमा ऋण उपलब्ध गराउनको लागि बैंकहरूसंग सहमति गर्न पहल गरिनेछ।
- सामूहिक गाईपालन तथा भैंसी पालनको लागि प्रोत्साहित गरिने, सहज तरिकाले न्युन ब्याज दरमा ऋण उपलब्ध गराउनका साथै वीमा समेतको व्यवस्था गरिनेछ।
- प्रदेशको प्रत्येक जिल्लामा मझौला उद्योग स्थापना गर्न स्वदेशी तथा विदेशी लगानीकर्तालाई अधिकतम सहुलियत प्रदान गरिने छ।
- जनतामा देखिने परिणाममुखी कार्य प्रणाली अपनाइनेछ।
- आधुनिक शहर स्थापना गर्नको लागि आठै जिल्लामा कम्तिमा एक वटा (कबचत अष्तथ) को नीति ल्याइने छ।
- प्रदेश भित्रका सबैजिल्लामा रहके ा मठमन्दिर तथा पाटीपौवाकोस्वामित्वमा रहेका गुठी जग्गा तथा अन्य सरकारी र सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापन गर्ने नीति ल्याइने छ।

**खरीद प्रक्रिया तथा जवाफदेही संयन्त्र**

- प्रदेशको सार्वजनिक खरिद प्रणालीलाई
- पारदर्शी, छिटोछरितो र जवाफदेही वनाउन यथाशिघ्र कानुन निर्माण गरिने छ।
- खरिद प्रणाली तथा भ्रष्टाचार नियन्त्रणका लागि प्रदेश मुख्यमन्त्रीको मातहत रहने गरी एक छुट्टै अनुगमन निकाय खडा गरिने छ। सो अनुगमन निकायको काम विकास निर्माणको कार्यहरू (समयमा सम्पन्न भयो/भएन, भएको कार्य गुणस्तरिय छ/छैन र अनियमितता निगरानी गरी कारवाहीको लागि सिफारिस गर्न सक्ने अधिकार हुने छ।

**तत्काल लागु गरिने केही योजना**

- मुख्यमन्त्री स्वच्छता अभियान (आठ वटै जिल्लामा)।
- मुख्यमन्त्री वेटी पढाउ वेटी वचाउ योजना अन्तर्गत नयाँ जन्मिने छोरीहरूको हकमा प्रदेश सरकारले विमा कम्पनीसंगको साझेदारीमा छोरीहरूको शिक्षा बिमाको नीति ल्याइने छ।
- शहिद प्रतिष्ठानको स्थापना गरी शहिद परिवारको लागि एक परिवार एक रोजगार कार्यक्रम ल्याइने छ।
- महिला हिंसा, दाइजो उन्मुलन, वालविवाह, बोक्सी प्रथा, छुवाछुत निर्मुल गर्न ल्याइने कानूनमा कडा प्रावधान राखिने छ।
- महिला सुरक्षित, समाज सुरक्षित भन्ने मूल नाराको आधारमा महिलाको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न कानूनमा विशेष व्यवस्था गरिनेछ।
- स्थानीय तथा संघीय सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वको नीतिको आधारमा कामहरू अगाडी बढाइनेछ।
- अन्तरप्रदेशीय परिषद्मा सक्रिय उपस्थितिका साथै त्यसको बठैक बोलाउनसमेत अग्रसरता लिइनेछ।
- डोम, चमार, दुसाध र मुसहर शिक्षा योजना अन्तर्गत छोराछोरीलाई विद्यालय पठाउने डोम, चमार, दुसाध र मुसहर समुदायका मानिसहरूलाई आवश्यक सबै सहयोगको नीति ल्याइनेछ।
- स्थानीय तहका आवासीय क्षेत्रहरूलाई जोडन सडक विस्तार तथा कालो पत्रे गर्ने योजनालाई मूख्यमन्त्री सडक योजना अन्तर्गत ल्याइने छ।
- हिंसा पीडित महिलाहरूले नि:शुल्क एसएमएस मार्फत आफ्नो समस्या प्रदेश सरकार समक्ष पुर्‍याउन सक्नेछ र सहयोगका लागि मुख्यमन्त्री कार्यालयमा महिला सुरक्षा डेस्क खडा गरिने छ।
- प्रदेश प्रहरी भर्ना तथा सशक्तिकरणका लागि तालिम केन्द्रको स्थापना संगै प्रदेश प्रहरीलाई जनमुखी बनाइने छ।
- धार्मिक एवम् पर्यटकीय स्थलहरूको व्यवस्थापन र स्तरोन्नति नियमन गर्न धार्मिक एवम् पर्यटकीय स्थलहरूको पहिचान, जीर्णोद्धार गरी धार्मिक पर्यटन प्रवर्द्धनको लागि बजेट छुट्याईने छ। सिरहाको सलहेश, जनकपुरधाम, धनुषाधाम, सप्तरीको छिनमस्ता, सर्लाहीको नाढिमन ताल, सतही विहुला, नारायणपुर नाजिर मजार, सप्तरीको ठेलिया दह, महोत्तरीको पड़ौलस्थान, रौजा मजार, बाराको गढीमाई, सिम्रोनगढ, पर्साको ऐतिहासिक गहवा माई मन्दिर जस्ता बुद्धिष्ट, जैन लगायत ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय स्थलहरूको विकास गरिनेछ।

**समस्याको पहिचान तथा प्राथमिकीकरण**

- प्रदेश भित्रको समस्याको पहिचान तथा प्राथमिकीकरण गर्न आठ वटै जिल्लामा यथाशिघ्र बृहत छलफलको आयोजना गरिने छ। छलफलबाट प्राप्त सुझाव, सल्लाहलाई प्राथमिकतामा राखेर अगामी आर्थिक योजनामा समावेश गरिने छ।
- त्यस्तै छलफलको लागि गएको वेला गाउँका सर्वसाधारणको आवाज नछुटोस् भनी पिछडिएको ग्रामीण दलित वस्तीमा आपकी सरकार आपके द्वार आयोजना गरिने छ।

**यातायात तथा सडक:**

- निर्माण कार्यहरूमा उच्चस्तरको गुणस्तर कायम गर्ने नीति अवलम्बन गरिने छ। यसका लागि मुख्यमन्त्री एवं मन्त्री परिषद् कार्यालयको अधिनमा छुटै निकायको स्थापना गरिने छ।
- प्रदेशमा एउटा सडक गुणस्तर वोर्ड गठन गरिने छ। सडक निर्माणको गुणस्तर र समयसीमा उक्त बोर्डले निरीक्षण गर्ने तथा कारवाहीको लागि सिफारिस गर्ने छ।
- वातावरणको संरक्षण: जंगल क्षेत्रको व्यवस्थापन गर्ने र ऐलानी पर्तीचौरमा वृक्षारोपणको साथै चरन क्षेत्र तथा पार्कको रूपमा विकास गरिने छ।
- वातावरण संरक्षण गर्नको लागि जिल्लामा रहेका नदीहरूको छेउछाउमा वृक्षारोपण गरिने छ। सडकपेट्टीमा वृक्षारोपण गर्ने नीति लिइने छ र शहरहरूमा खुल्ला पार्कहरूको निर्माणको थालनी गरिनेछ।

**प्रदेश नीति आयोग**

- समग्र प्रदेशको विकास निर्माणको योजना वनाउन तथा सो योजना कार्यान्वयनको अनुगमन गर्न तत्काल प्रदेश नीति आयोग गठन गरिने छ।

**प्रदेश शिक्षा सुधार कार्यक्रम**

- प्रदेशलाई शिक्षा हबको रूपमा विकास गर्न तथा मातृ भाषामा शिक्षा लागु गर्न शिक्षा कार्यदल गठन हुने छ। यो कार्यदलले शिक्षामा गुणस्तरीय सुधार गर्न तथा प्राविधिक शिक्षाको विकास गर्नको लागि बुझाएको प्रतिवेदनलाई कानून निर्माणको बखत महत्व दिइनेछ।

**प्रदेश स्वास्थ्य अध्ययन समिति**

- स्वास्थ्य अवस्था सुधार गर्न ( चिकित्सकहरू रह्ने) एक समिति गठन गरिने छ। सो समितिले प्रदेश भित्र रहके ा स्वास्थ्य संस्था तथा मेडिकल कलेजहरूको अवस्था अध्ययन गरी त्यसमा गरिनुपर्ने सुधारको लागि सिफारिस गरिने छ। सोही प्रतिवेदनको आधारमा प्रदेश सरकारले यथासिघ्र स्वास्थ्य सम्बन्धमा कानून निर्माण गर्ने छ।

**मुख्यमन्त्री राहत कोषको स्थापना**

रू बर्षेनी हुने बाढी, आगलागी, शितलहर लगायतको विपद्बाट हुने जनधनको क्षतिको बेला जनतालाई राहत तथा सहयोग गर्नको लागि मुख्यमन्त्री राहत कोष को स्थापना गरिने छ। यसै कोष अन्तर्गत प्राकृतिक प्रकोप नियन्त्रण अध्ययन तथा अनुगमन समिति तथा राहत उद्धार समिति हुनेछ।

**युवा बहिर्गमनलाई न्युनिकरण गर्ने**

- विदेशिएका युवाहरूको स्वरोजगारको लागि सीपमुलक तालिमको व्यवस्था मिलाइने छ। रोजगारीकोअवसर सिर्जना गरी युवा बहिर्ग मनलाई न्युनिकरण गरिनेछ।

**वैदेशिक रोजगारीमा रहेका परिवारको सामाजिक सुरक्षा तथा विकास**

- वैदेशिक रोजगारीमा गएको परिवारको सामाजिक सुरक्षा, स्वास्थ्य तथा शिक्षामा सहज पहुँचको लागि नीति ल्याइने छ।

**द्रुत कानून निर्माण:**

- प्रदेशमा कानूनी शासन कायम गर्नको लागि द्रुत गतिमा ऐन कानून निर्माण कार्य अघि बढाइने छ।
- आर्थिक कार्यविधि ऐन, कर उठाउने सम्बन्धी ऐन, मुख्यमन्त्री तथा मन्त्रीहरू, सभामुख, उपसभामुख र प्रदेश सभा सदस्यहरूको सेवा सुविधा सम्बन्धी ऐन, स्थानीय तहका पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी ऐन, प्रदेश लोक सेवा आयोग ऐन, मुख्यन्यायाधीवक्ताको काम, कर्तव्य र अधिकारसम्बन्धी ऐन, प्रदेश प्रहरी ऐन, लगायत संविधानको अनुसूची ६, ७ र ९ मा रहके ो अधिकार तथा संविधानको धारा ६० लगायतका विषयमा यथाशीघ्र कानून निर्माण गरिने छ।
- प्रदेश सरकारले बनाउनुपर्ने कानुन निर्माणमा सहजीकरण गर्न कानुन निर्माण सहजीकरण समिति गठन गरिने छ।

(नोट:- यो कार्य योजनामा रहेका कतिपय विषयहरू १०० दिनमा गर्ने खालको छ भने कतिपय विषयहरू आउने वर्षको वार्षिक कार्य योजनामा राख्ने खालका छन्, त्यस्तै कतिपय विषयहरू प्रदेश सरकारको पञ्चवर्षीय योजनामा सामेल गर्ने योजना छ।)

धन्यवाद !

मिति : २०७४ चैत १३ गते

## दस्तावेज



सयदिने कार्ययोजना सार्वजनिक गर्दै मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी।

## मधेश अपडेट

### आरक्षण शोषित-पीडितका लागि हुन्छ : यादव

राकेश यादव, रौतहट। संघीय समाजवादी फोरम नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले युरोपियन युनियनको सुझाव जायज रहेको बताएका छन्। निर्वाचनको पर्यवेक्षणपछि यूनियनले दिएको प्रतिवेदन सकारात्मक भएको यादवले दावी गरे। रौतहटको सदरमुकाम गौरमा सूचना तथा सञ्चार मन्त्रालय सूचना विभागको आयोजना शुक्रबारदेखि शुरू भएको पाँचदिने आधारभूत पत्रकारिता तालिमको उद्घाटनपछि संचारकर्मीहरूसँग कुरा गर्दै पूर्वपरराष्ट्रमन्त्री यादवले यूनियनको सुझावलाई ग्रहण गर्नुको साटो विरोध गर्नु नाजायज भएको टिपण्णी गरेका छन्। अध्यक्ष यादवले भने, 'परराष्ट्रले हतारमा आएर विज्ञप्ति जारी गरेको छ, जुन परराष्ट्र नीति विपरीत रहेको छ। कुनै पनि मुलुकमा शासकवर्गको जातीय आरक्षण हुँदैन।' नेपालमा पीडित शोषितको आरक्षण नगरी सदियौंदेखि शासण र शोषण गर्नेको आरक्षण गलत रहेको बताए। वर्तमान सरकारप्रति लक्षित गर्दै यादवले पक्षमा बोल्यो भने राम्रो, सत्य कुरा गर्दा आलोचना र विरोध गर्नु पहिला बानी रहेको आरोप लगाए। मधेश आन्दोलनको बेलादेखि आवाज उठाउँदै आएको कुरालाइ यूनियनले सहयोग गरेको बताउँदै अध्यक्ष यादवले निर्वाचनको पर्यवेक्षण गर्न आफूहरूले नै आग्रह गरेको खुलाशा गरे। मधेशी, आदिवासी, दलित, जनजाति, मुस्लिम, विपन्न वर्गको अधिकारका लागि यूरोपियन यूनियनको प्रतिवेदन सकारात्मक रहेको उनको तर्क रहेको छ। मुलुकमा राजनीतिक स्थिरता, स्थायित्वका लागि वाम गठवन्धनको सरकारको सहयोग गरेको प्रस्ट गर्दै यादवले संघीयता, लोकतन्त्र, गणतन्त्र, नागरिक अधिकारको संरक्षण गर्नु मुख्य दायित्व भएकोले सरकारको समर्थन गरेको बताए।

### इयुको प्रतिवेदन राष्ट्रियतामाथि हस्तक्षेप : गच्छदार

विराटनगर। युरोपियन युनियनको प्रतिवेदनका कारण नेपालका राजनीतिक दलहरू दुई खेमामा विभाजित भएको देखिन्छ। इयुको प्रतिवेदनलाई मधेशकेन्द्रित दल तथा बुद्धिजीबीहरूले समर्थन जनाएका छन् भने अन्य राजनीतिक दल र सरकारले हस्तक्षेपको रूपमा लिएको छ। यसै सन्दर्भमा विराटनगर विमानस्थलमा नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदारले युरोपियन युनियनको प्रतिवेदनले सर्वभौम राष्ट्रमाथिको हस्तक्षेप भएको टिप्पणी गरेका छन्। उनले नेपालको संविधानको विषयमा विदेशी राष्ट्रहरूलाई बोल्ने अधिकार नरहेको बताएका छन्। नेपाली जनताले वनाएको सार्वभौम संविधानबारे टिका टिपणीगर्ने अधिकार कुनै विदेशी राष्ट्रलाई नभएको उनले बताए।

### बिनादाइजो विवाह गर्ने जोडीलाई सम्मान



वीरगन्ज। पर्सा जिल्लामा फेरि एक अन्तरजारीय बिनादाइजो बिहे गर्ने जोडीलाई सम्मान गरिएको छ। बाल विवाह तथा दाईजो उन्मूलन राष्ट्रिय अभियान नेपालले सम्मान गरेको हो। वीरगन्जस्थित गीता मन्दिरमा शनिबार पकाहामैनपुर गाउँपालिका मधुवनीका त्रिलोकी प्रसाद पटेल र धोरेकी रिना मेहताबीच बिनादाइजो उनीहरूको अभिभावकको उपस्थितिमा हिन्दू धार्मिक विधिअनुसार विवाह सम्पन्न भएको हो। वैवाहिक नवदम्पतिलाई बालबिबाह तथा दाइजो उन्मूलन राष्ट्रिय अभियान नेपालले प्रशांसा पत्रको साथै ससम्मान शुभकामना तथा बधाई ज्ञापन गरेको थियो। त्रिलोकी अमेरिकाको कोलोरिडास्थित कलेजमा स्नातक अध्ययन गरिरहेका छन् भने रिना स्नातक तह सकाएर वीरगन्जको माइस्थान विद्यापीठ माविमा अध्यापन गर्छिन्।

### बालबालिकालाई आधारभूत कम्प्युटर तालिम

नेपालगन्ज। नेपालगन्ज उपमहानगरपालिका वडा नं. २ का बालबालिहरूलाई तीनमहिने नि:शुल्क आधारभूत कम्प्युटर तालिमको सुरूवात गरिएको छ। "आर्थिक विकास र लक्ष्य प्राप्तिका लागि सहकारीको मूल नाराका साथ नेपालगञ्ज वडा नं २ र गुरूकुल बचत तथा ऋण सहकारी संस्थाको साझेदारी लक्षित वर्गअन्तर्गत सो कार्यक्रमको आयोजना गरिएको छ। गुरूकुल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुरेन्द्र सिंह सरदारको सभापतित्वमा भएको कार्यक्रममा वडा नं. २ का वडा अध्यक्ष सुनिल सिंह हमाल, जिल्ला सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, विषयगत बचत तथा ऋण सहकारी संघका अध्यक्ष विनोद शाह, बहुउद्देश्यीय जिल्ला सहकारी संघका जिल्ला अध्यक्ष भुपेन्द्र अधिकारी, वडा सदस्यहरू, गुरूकुल सञ्चालक सदस्यहरू कर्मचारीहरूलगयत कम्प्युटर तालिम लिने प्रशिक्षार्थीहरू र अभिभावकको उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपालगञ्ज उपमहानगरपालिका उप मेयर उमा थापा मगरले अहिलेको युगमा कम्प्युटर शिक्षाको निकै आवश्क भएको बताउँदै यसखाले कार्यक्रम सफल हुने बताइन्। कार्यक्रमको सञ्चालन सस्थाका व्यवस्थापक टिकाराम चौधरी गरेका थिए।

### राज्यविहीन संघर्ष समिति गठन

जनकपुरधाम। राज्यले आफ्नै नागरिकसंग परिचय खोज्दै अनागरिकसरह व्यवहार गर्न थालेपछि राज्यविहिन भएका यूवाहरू धनुषामा नागरिकता प्राप्तिका लागि संगठित भएका छन्। आईतबार जनकपुरमा नागरिकता प्राप्तिका लागि किसन साहको अध्यक्षतामा ११ सदस्यीय राज्यविहिन संघर्ष समिति गठन भएको छ। तराई मानवअधिकार रक्षक संजालको समन्वयमा भएको भेलाबाट गठित भएको उक्त संघर्ष समितिको सचिव संजिता कुमारी शर्मा रहेका छन् भने सदस्यहरूमा गौरव गुप्ता, मिथलेश महतो, सुरेश कापर, वैद्यनाथ मण्डल, अमरेन्द्र नारायण महतो, सुमित गुप्ता, अनिल महतो, अमित कुमार बडही र विक्रम साह रहेका छन्। सो संघर्ष समिति गठनको क्रममा राज्यविहिन संघर्ष समितिका केन्द्रिय अध्यक्ष अर्जुन साह र थर्ड एलायन्सका मानवअधिकार अधिकृत किरण कुमार कर्ण लगायतकाहरूको उपस्थिती रहेको थियो। समिति गठन भए लगत्तै अध्यक्ष साहलेसोमबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम तय गरिएको जानकारी दिए।

### रेगमार्ग विस्तारका लागि माटो परीक्षण हुँदै

कपिलवस्तु। पूर्व-पश्चिम रेलमार्ग सञ्चालनको योजनाअनुसार रेलमार्ग विस्तारका लागि कपिलवस्तु क्षेत्रमा माटो परीक्षण कार्य सुरू गरिएको छ। प्याकेज-१ अन्तर्गत विभिन्न स्थानमा माटो परीक्षण भइरहेको छ। सो खण्डको माटो परीक्षणको जिम्मा पाएको इआरएमसिजिओ टेक्निकल प्रालिले काम अगाडि बढाएको छ। माटो परीक्षण प्रत्येक ५०० मिटरमा गर्ने गरिएको छ। पुल क्षेत्रमा ३० मिटर र मैदान क्षेत्रमा १५ मिटर गहिराइमा पुगी नमूना संकलन गरिएको छ। प्राविधिक टोलीले नमूना संकलन गरेको छ। संकलित नमूनालाई परीक्षणका लागि काठमाडौं लगिनेछ। नमूना संकलनका लागि रोटरी रिभर्स र जिओ कोर सिस्टम नामक दुई यन्त्र प्रयोगमा ल्याइएको छ।

### संघीयता खारेजको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापन

बुटवल। प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखेलले संघीयता राज्यको चरित्र नभई शासन प्रणालीको अभ्यासमात्रै भएको बताएका छन्। राष्ट्रिय जनमोर्चा ५ नं. प्रदेश समितिले बुधबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बुटवलमा दिएको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्रीले यस्तो बताएका हुन्। संविधान निर्माण अगावैदेखि संघीयताको विरोध गर्दै आएको राष्ट्रिय जनमोर्चाको केन्द्रिय कार्यक्रमअनुसार देशभरका प्रदेश कार्यालय र मुख्यमन्त्रीहरूलाई ज्ञापन पत्र बुझाईएको हो। संविधान कार्यान्वयन भैरहँदा यसको लागी जनमोर्चाले सकारात्मक भूमिका खेलेको भएपनि संघियताले देशको भलो नहुने र यसको खारेजको मागमा जनमोर्चा अडिग रहेको उल्लेख गरिएको ज्ञापनपत्रमा संघियता उपयुक्त नहुदाँ नहुँदै पनि राजनैतिक पार्टीहरूले दबाब र प्रलोभनमा परेर स्वीकार गर्न पुगेको कुरा उल्लेख गरेको छ।

# संघीय निजामती सेवा ऐन जारी गर्न नै अलमल



लक्ष्मी विलास कोइराला

राजनीतिक परिवर्तन तिब्र गतिमा भैरहदा संघ, प्रदेश र स्थानीय तहको कर्मचारी प्रशासनलाई व्यवस्थित गर्ने संघीय निजामती सेवा ऐन जारि गर्न नै अनौठोरूपमा राजनीतिक तहमा अलमल भैरहेको छ । निजामती कर्मचारी व्यवस्थापनको लागि संघीय निजामती सेवा ऐन, संघ प्रदेश र स्थानीयतहका सरकारको संगठन तथा दरवन्दी संवन्धी ऐन र कर्मचारी समायोजन ऐन साथसाथै जारी हुनुपर्दथ्यो । तर हतारमा निजामती कर्मचारी समायोजन ऐन मात्र जारी भयो ।

सरकारका तीनै तह संघ, प्रदेश र स्थानीयतहका जनप्रतिनिधिहरू अहिले अनुभवी कर्मचारीको खोजीमा हुनुहुन्छ । सरकारको सामुन्ने कर्मचारीलाई प्रदेश र स्थानीयतहमा कर्मचारी जसरी पनि पठाउनु पर्ने भएकोछ । संघीय शासन व्यवस्थाको सञ्चालनको लागि संघ, प्रदेश र स्थानीयतहमा कर्मचारी प्रशासन व्यवस्थित गर्न संघीय निजामती सेवा ऐन अति आवश्यक हुन्छ । संघीय निजामती सेवा ऐन जारी गर्न नसक्दा कर्मचारी व्यवस्थापनमा समस्याहरू देखिए ।

संघीय निजामती सेवा ऐन संघ प्रदेश र स्थानीय तहको निजामती प्रशासन सञ्चालन गर्ने मार्गदर्शक ऐन हो । संघीय ऐनमा संघ प्रदेश र स्थानीय तहको निजामती सेवा र निजामती कर्मचारीहरूको व्यवस्थापनका लागि सिद्धान्त, सेवाका शर्त र सुविधा तथा संघ प्रदेश र स्थानीय तहमा रहने पद र श्रेणीको मर्यादाक्रम स्पष्ट खुलेको हुनुपर्दछ ।

देश संघीयशासन प्रणालीमा रूपान्तरण हुँदै गर्दा सबै पक्ष ठीक तर कर्मचारी र कर्मचारीतन्त्र मात्र बेठीक भन्ने स्वर सर्वत्र मुखरित हुनु राम्रो होईन । निजामती सेवा र कर्मचारीलाई परिचालन गर्न राजनीतिक नेतृत्व चुक्यो र कर्मचारीहरूको संवेदनशीलता बुझ्न सकेन भने कर्मचारी कसरी सहजै परिचालित हुन्छ र ? कर्मचारीको घर छ, परिवार छ, वृत्ति विकास छ र उसँग कमलो मन पनि छ ।कर्मचारीले प्रदेश र स्थानीय तहमा जान धेरै तलव खोजेका होईनन् र ईन्कार गरेका पनि छैनन् । राजनीतिक तहमाभने निजामती कर्मचारीले सरकारी तलब खाएपछि जसो भन्यो त्यसै गर्नुपर्छ भन्ने रूखो सोंच छ । विगतमा कर्मचारी समायोजन ऐनको मात्रै भरमा चलाएको तीरलेकर्मचारीको मन जित्नसकेन । कर्मचारीहरू आफनो अन्यौलग्रस्त वृति विकास देख्दा देख्दै स्वाट्टै कार्यस्थल हिडन धरमराए ।

वर्तमान सरकारका प्रधानमन्त्री के.पी. ओली र सामान्य प्रशासनमन्त्री लालवावु पण्डितले कर्मचारीलाई व्यवस्थितरूपमा परिचालन गर्ने र आवश्यक ऐन तत्काल जारी गर्ने अभिव्यक्ति दिनुभएको छ । सरकार प्रमुख र विभागीय मन्त्रीको आशलाग्दो अभिव्यक्ति मात्र पनि कर्मचारीको लागि दह्रो आड वनेकोछ । निजामती कर्मचारीको परिचालनकर्मचारीको मन छोएर गर्नुपर्ने भएकाले यहाँ कर्मचारी परिचालनका सन्र्दभमा भैरहेका व्यवस्था र हुनुपर्ने आवश्यकपक्षहरूको समीक्षा गर्न सान्दर्भिक देखिन्छ ।

**कर्मचारी खटन पटनमा लटपटिएका पक्षहरू**

(क) एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणालीमा रूपान्तरण हुने क्रममा कर्मचारी व्यवस्थापनको पक्षमा दृष्टि नपुगेकै हो । क्रमश: कर्मचारी परिचालन आवश्यक भएको महसुस भैसकेपछि स्थानीय निकायको संख्या, संघ र प्रदेशमा रहने मन्त्रालयहरूको संख्या किटान नहुँदा स्थानीय र प्रदेशमा आवश्यकपर्ने र संघमा बढी हुने कर्मचारी दरबन्दीको यकिन गर्न कठिनाई भयो । जस्लेगर्दा कहाँ कति कर्मचारीको आवश्यकता हुन्छ भन्ने निश्चित गर्न र आपूर्ति गर्न पनि सकिएन ।

(ख) निजामती कर्मचारी समायोजनलाई प्रारम्भदेखि नै हाउगुजीको रूपमा हेरियो । कर्मचारीलाई प्रदेश र स्थानीयतहमा जबरजस्ती पठाउने र तोकिएको निकायमा नजाने कर्मचारीलाई जागिरबाट नै हटाउने तयारी साथ समायोजन विधेयक व्यवस्थापिका संसदमा पेश पनि गरियो । लोक सेवा आयोग र कर्मचारी आधिकारिक ट्रेड युनियनहरूकोपहलमा कर्मचारीलाई ठाडै सेवाबाट हटाउने प्रावधानलाई नरम बनाए पछि मात्र कर्मचारीलाई तोकिएको ठाउँमा जान उत्सुक गराएको हो ।

(ग)कर्मचारी समायोजन गर्दा कर्मचारीको वृत्तिविकास पक्षलाई पुरै बिर्सिइयो । प्रदेश तथा स्थानीय तहमा खटाईएका कर्मचारीको पदोन्नति के हुने ? तलब कहाँबाट खाने र तोकिएको स्थाानमा गैसकेपछि सरूवा कसरी हुने भन्ने विषयमाबोल्नुपर्ने संघीय निजामती सेवा ऐनको मस्यौदा बनेर पनि थाती रह्यो, हालसम्म पनि जारी भएन ।

(घ) प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारीहरूले एकातर्फ संघबाट खटाएका कर्मचारी आएनन् भन्ने हौवा पिटेर आफैं कर्मचारी भर्ना गर्ने अनपेच्छित आशा गरे भने अर्कोतर्फ स्थानीय तहका रैथाने कर्मचारीहरूले केन्द्रबाट आएका कर्मचारीलाई मौन असहयोग गरेर तर्साउने काम पनि गरिरहे । त्यसमाथि निर्वाचित मैमत्त पदाधिकारीहरूले टाढाबाट सरूवा भई आएको एक्लो कर्मचारीमाथि भनेअनुसार काम गरेन भनेर शारिरीक हातपात गरेर कर्मचारीलाई थप तर्साए ।

यसप्रकारको वातावरणले कर्मचारीलाई तोकिएको कार्यस्थलमा जान अनुत्प्रेरित गरेको तथ्य गम्भिर वने पनि आधिकारिक पदाधिकारीको ध्यान खिच्न सकेन ।

(ङ)संघ, प्रदेश र स्थानीयतहमा कर्मचारी समायोजन गर्न ल्याईएको ऐनमा गोल्डेन ह्याण्डसेकको प्रावधान राखेर कर्मचारीलाई घर पठाउने योजना बन्यो । एकातर्फ संघ, प्रदेश र स्थानीय तहमा धेरै नै कर्मचारी आवश्यकपर्ने बेलामा भैरहेका कर्मचारीलाई घर पठाउने नीति सान्दर्भिक पनि बनेन् । निशर्त स्वेच्छिक अवकाशको व्यवस्थाले कर्मचारी समायोजनमा थप अन्योलता र आर्थिक भार वढाउने अवस्था ल्याईदियो भने अर्कोतर्फ देशमा तत्काल कर्मचारी आवश्यकता पूर्ति गर्न सम्भव नभइरहेको अवस्थामा सरकारका अनुभवी कर्मचारीहरू विश्वभर कै तुलनामा कम अन्ठाउन्न वर्ष उमेरमा नै अवकाश भैरहे ।

अहिले विश्व प्रशासन क्षेत्रमा अनुभवी कर्मचारीलाई घर पठाउने होईन वरू **"रिटायर द रिटायरमेन्ट"**भन्ने सिद्धान्तअनुरूप रिटायरमेन्टलाई नै रिटायर गर्दैलामो अनुभव भएका कर्मचारीलाई धेरै समय काममा लगाउनु पर्छ भन्ने नवीन सोंच आईरहेकोछ । यस सिद्धान्तअनुरूपअवकाश उमेर बढाउने गरी मस्यौदा तयार भएको संघीय निजामती सेवा ऐन जारी गर्ने विषयले प्राथमिकता पनि पाएन ।

साथै, राजनीतिक तहमा स्पष्ट दृष्टिकोणको वदलामा राजनीतिक दाउपेचको खेलोले प्रदेश र स्थानीयतहमा कर्मचारी मात्रै होईन कार्यक्रम र वजेट पनि पुग्न सकेन ।

(च) संघ, प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीको तदर्थ आवश्यकता पहिचान गरी स्थानीय तह, प्रदेश र संघको लागि लगभग आवश्यक पर्ने जनशक्ति पहिचान गरी प्रदेश र स्थानीय तह तोकेर कर्मचारी सिफारिश गरिदिन वेलैमा लोक सेवा आयोगमा माग गर्न पनि सकिएन । परिणामत: कर्मचारीको अभाव सर्वत्र देखिन गयो ।

(छ)कर्मचारी समायोजनको सन्दर्भमा कर्मचारी संघ संगठनले एक तह बढुवा गरी कर्मचारी पठाउन माग गरेका थिए । कर्मचारीको स्वत: बढुवा नगरी बढुवा गर्ने सेवा अवधि पुगेका र कम्तीमा पञ्चानब्बे प्रतिशतसम्म कार्यसम्पादनमा अंक ल्याएका जेष्ठ कर्मचारीलाई बढुवा गरी पठाएको भए धेरै कर्मचारी रमाउँदै कार्यस्थल पुग्ने थिए ।सो गर्न सकिएन ।

कर्मचारी व्यवस्थापनमा संवेदशील वन्न नसक्दा कर्मचारीवीच श्रेणी विवादले ठाँउ पायो । प्रमुख जिल्ला अधिकारी भन्दा जुनियर सहसचिवहरू प्रदेशको सचिव बन्न पुगे ।सिर्जना गरिएका अतिरिक्त प्रहरी महानिरिक्षक दरवन्दी कटौति गरिए । संघमा सिनियर सहसचिवहरू विशिष्ट श्रेणीको बढुवा कुरेर बस्न बाध्य भए । कम उमेरमा र फरक फरक उमेरमा कर्मचारी अवकाश भैरहे । अनुभवी कर्मचारीको खडेरी पर्दै गयो । यसरी अव्यवस्थाको चाङले कर्मचारी समायोजन र कार्य सञ्चालनमा वाधा ल्यायो ।

**कर्मचारी आपूर्ति र परिचालनको गाँठो कसरी फुकाउने**

निजामती कर्मचारीहरूसँग कमलो मन हुने भएकाले उनीहरूको परिचालन डर देखाएरभन्दा विहगंम दृष्टिकोण र उत्प्रेरणाका उपायहरू अवलम्वन गर्न सकेमा कर्मचारी आपूर्ति र परिचालनको गाँठो सहजै फुकाउन सकिन्छ । निजामती कर्मचारी परिचालनको कमजोरीको दोष कर्मचारीको टाउकोमा थोपरेर राजनीतिक वृत उम्कन पाउने अवस्था छैन । कमजारी र विराम सवैवाट भएको अवस्थामादोष भने कर्मचारीले मात्रै वेहोर्नु न्यायपूर्ण हुन्छ र ?हुदैन नि ।

(क) संघीय निजामती सेवा ऐन जारी गर्न जति ढिला हुन्छ समस्या समाा त्यति नै जटिल वन्दै जान्छ । संघ, प्रदेश र स्थानीयतहको कर्मचारी प्रशासन व्यवस्थित गर्नु र कर्मचारी प्रशासनमा एकरूपता कायम गर्नु जरूरी हुन्छ । यसकारण देहायका विषयहरू समेटेर संघ प्रदेश र स्थानीय तहको निजामती प्रशासन सञ्चालन र कर्मचारी परिचालन गर्न उत्प्रेरणा र संवेदनशीलताका मूल्य मान्यताहरूको आधारमा वृहत दृष्टिकोण राखी कर्मचारी परिचालन गर्ने स्पष्ट नीति र सिद्धान्तसहितको संघीय निजामती सेवा ऐन मार्गदर्शक ऐनको रूपमा द्रुतविधिद्धारा तत्काल जारी गर्नुपर्दछ ।

(१) गतिशिलताको सिद्धान्त अवलम्वन: निजामती कर्मचारी राष्ट्रिय एकता मजबुत बनाउने सशक्त तत्व हो । निजामती कर्मचारीले राजनीतिक मतभेदमा पनि आँफुलाई तटस्थ राखी राष्ट्रिय एकता र राष्ट्रिय स्वार्थमा अडिग रहन्छ । यसकारण संघ, प्रदेश र स्थानीयतहअर्थात सरकारकोजुनसुकै तहमा काम गरेको भए पनि निजामती कर्मचारीहरूको संघ, प्रदेश र स्थानीयतहको समान तह वा माथिल्लो पदमा सरूवा वा बढुवा भई जान सक्ने गतिशिल व्यवस्था ऐनमा गर्नुपर्दछ ।

(२) मर्यादाक्रमको किटान संवन्धी सिद्धान्त: अन्तर सरकार सरूवा, वढुवा र आदेश कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीयतहमा रहने श्रेणी र पदहरूको मयादाक्रम ऐनमा नै किटान गर्नुपर्दछ ।

(३) समान सेवाका शर्त र न्यूनतम सुविधाको सिद्धान्त: संघ, प्रदेश र स्थानीयतहमा का मगर्ने निजामती सेवाका लागि कर्मचारीहरूको सुविधा, सेवा प्रवेश र अवकाशको समान उमेर, बढुवाका शर्त, सरूवाका आधार, सजायँका आधार र प्रक्रिया, आचारसंहिता, कार्यालय लाग्ने र छुटने समय तथा सार्वजनिक बिदा ( स्थानीय विदा वाहेक)जस्ता पक्षहरू समान हुनुपर्दछ ।

(४) समायोजन भई कार्यस्थलमा जाने कर्मचारीको पदोन्नति कसरी हुने, तलब कहाँवाट खाने र कहिले सरूवा हुने जस्ता विषय पनि संघीय ऐनमा अनिवार्यरूपमा समेटिनु पर्दछ ।

(ख) संघीय आर्थिक ऐनमा संघ, प्रदेश र स्थानीय निकायमा कामगर्ने निजामती कर्मचारीहरूको पद र श्रेणी अनुसार न्यूनतम तलव पनि समान हुनु पर्दछ । तर संघीय शासन प्रणालीमा प्रत्येक सरकार आफनो गच्छे अनुसार फरक फरक भत्ता दिन भने स्वतन्त्र रहने व्यवस्था गर्न आवश्यक हुन्छ ।यसकारण संघीय आर्थिक ऐनमा निजामती कर्मचारीहरूको न्यूनतम तलव समान हुने व्यवस्था गर्नुपर्दछ ।

(ग) ओएण्डएम विधिको अवलम्वन: स्थानीय तह र प्रदेशको तदर्थ ओएण्डएम गरी प्रदेश र स्थानीय तहको लागि आवश्यक कर्मचारी दरवन्दी किटान गरी लोक सेवा आयोगमा तत्काल कर्मचारीको माग गरी पठाउने र लोक सेवा आयोगले पनि द्रुतमार्गवाट कर्मचारी सिफारिश गरी पठाउने व्यवस्था मिलाउनु पर्दछ । यसपछि मात्र वृहत ओएण्डएम गर्न राम्रो हुन्छ ।

संघ, प्रदेश र स्थानीय तहमा लोक सेवा आयोगको सिफारिश बेगर कर्मचारी भर्नामा पूर्णत: लोक लगाउन सकिएन भने कर्मचारीतन्त्रमा अराजकता आउने डर हुन्छ ।

(घ) कर्मचारी परिचालनलाई सहज वनाउन बढुवाका लागि सेवा अवधि पुगेका, कार्यसम्पादन मूल्याकंनमा पन्चान्नब्वेभन्दा धेरै अंक ल्याएका सिनियर कर्मचारीहरूलाई एक तह बढुवा गरि प्रदेश र स्थानीय तहमा कर्मचारी खटाउन अझै पनि उपयुक्त हुन्छ ।

(ङ) कर्मचारीको भौतिक सुरक्षाको लागि प्रत्येक स्थानीय निकायमा प्रहरी चौकी र एक निश्चित दूरीमा सशस्त्र प्रहरी बल रहने व्यवस्था गरि निजामती कर्मचारीलाई सुरक्षाको प्रत्याभूती पनि दिनुपर्दछ ।

(च) सरकारका कर्मचारीहरूफरक फरक उमेरमा अवकाश हुने असमान व्यवस्था हटाई अवकाश उमेर साठी वर्ष कायम गर्ने र शर्तसहितको स्वेच्छिक अवकाश प्रणाली भएमासंघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको आपूर्ति सहजै हुने हुन्छ ।

अन्तमा कर्मचारीतन्त्र र कर्मचारी सरकार जनतावीचको सेतू पनि हो । मुलभूत कुरा सरकार कर्मचारीहरूको अविभावक पनि हो । कर्मचारीको सही परिचालन र सहयोगले सरकारले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ । कर्मचारी व्यवस्थापनमा एउटा पाटो मात्र नहेरि वहुपक्षीय दृष्टिकोण राख्नु पर्दछ । निजामती कर्मचारीहरूलाई सही रूपमा उत्प्रेरित गर्न कर्मचारीका सरोकारका विषयहरू समेटी संघीय निजामती सेवा ऐन तत्काल जारी गर्नु नै वौद्धिक, उदात्त र वैज्ञानिक सोंच हो ।

*laxmibilas@gmail.com*

## कम्बोडियाका उपप्रधानमन्त्रीद्वारा कपिलवस्तु दरबार अवलोकन

कपिलवस्तु । कम्बोडियाका उपप्रधानमन्त्री डा एम लिग्न हेङसहितको टोलीले प्राचीन कपिलवस्तु दरबारको अवलोकन गरेको छ । उपप्रधानमन्त्री हेङसहितको टोलीले भगवान् गौतमबुद्ध जन्मेको लुम्बिनी र २९ वर्ष बिताएको ठाउँ कपिलवस्तु, राजा शुद्धोदनको दरबार तिलौराकोट, सो दरबार क्षेत्रको उत्खनन् गरिएका पूर्वी र पश्चिमी द्वार, सुरक्षा पर्खाललगायतको अवलोकन गरेको हो । तिलौराकोट दरबारमालगातार गरिएको पाँचौं वर्षको उत्खनन् र अन्वेषणले प्राचीन कपिलवस्तुमा बुद्धकालीन समयभन्दाअघि नै मानव सभ्यताको विकास भएको देखिएको बेलायतको दुर्हम विश्वविद्यालयसहितको टोलीले गरेको अध्ययन-अनुसन्धानपछि पुष्टि भएको लुम्बिनी विकास कोष कपिलवस्तुस्थित सम्पर्क कार्यालयका प्रमुख माधवप्रसाद आचार्यले पथप्रदर्शन गर्दै उपप्रधानमन्त्री डा हेङलाई जानकारी गराएका थिए ।

## राजपाका नेताले यौन शोषण गरेको भन्दै न्यायका लागि गुहार

जनकपुरधाम । राष्ट्रिय जनता पार्टी नेपालका एक नेताले महिलालाई यौन शोषण गरेको भन्दै न्यायका लागि गुहार लगाउँदैछिन् । सरूवा गराइदिन्छु भन्दै राजपाका एक नेताले पैसा पनि लिए र यौन शोषणसमेत गरी अहिले फरार रहेको भन्दै गुहार गर्दैछिन् । सोमबारको प्रदेशसभा बैठक सकाएपछि राजपा महामन्त्री मनिष सुमनसँग ती महिलाले गुनासो गरेकी छन् । प्रदेशसभा भवनको ढोका बाहिर निस्कन नपाउँदै एक महिलाले उनलाई रोकिन् र हातमा बोकेको कागजको पन्ना देखाउँदै हार गुहार गर्न थालिन् । ती महिलाको नाम निशा झा हो । निशाले बताए अनुसार उनी स्वास्थ्यकर्मी पनि हुन् । तर, सरूवा गराइदिन्छु भन्दै राजपाका नेता रमन सिंहले आफूलाई शारीरिक शोषण गर्नुका साथै रकम समेत लिएर भागेको उनको आरोप छ । ठगीको आरोपमा उनी जेल परेकी थिइन् । जेलबाट छुटेपछि पूर्व चिनजान भएका रमनले राजपा नेता राजेन्द्र महतोलाई भेटाउँछु भन्दै काठमाडौं ल्याएको भन्दै उनले भनिन्, 'त्यसपछि उनले दुर्व्यहार र शोषण गरे ।' राजपा महासचिव सुमनले न्याय दिलाउने आशा दिलाए ।

## संक्षिप्त समाचार

### प्रदेश २ का मर्यादापालकको नयाँ पोसाक



जनकपुरधाम । प्रदेश २ को प्रदेशसभाको बैठकमा संसदमा मर्यादापालकहरू नयाँ पोशाकमा देखिएका थिए । महिला मर्यादापादकहरूले सेतो सारी, कफी कलरको वन्डी तथा कोट लगाएर उपस्थित भएका छन् भने पुरूषहरूले पनि सोही कलरको कोट, वण्डी लगाएका छन् । पुरूषहरूले भाद्गाउँले टोपी समेत लगाएर पहिलो पटक संसदमा उपस्थित भएका छन् । प्रदेश २ मा आफ्नै भेषभुसा अनुसार पोशाक लगाउन पाउने गरी निर्णय गरिएको थियो । कोट र वण्डीको कलर भने एउटै हुनुपर्ने संसदबाट निर्णय गरिएको थियो । दोस्रो संसद बैठकबाट मर्यादापालकको पोशाक सम्बन्धी निर्णय भएको थियो ।

### सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ : मुख्यमन्त्री

कैलाली । प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले पहिचान, प्रतिनिधित्व र पहुँच नै संघीयताको मूल मर्म रहेको बताए । नेपाल आदिवासी जनजाति महासंघ प्रदेश नं ७ समन्वय परिषद्ले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै उनले भने - "संघीयतालाई संस्थागतरूपमा विकास गर्नका लागि पहिचान र पहुँचलाई मध्यनजर गरी सबैले आ आफ्नो ठाउँबाट सकारात्मक भूमिका निर्वाह गर्नुपर्दछ ।" मुख्यमन्त्री भट्टले प्रदेशको कानून बनाउँदा सम्बन्धित सबै तहस्तरका व्यक्तिलाई बोलाएर छलफल तथा बहस गरिने पनि बताए ।

### समाजवादी पार्टीको कार्य समिति पुनर्गठन

नेपालगन्ज । नेपाल संघीय समाजवादी पार्टी बाँकेले जिल्ला कार्य समिति पुनर्गठन गरेको छ । समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्वगृहराज्यमन्त्री मोहम्मद रिजवान अन्सारीको उपस्थितिमा भएको जिल्ला कार्यकर्ता भेलाबाट कार्यसमिति पुनर्गठन गरिएको हो । पुनर्गठित कार्यसमितिमा जिल्ला अध्यक्ष अब्दुल हन्नान जसगढ, उपाध्यक्ष माया सोनी, सचिव जमील हल्वाई र कोषाध्यक्षमा स्वामी दयाल वर्मा रहेका छन् । यसैगरी, पुनर्गठित जिल्ला कमिटीको सदस्यहरूमा राम कुमार वर्मा, एहशान हल्वाई, सखावत हुसैन खाँ, राजीत शर्मा, सुशील कुमार वर्मा र शहाबुद्दीन जसगढ लगायत रहेका छन् ।

### राई पत्रकार संघको अधिवेशन सम्पन्न

मोरङ । किरात राई पत्रकार संघ मोरङको जिल्ला अधिवेशन सम्पन्न भएको छ । बुधबार भएको दोस्रो अधिवेशनले नारायण राईको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति निर्वाचित गरेको छ । अधिवेशनबाट उपाध्यक्षमा हिमाल राई, सचिवमा लक्षणा राई र कोषाध्यक्षमा विवि राई सर्वसहमतिबाट निर्वाचित भएका हुन् । त्यसैगरी सदस्यहरूमा पर्वत राई, बरूण राई, अजय राई, पवित्रा राई 'ए', पवित्रा राई 'वि', अर्जुन राई रहेका छन् । किरात राई पत्रकार संघका केन्द्रीय कोषाध्यक्ष प्रकाश राईको प्रमुख आतिथ्यमा समिति निर्माण गरिएको हो ।

### प्रदेश ७ का मुख्यमन्त्रीलाई ज्ञापन

कैलाली । धनगढी-स्याउले- दिपायल सडक संघर्ष समितिले प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टलाई ज्ञापनपत्र बुझाएको छ । धनगढी-स्याउले- दिपायल सडकलाई केन्द्रीय योजनामा समावेश गर्न माग गर्दै ज्ञापनपत्र बुझाइएको हो । मुख्यमन्त्री भट्टले प्रदेश सरकारले ल्याउने बजेटमा खुटिया स्याउले- दिपायल द्रुत मार्गलाई राष्ट्रिय गौरबको योजनामा समावेश गर्न पहल भइरहेको बताएका छन् । उनले २०६६ सालदेखि शुरू भएको खुटिया दिपायल द्रुतमार्ग डोटी जिल्ला विकास समितिबाट पहिलो प्राथमिकतामा राख्ने व्यक्ति आफू नै भएको उल्लेख गरे ।

### रौतहटमा भीषण आगलागी, करोडौंको क्षति

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिकामा रहेको एक हार्डवेयर गोदाममा बुधबार बिहान भीषण आगलागी भएको छ । सो आगलागीमा करोडौंको धनमाल क्षति भएको प्रारम्भिक विवरण आएको छ । चन्द्रपुर नगरपालिका-५ तल्लो बजारमा रहेको राहुल हार्डवेयर गोदाममा आगो लागेको थियो । सो आगलागी तीन घन्टापछि नियन्त्रणमा आएको छ । ५ वटा वारूण यन्त्र, सुरक्षाकर्मी, तथा स्थानीयको सहयोगमा आगो नियन्त्रणमा आएको हो ।

### जुट मिलमा आगलागी, पाँच लाखको क्षति

सुनसरी । सुनसरीको एक जुट मिलमा आगलागी हुँदा पाँच लाखभन्दा बढीको क्षति भएको छ । दुहबी नगरपालिका-८ स्थित अरिहन्त जुट मिलमा मंगलबार बिद्युत सर्ट भई आगलागी भएको थियो । आगलागीबाट बनिसकेको फिनिसिङ्ग बोरा जलेर करीव ५ लाख रूपैयाँ मूल्य बराबरको धनमाल क्षति भएको छ ।

### सप्तरीमा आगलागीबाट ९५ हजारको क्षति

सप्तरी । शम्भुनाथ नगरपालिका-४ मा आगलागी हुँदा ९५ हजार मूल्य बराबरको धनमाल जलेर नष्ट भएको छ । परालको कुन्युमा मंगलबार आगलागी भएको थियो । सो आगलागीबाट नरहैया बस्ने रामबिलास साहको ३ वटा परालको कुन्यु र डोमी मण्डलको ३ वटा परालको कुन्यु जलेर करीव ९५ हजार रूपैयाँ मूल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

### अवैध चार किलो चाँदीसहित पक्राउ

धनुषा । जनकपुर उपमहानगरपालिका-५ बस्ने ४० बर्षीय संजय ठाकुरलाई प्रहरीले अवैध चाँदीसहित पक्राउ गरेको छ । बुधबार सोही उपमहानगरपालिका-१५ स्थित रामपुरबाट बहुअर्वातर्फ साइकलमा जाँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो । उनीसँग अवैध चाँदी ४ किलो प्रहरीले बरामद गरेको जनाइएको छ ।

### ट्याक्टरबाट लडेर युवकको मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका-५ स्थित भित्री सडक खण्डमा ट्याक्टरबाट लडेर एक युवकको मृत्यु भएको छ । बुधबार को.२ त ४३४२ नम्बरको ट्याक्टरबाट लडेर गम्भीर घाइते भएका ट्याक्टरमा काम गर्ने बेलबारी नगरपालिका-६ बाहुनी बस्ने २० बर्षीय सन्तोष ॠषिदेबको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । फरार ट्याक्टर चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

### सार्वजनिक सुनुवाई सम्पन्न

कपिलवस्तु । कञ्चानिया बचत तथा ॠण सहकारी संस्था लिमिटेड शिवराज नगरपालिका १० लालपुरको आयोजना र व्यावसायिक कृषि तथा व्यापार आयोजनाको सहयोगमा संचालित व्यावसायिक चल्ला उत्पादन,संकलन तथा बजारीकरण उप आयोजनाको सार्वजनीक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ । सहकारीले आयोजना मार्फत वाणगंगा नगरपालिका वडा नं ६ वनकसियामा हेचरी निर्माण गरी चल्ला उत्पादन सूरूवात गर्न लागेको छ । सो अवसरमा १ करोड सहकारी र १ करोड व्यवसाकि कृति तथा व्यापार आयोजनाको सयुक्त लगानी गरी २ करोड लगानीमा उक्त योजना सूरूवात गरिएको व्यवस्थापक सुग्रिम कुर्मीले जानकारी दिए ।

### ट्याक्टर दुर्घटनामा चालकको मृत्यु

बाँके । नेपालगंज उपमहानगरपालिका-२० मनिकापुरमा भे.१ त ५७६३ नम्बरको ट्याक्टर दुर्घटनामा चालकको मृत्यु भएको छ । मंगलबार आफैं अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टर चालक बाँके नेपालगंज उपमहानगरपालिका-१३ बस्ने ३२ बर्षीय सुरेश चौहानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# ‘उमेश यादवलाई रिहा गराउने पहल भइरहेको छ’



**सरोज राय**

हामीले मात्रै केही समय अघि मात्रै थाहा पायौँ कि उमेश यादवलाई साउदी सरकारले मृत्युदण्डको सजाय सुनाएको छ। जसमा उसको घाँटी काटेर २४ घण्टासम्म झुण्ड्याइने छ। तर यदि उनले ७० लाख ब्लडमनी दियो भने ज्यान जोगिन सक्छ। अहिले हामीले यसको बारेमा चासो दिएर यस सम्बन्धमा सूचनाहरू संकलन गर्न लागिरहेका छौँ। साउदी दुतावाससँग पनि यसबारे कुरा भइरहेको छ। सबै सूचनाहरू संकलन गर्दै जाँदा थाहा भयो कि समचारमा लेखिएको सबै सत्य छैन। ब्लडमनीको रकम ७० लाख भनिएकोमा त्यो पनि सत्य होइन।

उमेश यादवको घर धनुषा जिल्लाको माझिजिट गाउँमा पर्दछ। उनी धेरै गरीब परिवारका हुन्। वैदेशिक रोजगारीको सिलसिलामा सन् २००६ सालमा उ साउदी अरब पुगेको थियो मजदुरको रूपमा। उ एउटा कम्पनीमा काम गर्थ्यो। जसमा पाकिस्तानीहरू पनि काम गर्थे। जसको हत्या भएको भनिएको छ त्यो पनि उमेशको साथी नै थियो। काम गर्ने क्रममा दुई जनाको झडप भयो र संयोगवश पाकिस्तानी साथीको मृत्यु भयो। उसको मृत्यु भएपछि उमेशलाई समातियो र समातेको ५ वर्ष पछि सन् २०११ मा अदालतले मृत्युदण्डको सजाय सुनायो। जसमा घाँटी काटेर २४ घण्टा झुण्ड्याउने लगायतको सजाय थियो। यो कुरा नेपाली दुतावाससम्म पुग्यो। र त्यसबेलाका राजदूत उदयराज पाण्डेले सबै कुरा सुन्नुभयो। जेलमा उसलाई लट्ठ बनाउने औषधी पनि खुवाइएको थियो ताकि उसलाई घाँटी काट्ने समयमा थाहा नहोस्। त्यस समयमा उदयराजजीले पहल गर्नुभयो। ब्लडमनीको लागि कुनै नेपालीको ज्यान नजाओस्। पाकिस्तान र साउदीका पदाधिकारीहरूसँग मिलेर पाकिस्तानी नागरिक जसको हत्या भएको थियो उसको घर पनि पुगेका थिए। साउदीस्थित रहेको नेपाली दुतावासमा काम गर्ने दुर्गाप्रसाद भण्डारी आफै पुगेर ब्लडमनिको कुरा गर्नुभयो र १४ लाख नेपाली रूपैयाँमा सहमति भएको थियो। जसको हत्या भएको थियो उसको श्रीमतीले फैसला आउने बेलासम्म अर्को बिहे गरिसकेको थियो। बुबाले भने ब्लडमनिको रकम उसको श्रीमतीले अर्को बिहे गरिसकेकोले मलाई दिनुपर्छ भन्ने भनाई थियो भने पाकिस्तानी सरकारको कानुन भने त्यस रकममा परिवारका हरेक सदस्यको अधिकार हुन्छ र हामीले आम माफी दियौँ भनेर परिवारले स्वीकृति दिईसकेपछि अदालतले आम माफी दिन सक्ने भनिएको छ। त्यस समयमा उनीहरूको परिवारको मतभेदका कारण ब्लडमनीमा पूर्णरूपमा स्वीकृति हुन




सकेन। तर त्यस समयमा पाकिस्तान दूतावासले साउदीको दूतावासलाई चिट्ठी लेख्यो जसमा ब्लडमनीको कुरा चलिरहेकाले साउदी अदालतले सुनाएको सजाय कार्यान्वयन नहोस् भनि लेखिएको थियो। त्यसबेलाको राजदूतावासको पहलमा उमेश यादवको ज्यान जोगियो तर पछि तत्कालका राजदूत पनि फर्किनुभयो र जुन किसिमले पहल हुनुपर्ने हो त्यो किसिमले पहल हुन सकेन। ब्लडमनिको कारण एउटा नेपालीको ज्यान नजाओस् भनेर हामीले पहल गर्दैछौँ।

हामीले परराष्ट्र मन्त्रालय पुगेर कुरा राखें। त्यसमा उनीहरू पनि सकारात्मक नै छन्। त्यस्तै फोरमका उपेन्द्र यादवसँग पनि कुरा गरें। उहाँले पनि केही सल्लाहहरू दिनुभयो र आफूले गर्न सक्ने सहयोग गर्ने कुरा गर्नुभयो। अब पाकिस्तान दूतावास पुग्नु छ र २०११ मा साउदीमा रहेको नेपाली राजदूतावासमा कार्यरत दुर्गाप्रसाद भण्डारीसँग पनि भेटेर पाकिस्तानको ठेगानाहरू लिनुछ। पहल गर्ने हो भने बचाउन सकिन्छ। अहिलेको नेपालको लागि राजदूत महेन्द्र सिंहज्यूको भनाईअनुसार केही समय अगाडीको बहसले केही फैसला हुन सकेन र फेरी २०/२५ दिनपछि एउटा फैसला आउनेछ। त्यो फैसला सायद अहम नै हुनेछ। हुनत उमेश यादवले १२ वर्ष जेल जीवन बिताइसकेको हुनाले छोड्ने मनस्थिति बनाईसकेको छ तर उहाँले विश्वासका साथ भन्न सक्नुभएन त्यसकारण नछोड्न पनि सक्छ। राजदूतको भनाई अनुसार धेरै वर्षदेखि पाकिस्तानी परिवार सम्पर्कमा छैन। पाकिस्तानी परिवार सम्पर्कमा नभएपछि साउदीको कानुन कडा भएकोले पहिले नै गरेको सजायलाई कार्यान्वयन पो गर्ने हो कि त्यता तिर पनि सोच्नु पर्दछ। त्यसकारण यहि समयभित्र नै धेरै नै पहल गरिरहेको छु। त्यसकारण म आफै पाकिस्तान गएर त्यस परिवारलाई खोज्नका लागि परराष्ट्र मन्त्रालयसँग कुरा गरिरहेको छु। पाकिस्तानको परराष्ट्रमन्त्रीसँग पनि कुरा भइरहेको छ। उनीहरू पनि सकारात्मक नै छन्। पाकिस्तानका सामाजिक अभियन्ताहरूसँग पनि कुरा गरिरहेको छु। यो प्रयास गरिरहेको छु। हेरौं अब के हुन्छ।

सन् २०११ मा जति पहल भएर ज्यानसम्म जोगियो त्यसपछि कुनै पहल भएको छैन। यहाँसम्म कि परराष्ट्रभित्रै कर्मचारीहरू यो घटनालाई बिर्सिसके। रेकर्ड पनि छैन। अहिले फेरी यो मुद्दा उठेको छ। यो विषयमा नेपाल सरकार गम्भीर रूपमा अगाडी बढाउन जरूरी छ। यहि देशको नागरिक भइसकेपछि चासो त राज्यले राख्नु पर्‍यो नि।

नेपालका त्यस्ता मानव अधिकारकर्मीहरू कसैले यसको पहल गरिरहेको छ जस्तो मलाई लाग्दैन। किनभने मसँग कसैले सम्पर्क गरेका छैन। बरू देश बाहिर रहेका साथीहरूले ब्लडमनिको चिन्ता लिनु पर्दैन हामीले व्यवस्था गरिदिन्छौ भन्दै छन्। यो भन्दा पहिला पनि साउदीमा कार्यरत नेपाली मजदुरको ४० लाख ब्लडमनि संकलन गरेर उसको ज्यान जोगिएको थियो र यसमा पनि ब्लडमनीको रकम त उठ्छ नै किनभने एउटा नेपालीको ज्यानको कुरा हो।

महोत्तरीमा एउटा बालकमाथि दुर्व्यवहारको घटना पनि बाहिर आईरहेको छ। यो केही महिना पहिलाको मात्र घटना हो। बर्दिबासको चोकमा ठेलामा रातीको समयमा चिया बेच्ने एउटा परिवार हो। त्यस समयमा एक जना स्थानीयले उसको छोरामात्रै भएको समयमा पैसा दिन्छु भन्दै फकाएर झाडीमा लग्यो र उसलाई समातेर दुष्कर्म गर्‍यो र बालकले नमान्दा नमान्दै पनि उसको संवेदनशील अंगहरूमा छुने, पिट्ने लगायतका काम गर्‍यो। उक्त १० वर्षे बालकले डराएर उसले जे जे भन्यो त्यहि गर्‍यो र राति ३ बजे भागेर चिया बेच्ने चोकमा नै आइपुग्यो। उसका बाबु आमाले साँझदेखि नै उसलाई खोजिरहेका थिए। राति ३ बजे छोरो घरमा नै आइपुग्यो र भोलिपल्ट बाबु प्रहरीमा गयो तर उसको निवेदन दर्ता भएन र उ गाउँ गयो। उनीहरू गाउँ गइसकेपछि हामीले जानकारी पायौँ। हामीले उनीहरूसँग कुराकानी गर्‍यौं र प्रहरीलाई पनि दबाब दिन थाल्यौँ। प्रदेश २ को आन्तरिक मामला मन्त्रालयबाट पनि दबाब दिन लगायौँ र त्यहाँबाट दबाब पाइसकेपछि पीडकलाई बोलाइयो र अपराधीलाई पनि समात्यो। प्रहरीले समाते पछि उसको कानुनी प्रक्रिया अनुसार सजाय गर्ला भनि छाड्यौँ तर केही समय पश्चात धरौटीमा छाडियो भन्ने खबर आयो। यसबारेमा बुझ्न वकिल पठाएका छौँ। पीडकलाई स्थानीय स्तरबाट पनि धेरै दबाब परिरहेको छ। यो धेरै नै दुःख लाग्ने घटना हो। एउटा १० वर्षे बालकसँग यस्तो भयो र यसमा पनि बालक स्वयंले बयान दिँदा पनि अपराधी छुट्नु भनेको हाम्रो समाजको लागि दुर्भाग्य नै हो।

*(सामाजिक अभियन्ता रायसँग मधेशवाणीले गरेको कुराकानीको आधारमा)*

# मुख्यमन्त्री राउतले स्वच्छता अभियान चलाउने



जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशमा स्वच्छताको स्तरलाई उच्च बनाउन प्रदेश सरकारले ‘मुख्यमन्त्री स्वच्छता अभियान’ संचालन गर्ने घोषणा गरेका छन्।

सिरहा जिल्लालाई प्रदेश नं. २ को पहिलो खुल्ला दिशामुक्त जिल्ला घोषणा समारोहमा मुख्यमन्त्री राउतले स्वच्छता मानव विकासको पहिलो खुटकिलो रहेको उल्लेख गर्दै त्यसका लागी सरकारले स्वच्छता अभियानलाई नीति तथा कार्यक्रममा समेट्दै अगामी बजेटमा विशेष व्यवस्था गर्न लागेको बताएका छन्।

उनले प्रदेशलाई सफा बनाउन आफै आठै जिल्लाको सडकमा झाडू लिएर उत्रिने उद्घोष समेत गरेका छन्।

मुख्यमन्त्री राउतले मानव सुचांकमा धेरै पछाडी रहेको प्रदेश २ लाई स्वास्थ्य, शिक्षा, र रोजगारमा ठुलै फडको मार्नु पर्ने आवश्यकता रहेको औल्याउँदै त्यसका लागि सबैको सहयोग आवश्यक रहेको बताए।

‘अहिलेसम्म हाम्रो विकास भएन भन्ने हामी भन्दै थियौ तर अब जिम्मेवारी हाम्रै काँधमा आएको छ। सबैलाई मिलेर यो जिम्मेवारीलाई पुरा गर्नु पर्दछ।’ उनले भने, ‘जनप्रतिनिधिहरूलाई सबै भन्दा बढी इमान्दार भएर अगाडी बढनु पर्दछ। अनि मात्र हामी देशकै नमूना प्रदेश बनाउन सक्छौं।’

भ्रष्टाचार यस प्रदेशको सबैभन्दा ठूलो समस्या रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले सरकार शून्य सहनशीलताको नीति अवलम्बन गरेकाले भ्रष्टाचार गर्ने जो कोहीलाई पनि छुट निदिइने चेतावनी समेत दिए।

उनले सर्वसाधारणलाई आग्रह गर्दै भने, ‘कर्मचारी वा जनप्रतिनिधीले कुनै पनि काममा अनियमितता वा ढिलासुस्ती गर्छन भन्ने हामी कहाँ उजुरी गर्नुस, हामीले पनि अटेरी गरे सडकमा आउने छुट तपाईलाई छदैछ।’

मुलुकको ४८ औ खुल्ला दिशामुक्त जिल्ला बनेको सिरहाका स्थानीय तथा अभियानीहरूलाई बधाई दिँदै मुख्यमन्त्री राउतले प्रदेशको बाँकी जिल्लाको लागि सिरहा मार्ग दर्शक बन्ने विश्वास व्यक्त गरे।

जिल्ला समन्वय समिति सिरहाका सभापति रामचन्द्र ठाकुरको अध्यक्षतामा भएको खुल्ला दिशामुक्त जिल्ला घोषणा सभामा आर्थिक मामिला तथा योजना मन्त्री विजय यादव, प्रतिनिधिसभा सदस्य बोधमाया यादव, लिलानाथ श्रेष्ठ, प्रदेश सभा सदस्य सुनिता राम, राम नरेश यादव लगायत जिल्ला स्थित विभिन्न कार्यालयका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, स्थानीय तहका प्रतिनिधिहरूको व्यापक उपस्थिति रहेको थियो।

# “खस-आर्यलाई दिइएको आरक्षण न्यायोचित छैन”

काठमाडौं। आर्य-खसलाई दिएको आरक्षणको प्रावधानलाई हटाउन युरोपियन युनियन, निर्वाचन पर्यवेक्षण मिशनको सुझाव र यसको विरोधमा सरकार र यहाँका एकल जातीय राष्ट्रवादीहरूको रोषपूर्ण प्रतिक्रियाको प्रसंगले नेपाल राज्यको नश्लीय चरित्र र यहाँका बुद्धिजीवीहरूको जातीय पूर्वाग्रहलाई एकपटक फेरि प्रष्ट्याएको छ।शुक्रबार आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम संघसंस्थाको प्रतिनिधि तथा विज्ञहरूले छलफल गरि युरोपियन युनियन, निर्वाचन पर्यवेक्षण मिशनको सुझावलाई स्वागत गर्दै र नेपाल सरकारको परराष्ट्र मन्त्रालयले २१ मार्च २०१८ र निर्वाचन आयोगले २२ मार्च २०१८ मा जारी गरेको विज्ञप्ति प्रति घोर आपत्ति जनाउँदै संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छन्।

जारी गरिएको संयुक्त विज्ञप्तिमा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष जगत बहादुर बराम, राष्ट्रिय आदिवासी जनजाति महिला संघका प्रतिनिधि चिनी माया माझी र मंजु धिमाल, तराई मधेश राष्ट्रिय परिषद्का प्रतिनिधि सरोज राय र जय नारायण यादव तथा लाहुरनेपबाट चैतन्य सुब्बा, कृष्ण भट्टचन र दिनेश घलेको हस्ताक्षर रहेको छ।

तराई मधेश राष्ट्रिय परिषदबाट सरोज राय र जय नारायण यादवको साथ कासिन्द्र यादव र आनन्द गुप्ता समेत छलफलमा सहभागी थिए। युरोपियन युनियन, निर्वाचन पर्यवेक्षण मिशनले भर्खरै सार्वजनिक गरेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन पर्यवेक्षण प्रतिवेदनमा प्रतिनिधिसभा र प्रदेशसभाको जातीय संरचना सम्बन्धी आरक्षण प्रणालीबाट खसआर्यलाई हटाउने सुझाव दिएका छन्। परिषदले खसआर्यलाई दिएको आरक्षणको शुरूदेखि नै विरोध जनाउँदै आएको छ। माइतीघर मण्डला लगायत मधेशको मुख्य शहरहरूमा विरोध प्रदर्शन गर्नुको साथै यस विषयमा अनेको गोष्ठी समेत गर्दै आइरहेको छ। परिषदद्वारा अशोज २८ गते गरिएको कार्यक्रममा खसआर्य समुदायबाट लेखक उज्जवल प्रशाईले समेत खसआर्यलाई दिएको आरक्षण कुनै पनि हालतमा न्यायोचित नरहेको टिप्पणी समेत गरेका थिए।

## यमुना नदीलाई पुनर्जीवन दिन भारतले नेपालको सहयोग लिने

काठमाडौं। भारतले सुक्न लागेको यमुना नदीलाई पुनर्जीवन दिलाउनका लागि नेपालको सहयोग लिने आशा गरेको छ। अन्तर्देशीय नदी-सम्पर्क परियोजनाअन्तर्गत भारत सरकारले नेपालसँग कुरा गरेर महाकाली नदीलाई दिल्लीको यमुनासँग जोड्ने योजना बनाएको छ। ३१ वटा नदीलाई जोड्ने र बढी भएको पानी सुक्खा क्षेत्रमा लाने भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको महत्वाकांक्षी योजनाको एक अंगका रूपमा यो परियोजना रहेको छ। ‘यो प्रस्तावलाई सचिवहरूको एक समितिले स्वीकृत गरिसकेको छ र नेपालसँग यसबारेमा संवाद गर्नका लागि विदेश मन्त्रालयसमक्ष अनुरोध पठाइसकिएको छ,’ भारतका जलस्रोत सचिव यूपी सिंहले भने। महाकाली र यमुनालाई जोड्ने प्रस्तावित परियोजनाले महाकालीको अतिरिक्त पानी यमुनामा ल्याउने योजना बनाएको छ। भारतको राष्ट्रिय जल विकास प्राधिकरणले यमुना-महाकाली परियोजनाको भारतीय पक्षको सम्भाव्यता प्रतिवेदन तयार गरिसकेको छ। नेपालसँगको सम्झौता अन्तिम चरणमा पुगेपछि विस्तृत परियोजना प्रतिवेदन बनाइनेछ।

## पेट्रोलियम पाइपलाइन विस्तारमा भारतले सघाउने

काठमाडौं। भारतले चितवनसम्म पेट्रोलियम पाइपलाइन निर्माणमा सघाउने भएको छ। भारतको मोतिहारी-नेपालको रक्सौल-अमलेगखन्जसम्म पाइपलाइन निर्माणको शिलान्यास तयारी भइरहँदा उक्त पाइपलाइनलाई चितवनसम्म ल्याउन सघाउने प्रतिबद्धता भारतले जनाएको हो। भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री धमेन्द्र प्रधानले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादवसमक्ष यस्तो प्रतिबद्धता जनाएका हुन्। पाइपलाइनको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रूपमा शिलान्यास गर्ने तयारी भइरहेको छ। चार अर्ब २० करोड रूपैयाँको लागतमा यो परियोजना निर्माण गर्न लागिएको हो। त्यसमा भारतले तीन अर्ब २० करोड रूपैयाँ लगानी गर्ने सम्झौता छ। उक्त पाइपलाइन चितवनसम्म ल्याउन भारतले थप सहयोग गर्ने भएको छ।

## पञ्चेश्वरलाई नेपाल र भारतको नमूना परियोजना बनाइनेछ : मन्त्री पुन



काठमाडौं। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् आयोजनालाई नेपाल र भारतको नमूना परियोजना बनाउने बताएका छन्। नेपालका लागि भारतीय राजदूत मन्जीवसिंह पुरीसँग शिष्टाचार भेटवार्ता गर्दै मन्त्री पुनले यसका लागि कार्ययोजना तयार पार्नुपर्ने बताएका हुन्। यस परियोजनालाई अगाडि बढाउन भारत सरकारसँग विशेष आग्रह गर्ने भएको छ। सरकारले विगत २२ वर्षदेखि चर्चामा मात्रै सीमित रहेको सो आयोजनालाई सरकारले विशेष प्राथमिकतामा राखेको भन्दै तत्काल विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) लाई समेत टुंगो लगाउनुपर्नेमा जोड दिएको छ। उनले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनालाई नेपाल र भारतको नमूना परियोजना बनाउने गरी अगाडिको कार्ययोजनासमेत तयार पार्नुपर्ने बताए। राजदूत पुरीले पनि भारत सरकारले सो आयोजनालाई प्राथमिकतामा राखेको बताए। ऊर्जा मन्त्रालयमा मन्त्री पुन र भारतीय राजदूतबीच भएको भेटवार्तामा नेपालले आयात गरिरहेको विद्युत् र नेपाल भारत सम्बन्धका बिबिध विषयमा कुराकानी भएको ऊर्जा मन्त्रीका सचिवालयले जनाएको छ।

## विकासका लागि सरकार अग्रसर : सोनल

कलैया। प्रदेशको चौतर्फी विकासका लागि सरकार अग्रसर रहेको २ नम्बर प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले बताएका छन्। सरकारले ल्याउन लागेको अन्तरिम बजेट विकासमुखि हुने भन्दै पाँच वर्षभित्र परिवर्तन देखा पर्ने उनले दाबी समेत गरे। प्रदेशको आठ वटै जिल्लाको विकासका सर्वाङ्गिण विकासका लागि योजना बनिरहेको र त्यसलाई कार्यान्वयनमा ल्याई विकासको गति बढाउन आफू अग्रसर रहेको समेत मन्त्री सोनलले बताए। विभिन्न कार्यक्रममा सहभागी हुन गृह जिल्ला बारा आएका मन्त्री सोनललाई कलैया उपमहानगरपालिका वडा नम्बर ४ मा स्वागत गर्दै वडा अध्यक्ष जटाशंकर सहनी र सदस्य शम्भु गुप्ताले नगरको मुख्य वडाको रूपमा रहेको ४ नम्बर वडाभित्र ठूला योजना पारिदिनहुन आग्रह गरेका थिए। उनीहरूले टाउन हल लगायतका भौतिक संरचनाका लागि ठाउँ प्रशस्त रहेको र प्रभावकारी पनि हुने भएकोले आफ्नै वडामा पारिदिन आग्रह गरेका थिए।
आग्रहलाई सुन्दै मन्त्री सोनलले मधेशका सबै जिल्ला, नगर, गाउँ र वडाको विकास गर्ने प्रतिबद्धता जाहेर गरेका थिए। सो अवसरमा बारा उद्योग वाणिज्य संघका अध्यक्ष बिनोद साह तथा अन्य नेता कार्यकर्ता समेत सहभागी थिए।

अनलाइन उजूरी विधि अवलम्बन गरौँ,
आफ्नो कुरा प्रष्ट पारौँ।
विभिन्न सञ्चारमाध्यममा आएका समाचार सामग्रीहरू पत्रकार आचारसंहिता प्रतिकूल भएमा प्रेस काउन्सिल नेपालको वेवसाइट
www.presscouncilnepal.org
मा गई अनलाइन उजूरी गर्न सकिनेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

पत्रपत्रिकाबाट...

# भारतमा मोदी र नेपालमा केपीको उदयले विश्व नै तरंगित

**राजेन्द्रप्रसाद पाठक**

इ.सं. १९४७ मा भारत अंग्रेज साम्राज्यबाट जब स्वतन्त्र भयो सोही समयदेखि भारतीय कांग्रेसले झन्डै एकलौटी ढंगबाट शासनसत्ता सम्हाल्दै आएको थियो । यदाकदा छिटफुट मात्रै अन्य पार्टीले नगन्य अवसर पाएका थिए, त्यो पनि कोलेसन पार्टनरका हैसियतमा मात्र । विगत तीन वर्षयता आएर मात्र भाजपाको एकलौटी सरकार गठन भएको हो । भारतमा भाजपाको एकलौटी सरकार आउँदै गर्दा हालका प्रधानमन्त्री नरेन्द्र दामोदरदास मोदी नै भाजपाको प्रोजेक्टेड प्रधानमन्त्री थिए । विगत लामो समयदेखि भारत समयदेखि भारत सरकारको साँचो-ताला सम्हाल्दै आएको कांग्रेस सरकारको रवैयाले जनता हैरान भइसकेका थिए । करोडौं गरिबको बसोबास भएको साथै करोडौंको संख्यामा बेरोजगारी उल्झनले सताइएको देशमा स्वतन्त्रतासँगै कति आशाभरोसा पलाए र विश्वासचाँहि गुमाइसकेका रहेनछन् । यदि भारतीय जनताको आशा र विश्वासले स्थान छाडेको हुन्थ्यो भने भारतले लोकतन्त्रसमेत गुमाईसकेको हुने थियो सायद ।

एउटा लामो राजनीतिक पर्खाइ र अन्तरालले मोदीजस्तो आशा र भरोसाको केन्द्र जन्मायो । जब गुजरात मोदीको व्यवस्थापनले विकसित हुँदै थियो त्यस्तो बेला भाजपाले मोदीलाई आफ्नो पार्टीको प्राजेक्टेड समृद्ध भारतको परिकल्पनाले साकार रूप लिन थाल्नुको एक कारण हो । जब भारत मोदीमय भयो, साथै भाजपा कांग्रेस पार्टीले झिनो प्रतिपक्षका रूपमा खुम्चनुपर्यो । मोदीको उदयले भारतीय राजनीतिमा मात्रै तरंग पैदा गरेन विश्व समुदायमा नै भुइँचालो ल्याउन सफल भयो । यसरी संसारभरीको ध्यान भारतमाथि केन्द्रित भयो । भारतमा मोदीले सत्ता परिवर्तनको मात्र खेल खेलेनन्, जनताले आशा गरेअनुरूपका योजनासमेत ल्याएर मग्न तुल्याइदिएका छन् । भारतीय युवा जमातको ढुकढुकी बन्न सफल भएका मोदीले आफ्नो छोटो कार्यकालभित्रै सम्पन्न गर्न सफल भएका योजनाहरू निकै छन् । जस्तो कि

१. जन-धन योजना, जुन योजनाले झन्डै एकतीस दशमलव एकतीस करोड जनता लाभान्वित भएका छन् । जसका कारण भारतको बैंकिङ प्रणालीबाट आर्थिक कारोबार गर्न जनतालाई प्रेरित गरेको छ । बैंकिङ प्रक्रियामा जानका लागि लगाइएका झन्झटबाट जनता मुक्त भएका छन् ।

२. जीएसटी, यसअन्तर्गत एक देश, एक ट्याक्स, एक मार्केट प्रणाली लागु भएको छ । यसले राजस्वमा हुने चुहावटका साथै देशभित्र र बाहिर हुने आर्थिक अपचलनलाई अन्त्य गरेको छ ।

३. उज्जवला योजना, जसका कारण दुई करोड परिवारले धुवाँ आउने चुलोबाट खाना बनाउनुपर्ने अवस्थाको अन्त्य भएको छ । ग्यासको सिलिन्डर वितरण गर्ने काम सरकारले सम्पन्न गरेको छ ।

४. स्वच्छ भारत अभियान, यसबाट देशको ६८ प्रतिशत गाउँ खुला दिशामुक्त क्षेत्र घोषणा भएको छ । यसले करोडौं महिला तथा बालबालिकालाई प्रत्यक्ष राहत पुगेको छ ।

५. सौभाग्य योजना, यसका कारण देशका अठार हजार ६ सय गाउँमा बिजुलीबत्तीको बन्दोबस्त सरकारबाट सम्पन्न भएको छ ।



६. सडक निर्माण योजना, जसअन्तर्गत २४ हजार ६ सय किलोमिटर सडक निर्माण सम्पन्न भएको छ ।

७. आतंकवादीमाथि कारबाही, सर्जिकल स्ट्राइकअन्तर्गत पाँच सय ७६ आतंकवादीमाथि कारबाही भएको छ ।

८. भ्रष्टचार उन्मूलन, जसका कारण ३९ हजार करोडको बेनामी सम्पत्तिमाथि सरकार हाबी भएको छ ।

९. नोटबन्दी योजना, यस योजनाले भ्रष्टाचार, अनाचार राजस्व नतिरेर अवैध रूपमा लुकाईछिपाई राखको सम्पत्तिलाई बाहिर ल्याई देशमा भएको धनको एकीकरणलाई विकेन्द्रित तुल्याउने काम भएको छ । यी कार्यबाट आगामी चुनावमा समेत भारत मोदीमय हुने सुनिश्चित मान्न थालिएको छ । मोदीका यी कामको चर्चा यहाँ गरिनुको तात्पर्य देश र जनताको हितमा के गर्नुपर्छ भन्ने छिमेकबाट नेपालले पनि सिक्नु र अनुकरण गर्न सकोस् भन्ने नै हो ।

जसरी भारतमा बेलायतीहरूमाथि शुरू भएको भारत छोडो आन्दोलन सफल भएर भारत स्वतन्त्र भयो त्यसको ठीक तीन वर्ष नबित्दै नेपालमा उनै बेलायतीहरूको आडमा टिक्न सफल भएको राणातन्त्र समाप्त भएर नेपालमा समेत प्रजातन्त्र आएको थियो । तर, त्यो त्यति लामो समयका लागि टिकाउ हुन भने सकेन । राजा महेन्द्रको चतुर खेलको तीस वर्षसम्म पञ्चायती व्यवस्था लागू हुन सफल भयो । पञ्चायतको शुरू हुनुअगावै र प्रजातन्त्र पुनर्स्थापनापश्चात् झन्डै एकछत्र राज गर्न सफल भएको नेपाली कांग्रेस पार्टीसमेत भारतीय कांग्रेस पार्टीको प्रतिछायाजस्तै सावित भएको छ । किनकि जब-जब भारतमा भारतीय कांग्रेस कमजोर सावित भएको छ तब-तब नेपाली कांग्रेस यता कमजोर साबित भएको छ । धेरैपल्ट नेपाली जनताको विश्वास जित्न सफल नेपाली कांग्रेस पार्टीले तीनपल्टसम्म बहुमत हासिल गर्न सफल भएर पनि जनताको इच्छा पूरा गर्न असफल भएकै कारण देशमा कम्युनिष्ट गठबन्धन सफल भएको हो भन्ने धेरैको अनुमान छ ।

कम्युनिष्टभित्र पनि अत्यन्त कल्पनाशील र उच्च मनोबल भएका अब्बल व्यक्तित्वका रूपमा केपी शर्मा ओलीको राजनीतिक उदय भएसँगै नेकपा एमालेले केपीकै नेतृत्व स्वीकार गर्नु र केपीले नै कम्युनिस्ट गठबन्धनको नेतृत्व गरेर चुनावअगावै प्रोजेक्टेड प्रधानमन्त्री घोषणा हुन सक्नु उनको अर्को सफलता मान्न सकिन्छ । नेपालभरि नै छरिएर रहेको कम्युनिष्ट शक्तिलाई एकाकार मात्र होइन केहि समय अगाडिसम्म नै एमालेलाई विश्वास नगर्ने मधेशी दलहरूसमेत उनीमाथि विश्वस्त रहनु केपीको महत्वपूर्ण राजनीतिक चातुर्यता हो । बोलीले सबैलाई सन्तुलनमा राख्दै युवाहरूको मन जित्न सक्नु ओलीको सबैभन्दा ठूलो खुबी मान्न सकिन्छ । अझ तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवापत्नीको राजनीतिक संवैधानिक र सुरक्षाका पदका व्यापारले चरम रूप लिएको र सिंगो नेपाली कांग्रेस पार्टी त्यसको मूकदर्शक भएर होस्टेमा हैंसे गर्दै तिनै आरजु म्याडमको साडीको फेरो समाएर वैरतणी तर्ने सपना र कल्पना बुन्दै अघि बढ्ने सोचको निर्माणले पनि कांग्रेसलाई निकै नै पछि पारेको हो भन्ने बुझाइ धेरैको अझै छँदै छ । राजदूत नियुक्तिदेखि विभिन्न मन्त्रालयको महत्वपूर्ण निर्णयमा समेत देउवापत्नी आरजुको प्रत्यक्ष सहभागिता हुने गर्दथ्यो भन्नेहरूको खण्डन कतैबाट हुन सकेको छैन । अर्काथरीले आरजु युरोपियन युनियनको रकम लिएर आईएनजीओको नाममा क्रिश्चियन धर्मको संरक्षण गर्दै आएको आरोपले समेत कांग्रेसलाई धक्का लागेको हो भन्नेहरूको समेत कमि छैन । उनका विभिन्न छद्मभेषी व्यवहारका साथै फुटाऊ, कमाऊ, र राज गर भन्ने राणाकालीन शैलीको सोच र त्यसको व्यवहारिक रूपान्तरणसमेत अर्को कारण थियो भन्नेहरू पनि प्रशस्तै छन् । त्यति मात्र नभई पार्टीभित्रको गुटले सिफारिस गरेकाहरूलाई मात्र दिइएको चुनावी टिकटले जनताको प्रतिनिधित्व गर्नेहरूसम्म पहुँच राख्न नसकेको गुनासो गर्नेहरूको समेत कमी नरहेको भनाइ यत्रतत्रै भेटिन्छ ।

माथि उल्लेखित सबै विषय पुष्टि गर्ने यथेष्ट कारण नहुन पनि सक्दछन् । तर, युगान्तकारी राजनीतिक परिवर्तनका कारण पलाएको जनचाहना कांग्रेसी काम गराईले समयमै सम्पन्न हुन नसक्ने बोध भने जनतामा भएकै हो । लामो समयसम्म पाएको जनविश्वास कहिँ कतै कांग्रेसले चुकाएकै हो भन्नेमा दुईमत नरहला । भलै भोलिका दिनमा सो पार्टीले जनताको मन जित्न गर्ने प्रयत्नहरू बढी नै प्रजातान्त्रिक होलान्, तर पथभ्रष्ट भएको अवस्था वा बेलाइनबाट लाइनमा ल्याउनका लागि साम, दान, दण्ड, भेदको रणनीतिलाई लागु गर्नैपर्छ । यसका लागि केपी कमरेड सफल हुनुहुनेछ भन्ने जनविश्वासले नेपालीमा डेरा जमाएको छ । भारत सरकारको पाँचबुँदे सहकार्यको प्रस्तवसहितको सकारात्मक भ्रमणको निमन्त्रणाले आगामी दिनमा नेपाल-भारत दुईदेशीय सम्बन्धमा नयाँ आयामसहितको सकारात्मक सन्देशले जनस्तरमा रहेको तिक्ततालाई मेटाएर लैजानेछ र पुन: नेपाल-भारतबीच सहभ्रातृत्व र सहअस्तित्वको अनुभूति गराउनेछ भन्न विश्वासका साथ नेपालको प्रधानमन्त्रीको आसन्न भारत भ्रमण अत्यन्त सौहार्दपूर्ण र सफल रहने अपेक्षा गर्न सकिन्छ । केपी र मोदीको सहकार्यले नेपाल र भारत दक्षिण एशियाकै नमुना देश बनोस् । आशा गरौं जनताले फेरी पनि निराशाको भारी बोक्नुपर्ने छैन । भारतमा मोदी र नेपालमा केपीको उदयले विश्वलगायत सिंगो दक्षिण एशिया नै तरगिंत भएको बेला यहि तरंगले नै देश र जनताको रूपरङ बदल्न सकोस् भनी कामना गरौं ।

(घटना र विचारबाट)


## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**


## "नेपाल-भारत सम्बन्ध मजबुत हुँदैछ"



**रणजीत राय, पूर्वभारतीय राजदूत**

अहिले नेपाल-भारत सम्बन्ध राम्रो छ। हालसालै पत्रकारहरूको प्रतिनिधिमण्डलबाहेक वाणिज्यमन्त्री मात्रिका यादव, अर्थमन्त्री युवराज खतिवडा दिल्ली आएर जानुभएको छ। कांग्रेस र एमालेका दुईवटा प्रतिनिधिमण्डल आएर फर्किएका छन्। नेपाल-भारत सम्बन्ध मजबुत हुँदै गएको यो सन्देश हो। नेपालमा संविधान जारीसँगै कार्यान्वयन भएको छ। केही चुनौतीबीच नेपाल अघि बढेको छ र नेपाल मजबुत हुँदै गएको छ। नेपालले विकासको गति लिनुपर्नेछ। भारतले लो इन्कम देशबाट मिडिल इन्कम देशमा आफूलाई उभ्याउनुपर्नेछ भने नेपालले अल्पविकसितबाट विकसित देशमा आफूलाई फड्को मार्नुपर्नेछ। अब कोसी, कर्णाली परियोजना अघि बढ्नुपर्छ। १० वर्षपछि जलविद्युत् उत्पादनको बहस सान्दर्भिक नहुनसक्छ, अहिले यसमा सुरू गर्नुपर्नेछ। अरूण तेस्रो सुरू हुँदै छ, माथिल्लो कर्णालीमा केही समस्या छन् ती पनि हल होलान्। नेपालसँग अब भूराजनीतिक इस्यु छैन। वामपन्थी सरकार आएको छ, तर यसले आर्थिक साझेदारीमा केही फरक पर्दैन। चीनमा पनि वामपन्थी सरकार छ, त्यसले के फरक परेको छ ? भारत छिमेकका कुनै पनि सरकारसँग डिल गर्न तयार छ। यो अबको इस्यु नै होइन। नेपालले संसारसँग पहुँच बनाउने कुरामा केही समस्या छैन। चीनको नेपालमा व्यापार कलकत्ता हुँदै भएको यथार्थलाई बिर्सन मिल्दैन। यो यथार्थ छँदै छ, भौगोलिक रूपमा नेपाल-भारत सम्बन्धको यथार्थलाई कसैले नकार्न सक्दैन। नेपालले दुई छिमेकीबाट फाइदा कसरी लिने, उसले सोच्नुपर्छ। नेपाल जलविद्युत् क्षेत्रको विकास गर्न चाहन्छ कि चाहन्न ? स्पष्ट हुनुपर्ने समय आएको छ/। सहकार्यका सन्दर्भमा नेपाल र भारत दुवैतिर खुला दिमागमा छलफल हुनुपर्छ। यस सन्दर्भमा बंगलादेश, नेपाल र भारतबीच सहकार्य गर्न सकिन्छ। द्विपक्षीय र उपक्षेत्रीय तहमा छलफल गरेर लाभ लिन सकिने अवस्था हुनसक्छ। भारतले नब्बेको दशकमा युरोपमा परियोजनाको प्रस्ताव बोकेर रोड सो गरेको थियो। नेपालले अब भारतमा यस्तै गर्नुपर्छ। लगानीका अवसर, परियोजनाको विवरण नै बोकेर प्रचार गर्नुपर्छ, भारतीय लगानीकर्ता आकर्षित हुनसक्छन्। औद्योगिक वातावरण भएको सन्देश दिनुपर्छ। *–नयाँपत्रिकाबाट*

## जिल्ला समाचार

### कृषि राज्यमन्त्री यादवको पाँच सुझाव

रौतहट । प्रदेश २ का कृषि, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले रौतहटमा भ्रष्टाचार चरम सीमा नाघेको बताउँदै यसलाई निर्मूल पार्नको निमित कलम चलानुपर्ने आवश्यकता रहेको बताएका छन् । गौरमा आयोजित पाँच दिवसीय आधारभूत पत्रकारिता तालिमको उद्घाटन समारोहमा सम्बोधन गर्दै राज्यमन्त्री यादवले शून्य शहनशीलतामा भ्रस्टाचारको अन्त्य गर्नुपर्ने प्रदेश सरकारको लक्ष्य भएकोले संस्थागत भएको भ्रस्टाचारलाई समाप्त पार्न पत्रकारहरूलाई भ्रस्टाचार गर्नेको क़ानूनी दायरामा ल्याउने कार्यमा सहयोग गर्नुपर्ने धारणा राखे ।

प्रदेश २ को ८ जिल्लामध्ये सबैभन्दा बढी अनियमीतता रौतहटमा भइरहेको राज्यमन्त्री यादवको कथन रहेको थियो । शिक्षा र स्वास्थ्यमा सबैभन्दा पछाडि परेका रौतहटको विकास भ्रस्टाचार समाप्त नभएसम्म विकास र रोजगारी हुन नसक्ने बताउँदै भ्रस्टाचारीलाई सामाजिक बहिस्कार गर्नुपर्ने उल्लेख गरे । समाज र राष्ट्रको विकासका लागि सत्यतथ्य समाचार लेख्न सुझाव दिँदै उनले आयोजक संस्थालाई पाँच बटा सुझाव दिए । राज्यमन्त्री यादवले संख्यात्मकभन्दा गुणात्मक पत्रकार उत्पादन, समाज र पेशाप्रतिको जवाफदेहिता हुनुपर्ने, पारदर्शीसँगै भ्रष्टाचारमुक्त जिल्लाको परिकल्पना गर्न सकिनु पर्ने क्षमता भएको, चौथो अंगलाई मर्यादित बनाउन सवल हुनुपर्ने र समन्वय भूमिका निर्वाह गर्दै अघि बढ्ने पत्रकार उत्पादन गर्न आग्रह गरेका छन् ।

### मेयर शुक्लाको ऐतिहासिक कार्य

रूपन्देही । रूपन्देहीको मर्चवारको सम्मरीमाई गाँउपालिकाको मेयर जितेन्द्र नाथ शुक्ला बब्लुले ऐतिहासिक कार्य गरेका छन् । मर्चवारको सम्मरीमाई गाँउपालिका सबैभन्दा पिछडिएको गाँउपालिकामध्ये एक हो । भैरहवाबाट त्यहाँ जाँदा साँझ ४ बजे र आउदाँ बिहान ८ बजे मात्र बसको सुविधा थियो । तर अहिले मेयर बब्लु शुक्लाको पहलबाट सिद्धार्थ यातायात व्यवसायी समितिद्वारा मर्चवारको थुमवादेखि काठमाडौका लागि रात्री बस सेवा सुचारू भएको छ । मर्चवारदेखि काठमाडौंसम्म रात्री बस सेवा सुचारू भएकोमा एक कार्यकम गरी सोको उदघाटन मेयर बब्लु शुक्लाले गरेका छन् । सो कार्यकममा स्वागत मन्तब्य अलाउदिन खानले गरेका थिए भने सिद्धार्थ यातायात व्यवसायी समिति अध्यक्ष संजिव रोक्का, महासचिव मोहनलाल भट्टराइको उपस्थिति थियो ।

### हिन्दू परिषदद्वारा नवमी कन्या पूजन

वीरगंज । हिन्दू परिषद् नेपाल केन्द्रीय समितिद्वारा भव्यताका साथ नवमी कन्या पूजन समारोह सम्पन्न भएको छ । गहवामाई पार्कमा भएको पूजन कार्यक्रममा सामूहिक रूपमा नवदेवीलाई पूजापाठ गरिएको थियो । हिन्दू धर्मको संस्कृति र संस्कारलाई आम हिन्दू समाजमा सहज रूपले जानकारी गराउनका लागि सामूहिक रूपमा विवाहित नवजोडीसँगै अन्य सहभागीले समेत माता दुर्गाको प्रतीक नव कन्यालाई पूजन गरेका थिए । कन्या पूजनसँगै गणेश पूजन, बैदिक हवन, आरती, देशमा सुख शान्ति हेतु कामना र हजारौ भक्तजनलाई प्रसाद वितरण गरिएको थियो । परिषदका संरक्षक पंडित पुरषोत्तम दुबेको सभापतित्वमा सम्पन्न कार्यक्रम भारतीय दूतावास वीरगंजको काउन्सुलर विनोद लोशालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

### गोइत समूहले गरायो विस्फोट

राम नारायण पंडित, सिरहा । सिरहाको लहानमा जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चा(क्रान्तिकारी)ले गराएको शक्तिशाली बम विस्फोटमा ६ भन्दा बढी घाइते भएका छ । सुनचाँदीको लागि अति ब्यस्त ब्यापारीक बजार मानिने लहान नगरपालिका ७ दुर्गा मन्दिर नजिक रहेको विकास ट्रेडर्स सुनचाँदी पसलमा बम बिस्फोट भएको छ । उक्त बिस्फोटमा परि एक बालक सहित ८ जना घाइते भएका छन् । पसलमा अपरिचित व्यक्तिले सामान सहितको झोला राख्न दिएको र उक्त झोलामा रहेको सामान केहीछिन पछि विष्फोट भएको पसलका संचालक विकास सारडाले बताए । विष्फोटको कारणले पसलमा लाखौको क्षति भएको अनुमान गरिएको छ । प्रहरी सो बम 'टाइम बम' हुन सक्ने आशंका गरेको छ । यता, विस्फोट जिम्मा गोइत समूहले विज्ञप्तिमा लिएको छ ।

### रिलीफ सोसाइटीद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण

वीरगंज । रिलीफ सोसाइटी अफ कमर्स वीरगंज, इम्पेक्ट नेपाल एवं त्रिवि शिक्षण अस्पताल काठमाडौंको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । रिलीफ सोसाइटीको भवनमा भएको शिविरमा २४१ जनाको कानको परीक्षण एवं ८६ जनाको शल्यक्रिया भएको थियो । इएनटी सर्जन प्रा.डा. बिमल कुमार सिन्हाको संयोजकत्व एवं गण्डक होस्पिटल बहुवरी वीरगंजको सहयोग सम्पन्न स्वास्थ्य शिविरमा ८६ जनाको शल्यक्रिया गण्डक होस्पिटलमा र कानको परीक्षण रिलीफ सोसाइटीको भवनमा भएको थियो । सोसाइटीले विगत १५ वर्षदेखी सो सेवा दिँदै आएको संस्थाका अध्यक्ष अशोक कुमार लाठले बताए । शिविर चैत ५ गतेबाट शुरू भएको थियो ।

### विवादरहित ईशनाथ नगरपालिका

रौतहट । रौतहट जिल्लामा रहेको १८ वटा स्थानीय तहहरूमध्ये ईशनाथ नगरपालिका वर्तमान अवस्थामा अरू स्थानीय तहभन्दा सहज र विवादरहित वातावरणमा संचालन भइरहेको पाइएको छ । ईशनाथ नगरपालिका बाहेक रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहमा कुनै न कुनै विवाद तथा प्राविधिक समस्याहरू देखा परेपनि ईशनाथ नगरपालिकामा आपसी तालमेलको वातावरण राम्रो रहेको हुँदा त्यहाबाट संचालन हुने सबै किसिमका सेवा सुविधाहरू चुस्त दुरूस्त तरीकाबाट संचालन भइरहेको पाइएको छ । देशैभरि पहिलो चरणमा स्थानीय तहको निर्वाचन भएको अन्य जिल्लाहरूमा दोस्रो नगरपरिषदहरू हुने क्रम चलिरहेको बेला रौतहट जिल्लाको ३ वटा स्थानीय तहले हालसम्म परिषद गर्न सकेको छैन भने ईशनाथ नगरपालिकाले रौतहट जिल्लाको दोस्रो परिषद समपन्न नगरपालिका भएको थियो ।

### संस्कृति जगेर्नाका लागि शसिया महासभा

सप्तरी । खत्वे जातिको पहिचान र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले सप्तरीको शम्भुनाथ ३ स्थित कचन्दाहामा शसिया महाराज महासभा २०७४ भएको छ । खत्वे जातिबाट सांसद बनेकी दुलारी देवी खंगको प्रमुख आतिथ्यमा सुरू भएको थियो । खत्वे जातिका कुल देवता शसिया महाराजका गुनगानको विषयमा प्रचार प्रसार तथा सन्देश प्रवाह गरिनुका साथै मुलुकमै पहिलो पटक खत्वे जातिका कुल देवताहरू मैयामातर, सुखतैर, शसिया महाराज, चिरैजी र निकुञ्जीया महाराजको मुर्ति र मन्दिरको स्थापना गरेको छ । मन्दिर उद्घाटनका लागि कलश यात्रामा हजारौं महिलाको सहभागिता थियो भने खत्वे स्वजातिहरूको उपस्थिति रहेको थियो । मूल आयोजक समितिका संयोजक रामेश्वर मण्डल खत्वेको सभापतित्वमा भएको कार्यक्रममा खत्वे जातिको उत्थानमा योग्दान गरेका ८० जना व्यक्तिहरूलाई दोसल्ला र सम्मान पत्रसहित सम्मान गरिएको थियो ।

### अभिमुखीकरण कार्यक्रम सम्पन्न

नेपालगन्ज । नेपालगन्ज उपमहानगरपालिका वडा नं १७ मा सहकारी व्यवस्थापनसम्बन्धि एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नेपाल मुस्लिम समाज विकास चेतना केन्द्रको आयोजना तथा एक्शन एड नेपालको साझेदारीमा संचालित स्थानीय अधिकार कार्यक्रम अन्तर्गत पछाडी पारिएका समुदायको चेतना अभिबृद्धि गर्दै जीवनस्तर उकास्ने उद्देश्यले गठन गरिएको रिफलेक्ट समूहमा हुँदै आएको बचतलाई निरन्तरता दिँदै सहकारीमा परिणत गरी दिगो बनाउनका लागि गठन गरिएको सद्भाव बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा शुद्धीकरण गरि सहकारी मार्फत एक जुट गराई आयआर्जनमा जोड्ने उद्देश्यले उक्त कार्यक्रम गरिएको हो । उक्त कार्यक्रमको अध्यक्षता नेपाल मुस्लिम समाजको अध्यक्ष मो.शेर बागवानले गरेका थिए भने बचत तथा जिल्ला सहकारी संघ लिमिटेड बाँकेका संचालक डम्मर मान श्रेष्ठले सहजीकरण गरेका थिए । उक्त कार्यक्रममा ३८ जनाको सहभागिता रहेको थियो ।


पश्चिमा राष्ट्र अन्तराष्ट्रिय संगठनहरू आफूलाई चेतनशील भन्नेले भरिएको छ। तर ती मध्ये कयौं अफ्रिकी र एशियाली देशका समस्यालाई जटिल बनाउनमा जिम्मेवार छन्, किनभने, ती असल देखिँदै बिषका थोपा चुहाउन खप्पिस छन्। ईयूको प्रतिवेदन पनि त्यही नै हो। **रविन्द्र मिश्र**


वैदेशिक रोजगारीमा गएकाहरूको मृत्यु जुनसुकै कारणले भएको भएता पनि यसमा राज्यको विशेष ध्यान जानुपर्छ। अत: आफ्नो मुलुकमा रोजगारी, व्यवसाय, जीवनयापनको सुनिश्चितता नभएर नै विदेशिन्छन् व्यक्ति त्यसबाट लाभ राज्यलाई जाने भएकोले राज्य पछिन्न मिल्दैन। **मोहना अन्सारी**


प्रदेश नम्बर ३ का मुख्यमन्त्री डोरमणि पौडेलले ठोरी (प्रदेश २) लाई प्रदेश ३ मा गाम्ने आश्वासन त्यही पुगेर दिए, के अब यसै गरी प्रदेश २ का मुख्यमन्त्रीले मधेशमा अन्य जिल्लामा 'संमग्र मधेश एक प्रदेश' को आश्वासन दिँदै हिड्न मिल्छ। हेक्का रहोस् प्रादेशिक सीमांकन नक्कली छ भन्नेहरू कम छैनन्। **चन्द्रकिशोर**


मधेशवादी दलले आन्दोलन र संघर्षको मार्गलाई त्यागेर विभेदित र कपटपूर्ण संविधानलाई आत्मसात गर्दै सत्ता राजनीतिमा अंशियार भएपनि उनीहरू सहजता पुर्वक प्रादेशिक शासन-सत्ता पनि संचालन गर्ने पाउने छैन। यो संविधानले प्रदेश सरकारको लागि आसनको व्यवस्था गरे पनि शासन गर्ने ठाउँ दिएको छैन। **काशिन्द्र यादव**


मधेशकी एउटी महिलाले चिच्याएर भन्दैछिन् "मेरो यौन शोषण भयो।" संसदकै गेटमै पनि चिच्याईन्। संचारकर्मीलाई पनि गुहारिन्। तर पार्टी मौन छ, प्रहरी प्रशासन मौन छ, महिला अधिकारकर्मी मौन छ। गल्ती जसको भएपनि न्याय हुनुपर्छ। के प्रदेश २ मा न्याय हराएको हो ? **सुरेश कुमार यादव**


जातको नाममा व्यवस्था गरिएको आरक्षणले दुषित हावा फ्याक्दैछ। बेलैमा नरोके जातीय नामको 'लु' लाग्नेछ। यसैको कारण भविष्यमा हुने जातीय नामको क्यान्सर रोक्न, जातीय आरक्षण होइन। गरिब र निमुखाहरूको लागी आरक्षण र अवसरको व्यवस्था गरौं। नत्र देश जातीय आरक्षणको दलदलमा फस्ने छ। **सरस्वती सुब्बा**


मधेशमा यादवहरू अछुत नभएता पनि शुद्रको पंक्तिमा गनिन्थ्यो। उनीहरूलाई पनि भोटेको बुद्धि हुँदैन भने जसरी मधेशीहरूमा असी बर्षसम्म बच्चै हुने उखानले कटाक्ष गरिन्थ्यो। यादवहरू अहिले उच्च जातीय पंक्तिमा उभिएका छन्। यसको पछाडि उनीहरूले शैक्षिक क्षेत्रमा गरेको उपलब्धि नै हो। **नविन ठाकुर**


ठोरीमा पहाडीहरू बस्ने भएकै कारण प्रदेश ३ मा सार्ने हो भने झापा, मोरङ, सुनसरी लगायतका मधेशी बाहुल जिल्लाहरू पनि प्रदेश २ मा त्यस्तै पश्चिमका मधेशी बाहुल जिल्लाहरू प्रदेश ५ सार्ने कुरा पनि गर्ने कि डोरमनी पौडेलजी। **सी.एन खड्ग**


हाम्रा पहिचानवादी जनजातिहरूले पहिले प्रचण्डलाई विश्वास गरे, जिल्ल परे। अहिले उपेन्द्र यादवले एमालेलाई छाँद हाले, टिल्ल परे। दिमागले गर्नुपर्ने राजनीति हृदयबाट गरिदिन्छन् अनि सँधै खिस्रिस्क पर्छन्। केही भयो कि 'पहिचान विरोधी जनजाति' भन्दै पाखुरा सुर्किहाल्छन्। **रञ्जित तामाङ**


जब तपाई कथित साना जातकाले वा कथित ठूला जातकाले सानासँग विवाह गरेको घटनालाई वीर गाथा जसरी प्रस्तुत गरेर समाचार बनाउनु हुन्छ तपाई आफै जातिय विभेद गरिरहनु भएको हुन्छ। **समा थापा**


मधेश फाउन्डेसन या भनौ नेपाल मधेश फाउन्डेसन दुइ नम्बर प्रदेशको आठ जिल्लामा सीमितको लागि मात्रै हो या तराई-मधेशको सबै जिल्लाको लागि हो ? किन मधेशी जनताको नाममा आएको सहयोग सबै जिल्लामा सदुपयोग हुन सकेको छैन ? **सन्तोषी साह**

## जनताको म्यान्डेट...

मधेशकेन्द्रित दल राजपा र फोरमलाई सरकारमा जाने म्यान्डेट दिएको छैन। तर, जुन किसिमले एमालेसँग सत्ताका लागि बार्गेनिङ्ग गर्दैछन् यसले गर्दा मधेशी जनतामा निराशा छाएको छ।' उनले भने, 'मधेशकेन्द्रित दलहरू राजपा र फोरमको सत्तामोहका कारण मधेशमा वैकल्पिक शक्तिको खोजी भइरहेको छ।'

## मुख्यमन्त्रीज्यू,...

सरकारहरूका लागि यो सुरूआती वर्ष त हुँदै हो, शून्य वर्ष पनि हो। शून्यबाट सुरू गर्नु चुनौतीरहित हुँदैन। ती चुनौती व्यवस्थापन गर्ने मूल दायित्व पनि प्रदेश मुख्यमन्त्री र मन्त्रीहरूकै हो। तर, आफ्नो प्रदेश सरकारको जग हाल्न गर्नुपर्ने र नगरी नहुने तयारीको गृहकार्यमा होइन, मुख्यमन्त्रीहरूको ध्यान केन्द्रीय सरकारले सहयोग गरेन भन्नेमै केन्द्रित देखिएको छ। त्यसैको परिणाम हो- सातवटै प्रदेशबाट आइरहेको भौतिक पूर्वाधार, कर्मचारी, बजेट, कानुन तथा नियम अभावको दुखेसो।

प्रदेश सरकार के हो र यसले के गर्नुपर्छ भन्ने प्रस्ट व्यवस्था संविधानमा छ। संविधानले प्रदेशलाई चिन्यो तर मुख्यमन्त्री र मन्त्रीहरूले चाहिँ संविधानलाई चिन्न नसकेर व्यर्थमा रोइलो गरिएको छ, यो देशकै लागि दुर्भाग्य हो।

संघ, प्रदेश र स्थानीय तहमध्ये पनि जनताका लागि संघीयताको सबैभन्दा मौलिक उपहारचाहिँ प्रादेशिक सरकार र संसद् नै हो। किनभने, देशले यसअघि प्रदेश सरकार र प्रदेश संसद् अभ्यास गरेको छैन। तर, मुख्यमन्त्री र नवनियुक्त मन्त्रीहरूका बोली-व्यवहारले देशले पहिलो पटक अभ्यास गरेको प्रादेशिक सरकारको महत्वलाई फितलो बनाउने जोखिम बढेको छ।

प्रदेश-६ को मन्त्रिपरिषद्ले राजधानी सुर्खेत अनि प्रदेशको नाम कर्णाली राखेर सकारात्मक सन्देश दिएको थियो। तर, त्यो सकारात्मक सुरूवातलाई प्रदेश २ ले अनुसरण गर्न सकेको छैन। प्रदेश २ को नाम के हुने, स्थायी राजधानी कहाँ राख्ने भन्ने विषयमा प्रदेश सरकारले बसह चलाउन सकेको छैन।

सांसद र मन्त्रीलाई खान बस्नै समस्या भएको लज्जाजनक गुनासोले मात्र प्रदेशको रेखा कोरिन्न। प्रदेश सरकारको प्रभावकारी सुरूवात गर्न नसकेका मुख्यमन्त्री र मन्त्रीहरूले प्रदेशले भोलेका समस्या केन्द्रले समाधान गरिदेओस् भन्ने अपेक्षा राखेका राख्नु संघीय सिद्धान्तको प्रतिकूल हो। त्यही अपेक्षाले गर्दा शायद मुख्यमन्त्री राउतले आफ्नो भूमिका बिर्सिएका हुन् कि ?

# भारतसँग नयाँ पीपीए हस्ताक्षर



काठमाडौं। नेपाल विद्युत प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर प्रसारण लाइनमार्फत भारतबाट आयात गर्न १५ महिनाको नयाँ विद्युत खरिद सम्झौता (पीपीए) गरेको छ। भारतको नयाँ दिल्लीमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको टोली र भारतीय पक्षबीच यही अप्रिल सन् २०१८बाट लागू हुने गरी १५ महिनाको पीपीए भएको हो। अब पीपीएको म्याद जुन २०१९सम्म रहने छ। गत २७ डिसेम्बर २०१७ मा नविकरण भएको पीपीएको म्याद १७ चैत (३१ मार्च)मा सकिँदैछ। प्राधिकरणका प्रवक्ता एवं विद्युत व्यापार विभाग प्रमुख प्रबल अधिकारीले पीपीए हस्ताक्षरपछि ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर प्रसारण लाइनमार्फत १२० मेगावाट विद्युत आयात सुनिश्चित भएको बताए।

नेपाल-भारत सचिवस्तरीय विद्युत व्यापार संयन्त्रको बैठकको निर्णयअनुसार प्राधिकरणले ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर प्रसारण लाइनमार्फत विद्युत आयात गरिरहेको छ। भारत सरकारले एनटीपीसी विद्युत व्यापार निगम (एनभीभीएन)लाई नोडल एजेन्सी तोकेको छ। प्राधिकरणले एनभीभीएनसँग विद्युत खरिद सम्झौता (पीपीए) गरी विद्युत आयात गरिरहेको हो। प्राधिकरणले व्यापारिकरूपमा, विद्युत आदान प्रदान सम्झौता (पावर एक्सेन्ज) र महाकाली सन्धी अन्तर्गतको विजुली भारतबाट ल्याइरहेको छ। व्यापारिकरूपमा ढल्केबर-मुजफ्फरपुर क्रसबोर्डर प्रसारण लाइनमार्फत र अन्य स्थानबाट पावर एक्सेन्ज अन्तर्गत भारतबाट विजुली ल्याइरहेको छ।

# नेपाल र भारतबीच असल छिमेकीको सम्बन्ध विस्तार गरिनेछ : परराष्ट्रमन्त्री



काठमाडौं। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले राष्ट्रियता र समानतालाई सर्वोपरि राखी सरकारले मित्रराष्ट्रसँग सम्बन्ध सुदृढ गर्ने बताएका छन्। नेपाल र भारतबीचको सम्बन्धलाई अझ बढी सुदृढ बनाउने र प्रधानमन्त्री केपी शर्मा ओलीको निकट भविष्यमा हुन लागेको भारत भ्रमणका बेला राष्ट्रहितका लागि उठाउनु पर्ने मुद्दाहरूका बारेमा काठमाडौंमा नेपाल भारत मैत्री समाजले आयोजना गरेको कार्यक्रममा परराष्ट्रमन्त्री ज्ञवालीले वर्तमान सरकारले झण्डै तीन चौथाइ जनमत प्राप्त गरेको र अब देशमा राजनीतिक स्थीरता आएकाले जनअपेक्षा अनुरूप सरकार पञ्चशीलको सिद्धान्तमा आधारित विदेश नीतिमा अघि बढने बताए।

उनले नेपाल र भारतबीच असल छिमेकीको सम्बन्ध अझ विस्तार गरिने उल्लेख गरे। कार्यक्रममा नेपालका लागि भारतीय राजदूत मञ्जित सिंह पुरीले नेपालको विकासमा भारत सबै किसिमको सहयोग गर्न तयार छ भन्दै नेपालले जलविद्युत, पर्यटन र लगानीमैत्रीमा जोड दिनुपर्ने सुझाव दिए।

# भ्रमणमा उपलब्धीमूलक कुरा हुन्छ : डा. भट्टराई



काठमाडौं। नेकपा एमालेका नेता एवम् नेपाल-भारत प्रवुद्ध समूहका नेपाल तर्फका सदस्य डा. राजन भट्टराईले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणमा आर्थिक विषयमा विशेष कुराकानी हुने बताएका छन्। काठमाडौंमा भएको साक्षात्कारमा बोल्दै नेता भट्टराईले भने,'प्रधानमन्त्रीले भारत भ्रमणको बेला थोरै विषयमा तर धेरै उपलब्धी हुनेगी कुरा गर्ने, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नेपालमा लगानी गर्नेबारे प्रधानमन्त्री ओलीले थोरै विषयमा धेरै महत्वपूर्ण उपलब्धी हासिल गर्ने गरी कुरा गर्नुहुन्छ।'

भट्टराईले भने,'वर्तमान सरकार छिमेकीसँग सम्वाद र सुमधुर सम्बन्ध बनाउन चाहन्छ, आजको अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुसार नै नेपालले आफ्ना सम्बन्धलाई बढावा दिन्छ, यही दृष्टान्तसहित हामी नेपाल-भारत र नेपाल-चीन सम्बन्धलाई अघि बढाउँछौं, समृद्धि हासिल गर्ने बाटोतर्फ अघि बढ्छौं।'

उनले प्रधानमन्त्रीको भारत भ्रमणसँग विगतमा भएका तितामीठा कुराहरूको अन्त्य हुनेछ उल्लेख गर्दै, अब नेपाल पारस्परिक हित र सम्मानका साथ अघि बढने स्पष्ट पारे। उनले प्रधानमन्त्रीको भारत भ्रमणको एजेण्डा तय गर्न अहिले आन्तरिक गृहकार्य समेत सुरू भइसकेको पनि जनाए। भारतसँग खास गरेर पूर्वाधार विकास, हवाई, विद्युत, जलस्रोत, कृषिसम्बन्धी जोडिएका विषयमा पनि कुरा हुन्छ हुने उनले बताए। नेता भट्टराईले चीन र भारतको आर्थिक विकासबाट नेपालले फाइदा लिनुपर्नेमा जोड दिए।

## आर्थिक समाचार

### बृज सिमेन्ट र केडिया फाउण्डेशबीन सम्झौता



काठमाडौं। बृज सिमेन्ट इण्डष्ट्रिज प्रा.लि तथा पुष्पतारा केडिया फाउन्डेशनको संयुक्त प्रयासमा मिरा हिमालय नामक संस्थाबीच तीन वर्षका लागि सम्झौता भएको छ। केडिया अर्गनाईजेशनको सामाजिक उत्तरदायीत्वअन्तर्गत नेपालको विकट हिमाली जल्लाहरूमा निशुल्क औषधी, प्राथमिक उपचार, शुलभ शिक्षा प्रदानकालागि मिरा हिमालयसँग संझौता भएको हो। सम्झौता पत्रमा पुष्पतारा केडिया फाउन्डेशनका अध्यक्ष मनोज केडिया र मिरा हिमालयका तर्फबाट एड्रिन हायसले हस्ताक्षर गरेका छन्। मिरा हिमालयले २०७२ को भूकम्प पछि हिमाली जिल्लाहरूमा काम गर्दै आएको छ। संझौता पत्रमा हस्ताक्षर गर्न आयोजित कार्यक्रममा अध्यक्ष मनोज केडियाले केडिया अर्गनाइजेशनले नेपालको विकास तथा समृद्धिको दिशामा सानो अंशमा भएपनि सहयोग गर्न पाइएकोमा खुसी व्यक्ति गरे। उनले संझौता अनुसार मिरा हिमालयललाई बार्षिक ५ लाख रूपैया पुष्पतारा केडिया फाउन्डेशनले प्रदान गर्ने बताए। पहिलो बर्षको रकम पनि हस्तान्तरण गरिएको छ।

### ग्लोबल आइएमईको वित्तीय साक्षरता

काठमाडौं। रामेछापको मन्थलीमा ग्लोबल आइएमई बैंकले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। मन्थलीको सहिद स्मृति बहुमुखी क्याम्पसमा भएको उक्त कार्यक्रममा बैंकका तालिम तथा बैकिङ्ग विज्ञ पूर्णमान नापितले स्थानीय विद्यार्थी, व्यापारी, सरकारी तथा गैह्र सरकारी कर्मचारी, आमा समुह तथा अन्य सर्वसाधरणलाई बैंक तथा वित्तीय क्षेत्रका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा १५० जना भन्दा बढीको उपस्थिति थियो। सहभागीहरूले ग्लोबल आइएमईले वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेर बैंक तथा वित्तीय संस्थाको आवश्यकता र औचित्यको बारेमा जानकारी प्रदान गरेकोमा बैंकप्रति आभार व्यक्त गरेको थिए।

### सिटिजन्सद्वारा वीरगन्जमा सेवा सञ्चालन

काठमाडौं। 'योर पार्टनर फर प्रोग्रेस' भन्ने नारालाई शिरोधार्य गरी अनवरत रूपले नेपाली जनताको घरदैलोमा बैंकिङ सेवा पुऱ्याउँदै आएको सिटिजन्स बैंक इन्टरनेशनलले चैत ११ गते आइतबारदेखि हाल रहेको कार्यालयभन्दा करिब एक सय ५० मिटर दक्षिणमा रहेको रानीसती मन्दिरसँग टाँसिएको आफ्नै सुविधा सम्पन्न भवनमा स्थानान्तरण गरी बैंकिङ कारोबार सञ्चालन गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले पूजा पाठ गरी बैंकिङ कारोबार सुरूवात गरेका हुन्। करिब छ हजार वर्ग फिटमा फैलिएको उक्त शाखाको उद्घाटन समारोहमा जिल्लाका उच्च पदस्थ सरकारी कर्मचारी, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरूको बाक्लो उपस्थिति रहेको थियो। बैंकले देशभर फैलिएर रहेका ६८ वटा शाखा, ६५ वटा एटीएम काउन्टर र ९९ वटा शाखारहित आधुनिक बैंकिङ सेवाहरूबाट सेवाग्राहीहरूलाई सेवा दिईरहेको छ।

### शिवम्ले साधारण सेयर बिक्री गर्ने

काठमाडौं। शिवम् सिमेन्ट लिमिटेडले जारी पूँजीको १२ प्रतिशत साधारण सेयर (आईपिओ) बिक्री गर्ने भएको छ। कम्पनीले स्थानीय वासिन्दाका लागि २ प्रतिशत तथा सर्वसाधारणका लागि १० प्रतिशत आइपिओ बिक्री गर्न लागेको हो। गत वर्ष धितोपत्र बोर्डले वास्तविक लगायत अन्य क्षेत्रले न्युनतम १० प्रतिशत सेयर सर्वसाधारणलाई निष्कासन गर्न पाउने व्यवस्था गरेपछि शिवम्ले पनि आईपीओ निष्कासनको प्रक्रिया अगाडि बढाएको हो। आईपिओ जारी गर्न शिवम् सिमेन्टले चैत ६ गते निवेदन दर्ता गराएकोधितोपत्र बोर्डले जनाएको छ। आईपिओ निष्काशनमा विक्री प्रबन्धकको काम सिद्धार्थ क्यापिटलले गर्नेछ। शिवम् सिमेन्टले ४ अर्ब ४० करोड रूपैयाँ जारी पूँजीको १२ प्रतिशत हुन आउने ५२ करोड ८० लाख रूपैयाँ बराबरको ५२ लाख ८० हजार कित्ता सेयर सर्वसाधारण र उद्योग प्रभावित स्थानीय बासिन्दाका लागि समेत निष्कासन गर्न लागेको हो। जसमध्ये आठ लाख ८० हजार कित्ता उद्योग प्रभावित स्थानीय बासिन्दाका लागि तथा ४४ लाख कित्ता सर्वसाधारणमा जारी हुनेछ। शिवम् सिमेन्टले प्रिमियम मुल्यमा सेयर निष्कासन गर्न लागेको हो। आईपिओ निष्कासन गर्ने शिवम् नेपालको पहिलो सिमेन्ट उद्योग हो।

## नेपाल-भारतको मित्रतापूर्ण सम्बन्धलाई चीनको समर्थन

काठमाडौं। नेपाल र भारतबीचको मित्रतापूर्ण सम्बन्धलाईलाई चीनले समर्थन गर्ने जनाएको छ। 'नयाँ दिल्ली, काठमाडौं र बेइजिङ एकअर्कामा महत्वपूर्ण छिमेकी हुन् र साझा विकासका लागि सँगै काम गर्न सक्छन्'-चीनले भनेको छ। चीनको विदेश मन्त्रालयका प्रवक्ता लु काङले राजधानी बेइजिङमा भने, 'स्वतन्त्र वैदेशिक नीति प्रति नेपालको प्रतिबद्धतालाई हामी सराहना गर्दछौ। छिमेकीहरूसँग नेपालको बढ्दो मित्रतापूर्ण र सकारात्मक सम्बन्धलाई पनि हामी सहयोग गर्दछौं।' 'चीन, नेपाल र भारत एक अर्कामा महत्वपूर्ण छिमेकी हुन्। सुमधुर अन्तरसंवाद स्थापित गरि साझा विकास हासिल गर्न तीनवटै मुलुकले सँगै काम गर्नसक्छन् भन्ने हामीलाई विश्वास छ', उनले भने।



## "उच्च आर्थिक वृद्धि हाँसिल गर्न भारत र चीनको लगानी अनिवार्य"

काठमाडौं। राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.मिनबहादुर श्रेष्ठले प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणमा लगानीको विषयमा विशेष कुरा हुने बताएका छन्। उनले भने,'आजको दिनसम्म हेर्दा, नेपालमा भारत र चीनको बढि लगानी छ, अब पनि हामीले लगानीमा जोड दिनुको साथै लगानी कुन क्षेत्रमा कसरी ल्याउने भन्नेबारेमा नै विशेष महत्व दिनुपर्छ।' काठमाडौंमा भएको साक्षात्कारमा बोल्दै श्रेष्ठले उच्च दरको आर्थिक वृद्धि हासिल गर्न भारत र चीनका साथै अन्य देशको लगानी आवश्यक रहेको स्पष्ट पारे। समृद्धि हासिल गर्ने गरी सरकारले आफ्ना पाईलाहरू चाल्नुपर्ने उनको सुझाव थियो।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं